वर्ष : १७, अंक : ७, काठमाडौं, २०७८ जेठ १४ गते शुक्रबार, 28 May 2021, Friday पृष्ठ : ८, मूल्य रु : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रु. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-५७०६१४१, ९८०१२५०२४

ई-मेल : madheshmediahouse@gmail.com

## नागरिकता अध्यादेशको स्वागत

काठमाडौं । नेपाल सरकार मन्त्रिपरिषद्को सिफारिशमा राष्ट्रपति विद्यादेवी भण्डारीद्वारा आइतबार जारी नेपाल नागरिकता अध्यादेशको मधेशलगायत देशैभर स्वागत गरिएको छ । वर्षौंदेखि अनागरिकको जीवन बिताइरहेकाहरुले अब नागरिक बन्न पाउने भएका छन् । यस अवसरमा मधेशभरि दीपावलीसमेत मनाइएको छ । मधेशभरि दीपावली मनाउँदै प्रधानमन्त्री केपी शर्मा ओली र जनता समाजवादी पार्टी नेपालका अध्यक्ष महन्थ ठाकुर र वरिष्ठ नेता राजेन्द्र महतोलगायतको जय-जयकार पनि गरिएको छ । यता, नागरिकता अध्यादेशको विरुद्धमा जसपाकै अर्को गुट उपेन्द्र यादव र बाबुरामहरु असन्तुष्ट देखिएका छन् । उपेन्द्र करिब दुई वर्षसम्म ओली सरकारमा बसेर पनि केही गर्न सकेनन् तर महन्थ र राजेन्द्रहरु सरकारबाहिर भए पनि मागहरु सम्बोधन गराउँदै छन् । मधेशका माग र एजेन्डालाई राजनीतिक हतियारको रुपमा मात्र प्रयोग गर्दै आएको उपेन्द्र एजेन्डा नै समाप्त हुन थालेपछि विरोधमा उत्रिनु स्वाभाविक नै रहेको मधेशी बुद्धिजीबीहरुको तर्क छ ।

## जनमतद्वारा स्वागत

काठमाडौं । जनमत पार्टीका नेता ललित मल्लिक सानुले राष्ट्रपति विद्यादेवी भण्डारीद्वारा जारी नेपालको नागरिकता अध्यादेशलाई स्वागत गरेका छन् । नेता मल्लिकले नागरिकता अध्यादेशलाई मन्त्री पदका लागि भऱ्याङ मात्र नबनोस् भन्ने सचेत पनि गराएका छन् । सामाजिक सञ्जालमा उनले भनेका छन्, 'चाहे जुनसुकै परिस्थिति वा स्वार्थले होस् नागरिकता सम्बन्धि केही समस्या समाधानका लागि नागरिकता सम्बन्धि अध्यादेश जारी हुनुलाई स्वागत गरिनैपर्छ र त्यो अर्थमा मधेशी भएको नाताले पनि स्वागत गर्दछु ।' संसद जीवित रहदासम्म जुन सरकारले नागरिकता कानून बनाउन कुनै तदारुकता देखाएन त्यसले संसद विघटनपश्चात नागरिकता समस्या समाधान गर्ने हेतुले अध्यादेश जारी गर्यो भंन्नेमा प्रशस्त शंका रहेको उनले उल्लेख गरेका छन् । 'तर पनि अध्यादेशको तुरुन्त र प्रभावकारी कार्यन्वयन होस् र नागरिकता नपाएकाहरुले बिना झन्झट नागरिकता पाउन भन्ने शुभकामना ।' उनले भनेका छन् ।

# जसपामा स्पष्टीकरण विरुद्ध स्पष्टीकरण

## ठाकुर र यादवले सोधे एकअर्कालाई प्रष्टीकरण, एकता नहुँदै फुटको डिलमा पुग्यो

काठमाडौं । जनता समाजवादी पार्टी (जसपा) नेपालमा एक पक्षले अर्को पक्षलाई स्पष्टीकरण सोध्ने क्रम सुरु भएपछि पार्टी औपचारिक रुपमा विभाजन हुन मात्र बाँकी रहेकोछ । जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले जसपा नेपालका अर्का अध्यक्ष महन्थ ठाकुरलाई नौ बुँदे, वरिष्ठ नेता राजेन्द्र महतोलाई ६ बुँदे, कार्यकारिणी सदस्य लक्ष्मणलाल कर्ण र सर्वेन्द्रनाथ शुक्ललाई ५-५ बुँदे स्पष्टीकरण सोधेका छन् । उनीहरुको व्यक्तिगत मेल तथा ह्वाट्स एपमा सो स्पष्टीकरण पत्र पठाइएको हो ।

यादवले स्पष्टीकरण मागेपछि अध्यक्ष ठाकुरले पनि जवाफमा यादवलाई उल्टै सात बुँदे स्पष्टीकरण सोधेका छन् । दुवै पक्षले एक अर्कालाई स्पष्टीकरण सोधपनि हालसम्म कसैले जवाफ भने दिएका छैनन् ।

ठाकुरलाई सोधिएको स्पष्टीकरण पत्रमा कार्यालय सचिव प्रकाश अधिकारीको हस्ताक्षर रहेको छ भने उपेन्द्र यादवलाई सोधिएको पत्रमा अध्यक्ष ठाकुरको हस्ताक्षर रहेको छ । अध्यक्ष ठाकुरलाई स्पष्टीकरण सोध्ने निर्णय जेठ ८ गते नै भएको थियो । पार्टीको विधान धारा ४९ बमोजिम अध्यक्ष ठाकुरलाई स्पष्टीकरण सोधिएको यादव पक्षले जनाएको छ । स्पष्टीकरण सोधिएको मितिदेखि ३ दिनभित्र चित्त बुझ्दो जवाफ नदिए विधान अनुसार कारवाही गर्ने पत्रमा उल्लेख छ । महन्थ ठाकुरले पनि पार्टी विधानको दफा ४९ बमोजिम नै स्पष्टीकरण सोधेका छन् । यादवले सोधिएको स्पष्टीकरणको म्याद सकिएको छ तर ठाकुरले कुनै जबाब दिएका छैनन् ।

गत वर्ष बैशाख ११ मा समाजवादी पार्टी र राष्ट्रिय जनता पार्टी(राजपा) मिलेर जसपा बनेको हो । पार्टी एकीकृत भएदेखि नै मनमुटाव चल्दै आएको छ । अहिले सरकारमा जाने विषयमा देखिएको दुई धारलाई बल पुग्नेगरी विभाजनको संकेत देखिएको हो ।

अहिले स्पष्ट रूपमा पूर्वसमाजवादी पार्टीका नेतृत्वकर्ताहरू अहिले जसपा अध्यक्ष उपेन्द्र यादव र संघीय परिषद् अध्यक्ष पूर्वप्रधानमन्त्री डा.बाबुराम भट्टराई वर्तमान केपी शर्मा ओली नेतृत्वको सरकारमा कुनै पनि हालतमा जान नहुने पक्षम छन् । तर पूर्वराजपा समूह र अहिले जसपा अध्यक्ष महन्थ ठाकुर र वरिष्ठ नेता राजेन्द्र महतोलगायतका नेताहरू भने पार्टीबाट निर्वाचित निलम्बित सांसद रेशम चौधरीलगायत २०८ नेता कार्यकर्ताका मुद्दा फिर्ता लिने प्रक्रिया प्रधानमन्त्री ओलीले सुरु गरेको भन्दै सरकारमा सहभागी हुने बताइरहेका छन् ।

जसपामा ५ शीर्ष नेताहरू भन्नाले अध्यक्षद्वय यादव र ठाकुर, संघीय परिषद् अध्यक्ष





डा. भट्टराई, र वरिष्ठ नेताद्वय अशोक राई र महतोलाई बुझिन्छ । अहिलेसम्म जसपामा यी ५ नेताको मात्रै वरीयता टुंगिएको छ ।

अहिले ठाकुर र महतोले सकभर पार्टी पूरै सरकारमा जाने वातावरण निर्माण गर्ने, नभए पूर्वराजपा र गत बैशाखमा समाजवादी पार्टी फोड्न तयार भएकालाई मिलाएर पार्टी फोड्ने तयारीमा छन् ।

अहिले त्यसबेला पार्टी फोड्न तयार भएकाहरू ठाकुर र महतोसँग निकट रहेका छन् । त्यसबेला समाजवादी पार्टीका प्रदीप यादव, उमाशंकर अरगरिया, विमल श्रीवास्तव, डा.

*बाँकी अन्तिम पृष्ठमा*

### ठाकुरले सोधेको सात बुँदे स्पष्टीकरण

१. पार्टी एकता भएदेखि नै समायोजनमा रुची नलिइ विभिन्न जिल्लाहरुमा पार्टी एकता विरोधी गुटगत रुपमा बैठक, प्रशिक्षण, गोष्ठी, भेला जस्ता गतिविधिहरु किन सञ्चालन गर्नुभयो ?
२. मेरो जानकारी वेगर अनधिकृत रुपमा पार्टीको केन्द्रीय कार्यकारिणी समितिको तथाकथित बैठक बसी लुम्बिनी प्रदेशका ४ जना प्रदेशसभा सदस्यहरुलाई किन निष्काशन गर्नुभयो ?
३. तपाईंले मिति २०७८-०२-०७ गते पार्टीद्वारा जारी गरिएको सर्कुलर बमोजिम कोभिड १९ को महामारीको बढ्दो संक्रमणले २०७८-०२-०८ र ९ गते निर्धारण गरिएको बैठक स्थगित गरिएकोमा कुन कारण र मनसायका साथ केन्द्रीय कार्यकारिणी समितिको बैठक बोलाई एकल अध्यक्षता गरी पार्टी हित विपरित निर्णयहरु गर्नुभयो ?
४. पछिल्लो समयमा मैले रोक्दा रोक्दै अनधिकृत रुपमा एकल अध्यक्षतामा निरन्तर पार्टीको केन्द्रीय कार्यकारिणी समितिको तथाकथित बैठकहरू बसी पार्टी हित विपरित विभिन्न खाले निर्णयहरु किन गर्नुभयो ?
५. विगतका दिनहरुमा पार्टी र पार्टी सम्बद्ध मोर्चा तथा संगठनद्वारा गरिएको संघर्ष र आन्दोलनको क्रममा आन्दोलनकारी साथीहरुमाथि लगाइएका झुठा मुद्दा फिर्ता, बन्दी रिहाइ, उत्पीडित जातजाति र समुदायहरुको समानुपातिक समावेशी प्रतिनिधित्व, समानता, पहिचान र अधिकार प्राप्तिको निम्ति अपूर्ण रहेको संविधान संशोधन, नागरिकता सम्बन्धी समस्याको समाधान गर्ने उद्देश्यले गठित कार्यदलका सदस्यहरु श्री लक्ष्मणलाल कर्ण र श्री सर्वेन्द्रनाथ शुक्लले माग मुद्दा समाधान गराउने सवालमा जनभावना अनुरुप सकारात्मक कामहरु गरिरहेको अवस्थामा तपाईंलाई किन ठेस पुग्यो र के कारणले अनुशासनको कारवाही प्रक्रिया अगाडि बढाउनुभयो ?
६. तपाईंले मिति २०७८ जेठ ६ गते संसदीय दलद्वारा गरिएको निर्णय बमोजिम संविधानको धारा ७६ (५) अनुसार प्रतिनिधिसभा सदस्य श्री केपी शर्मा ओलीलाई समर्थन गर्नुपर्नेमा त्यसको विपरित विपक्षी गठबन्धनका उम्मेदवार श्री शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाउने प्रस्तावमा मिति २०७८ जेठ ७ गते किन र कुन कारणले हस्ताक्षर गर्नुभयो ?
७. तपाईंले सर्वोच्च अदालतमा पार्टीको निर्णय बेगर विपक्षी गठन बन्धनको रिटमा किन हस्ताक्षर गर्नुभयो ?

### यादवले सोधेको नौ बुँदे स्पष्टीकरण

१. प्रधानमन्त्री केपी शर्मा ओलीको संसद विघटन गर्ने अलोकतान्त्रिक, असंवैधानिक र प्रतिगमनकारी कदमलाई पार्टी निर्णय र नीति विपरित किन साथ दिएको ?
२. पार्टी केन्द्रीय कार्यकारिणी समितिको बैठक वेवास्ता गर्ने, अनुपस्थित हुने र आफ्नो समर्थकलाई मात्र बोलाई पार्टी विधान र आचारसंहिता विपरित गुटबन्दीपूर्ण क्रियाकलाप किन गरेको ?
३. पार्टीको केन्द्रीय कार्यालय बालकुमारी ललितपुरमा हुँदा हुँदै छुट्टै कार्यालय सञ्चालन गर्ने कार्य किन गरेको ?
४. पार्टीको निर्णयबिना राष्ट्रपति कार्यालय, निर्वाचन आयोग, संसद सचिवालयमा पार्टीको तर्फबाट पत्रहरू लेख्ने पठाउने कार्य किन गरेको ?
५. जेठ ३ गते दुई अध्यक्षले जारी गरेको ८ बुँदे सहमतिको विज्ञप्ति पालना किन नगरेको ?
६. पार्टी विधानको धारा २८ बमोजिम संसदीय दलको विधान नबनिसकेको अवस्थामा राजेन्द्र महतोलाई किन र के आधारमा संसदीय दलको नेता घोषणा गरी संघीय संसदलाई पत्र पठाएको ?
७. पार्टीको आधिकारिक निर्णयबिना सरकारसँग वार्ता गर्ने भनेर लक्ष्मणलाल कर्ण र सर्वेन्द्रनाथ शुक्ललाई सरकारसँग वार्ता कार्यदलमा किन पठाएको ?
८. विधानमा नभएको व्यवस्थालाई आफूखुशी स्वेच्छाचारिता लाद्ने र पार्टीलाई आफ्नो पाकेटको बनाउने कार्य एवम् क्रियाकलाप किन गरेको ?
९. उपरोक्त विषयहरूका आधारमा तपाईंबाट पार्टीमा गुटबन्दी गर्ने र अनुशासन भंग गर्ने गराउने कार्य भइरहेको तपाईंमाथि पार्टी विधानको धारा ४९ बमोजिम अनुशासन सम्बन्धी कारवाही किन नगर्ने ?

## 'मधेशका मागहरू सम्बोधन हुँदै गर्दा उपेन्द्र-बाबुरामलाई किन छट्पटी ?'

काठमाडौं । मधेश र मधेशीको माग र मुद्दालाई जहिले पनि सत्ताको भऱ्याङ बनाउँदै आएका उपेन्द्र यादव समूहलाई ठूलो बज्रपात परेको छ । आफू ओली नेतृत्वकै सरकारमा २१ महिनासम्म बस्दा एउटा सिन्कोसमेत भाँच्न नसकेको उनी निकटका नेताहरुको आरोप छ ।

उपेन्द्र यादव सरकारमा रहँदा विदेश भ्रमणलाई बढी प्राथमिकता दिएका थिए । उनले कहिल्यै पनि मन्त्रिपरिषद्को बैठकमा मुद्दाहरु सम्बोधनबारे चुँसम्म नबोलेको तत्कालीन फोरमका नेताहरुले गुनासो गर्दै आएका थिए ।

मुद्दालाई प्राथमिकतामा राखेर चट्टानी अडानका साथ उभिएका महन्थ ठाकुरका कारण मधेश आन्दोलनका मुद्दाहरु आज सम्बोधन भइरहेका छन् । तर उपेन्द्र समूहलाई यो अपच भइरहेका छन् ।

'भेष बद्लेर मधेशतिर' लागेका डा.बाबुराम भट्टराई पनि यो पचेको छैन । केपी ओलीको सरकारले आन्दोलनकारीहरुमा लगाइएका झुठा मुद्दा फिर्ता, नागरिकता समस्या समाधान र संविधान संशोधनका लागि कार्यदल बनाउँदा उपेन्द्र-बाबुराम खुलेरै विरोधमा उत्रेका छन् ।

जनता समाजवादी पार्टी नेपाल (उपेन्द्र यादव पक्ष) ले पार्टीका कुनै पनि सदस्य सरकारमा सहभागी भए पार्टीबाट स्वतः निष्कासित हुने निर्णय गरेको छ । सो पार्टीका प्रचार-प्रसार विभाग प्रमुख डम्बर खतिवडाद्वारा जारी गरिएको विज्ञप्तिअनुसार पार्टी विरोधी गतिविधिमा संलग्नताबारे आवश्यक सूचना संकलन गर्ने र यथोचित कारवाही प्रक्रिया अगाडि बढाउने निर्णय गरिएको छ ।

पार्टीको आइतबार बसेको कार्यकारिणी समितिको बैठकले जसपाको नीति, सिद्धान्त, विचार, एजेण्डा, विधान र कार्यदिशा विपरित कार्य गर्दै गराउँदै हिँडेका नेताहरु महन्थ ठाकुर, राजेन्द्र महतो, लक्ष्मणलाल कर्ण र सर्वेन्द्रनाथ शुक्लालाई पार्टी विधान र नियमावली बमोजिम स्पष्टीकरण सोध्ने निर्णय समेत गरिएको विज्ञप्तिमा उल्लेख छ ।

बैठकले पार्टीको बैठक बोलाउने र निर्णय प्रमाणित गर्ने लगायतका अधिकार कार्यकारी अध्यक्ष उपेन्द्र यादवलाई दिने निर्णय समेत गरेको विज्ञप्तिमा जनाइएको छ । कार्यकारिणी समितिले पार्टी संसदीय दलको विधान अनुमोदन नगरेको हुँदा कुनै अमूक व्यक्ति संसदीय दलको नेता भएको अफवाह बिल्कुलै झुठो रहेको उल्लेख गर्दै लक्ष्मणलाल कर्ण र सर्वेन्द्रनाथ शुक्ल सदस्य हुने गरी कुनै कार्यदल पार्टीमा नबनाइएको समेत विज्ञप्तिमार्फत स्पष्ट पारिएको छ ।

जेठ ७ गते मध्यरातमा महन्थ ठाकुरले राष्ट्रपतिको कार्यालयमा जनता समाजवादी पार्टीको नामबाट दर्ता गराएको भनिएको पत्र फर्जी भएको र त्यसको कुनै कानुनी तथा वैधानिक हैसियत नहुने समेत बैठकले प्रष्ट पारेको छ । बैठकले अघिल्लो प्रादेशिक तथा स्थानीय निर्वाचनमा पार्टीको टिकट र चुनाव चिन्ह लिइ निर्वाचनमा विजय भइ जनप्रतिनिधि भएका तर यस बीचमा पार्टी परित्याग गरी अन्य पार्टीमा सामेल भएका र पार्टी अनुशासन पालना नगरी पार्टी हित विपरित कार्यहरु गर्नेहरूमाथि प्राप्त सूचनाका आधारमा आवश्यक छानविन गरेर यथोचित कारवाही प्रकृया अगाडि बढाउने निर्णय गरेको विज्ञप्तिमा उल्लेख छ ।

## भाजपा विदेश विभाग प्रमुख चौथाईवालेसँग राजदूत आचार्यको भेट



नयाँदिल्ली । भारतको सत्तारुढ दल भारतीय जनता पार्टी (भाजपा) का विदेश विभाग प्रमुख विजय चौथाईवालेले भारतका लागि नेपाली राजदूत निलाम्बर आचार्यसँग भेटवार्ता गरेका छन् । नयाँदिल्लीको बाह्रखम्बास्थित नेपाली दूतावासमा भएको करिब एक घन्टा लामो भेटवार्ता चौथाईवाले र आचार्यबीच खोप र अक्सिजन लगायतका अत्यावश्यक स्वास्थ्य सामग्रीको आपूर्ति विषयमा केन्द्रित रहेको दूतावासले जनाएको छ । चौथाईवालेले कोरोना महामारी नियन्त्रणका लागि नेपालले भारतबाट केके सहयोगको अपेक्षा राखेको भन्नेमा जिज्ञासा राखेका थिए । 'विशेषगरी कोरोना महामारी र खोप एवं अन्य अत्यावश्यक सामग्री आपूर्तिका विषयमा छलफल भयो,' राजदूत आचार्यले बताए । भारतको सेरम इन्स्टिच्युटले आपूर्ति गर्न बाँकी दश लाख खोप विषयमा पनि छलफल भएको उनले जानकारी दिए । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र गृहमन्त्री अमित शाहका विश्वासपात्र चौथाईवालेको राजदूत आचार्यसँगको भेटलाई नेपालमा विकसित राजनीतिक घटनाक्रमको पृष्ठभूमिमा अर्थपूर्ण ठानिएको छ । राजदूत आचार्यका अनुसार नेपालको राजनीतिक घटनाक्रमाका बारेमा चौथाईवालले भारत सरकारकै धारणा दोहोऱ्याएका थिए ।

## उपेन्द्र समूहको बैठकका निर्णयलाई मान्यता नदिन निर्वाचन आयोगलाई जानकारी

काठमाडौं । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष महन्थ ठाकुरले दोस्रो वरियताका अध्यक्ष उपेन्द्र यादव समूहको केन्द्रीय कार्यकारिणी समितिको बैठकलाई अवैधानिक बताएका छन् । अध्यक्ष ठाकुरले यादव समूहको तथाकथित गोप्य स्थानमा भएको बैठकको कुनै अर्थ नरहेको विज्ञप्तिमार्फत् जनाएका छन् । जसपा केन्द्रीय कार्यकारिणी समितिको पूर्वनिर्धारित जेठ ८ र ९ गतेको बैठक बढ्दो कोरोना महामारीका कारण अध्यक्ष ठाकुरले अनिश्चितकालका लागि स्थगन गरेका थिए । तर यादव पक्षले गोप्य स्थानमा बैठक गरी अध्यक्ष ठाकुरसहित चार जनासँग स्पष्टीकरण सोध्ने निर्णय गरेको थियो । 'जसपा नेपाल केन्द्रीय कार्यकारिणी समितिको भनिएको बैठक र त्यस्तो कथित बैठकबाट गरिने सबै निर्णयहरु अमान्य हुने व्यहोरा निर्वाचन आयोगलाई समेत जानकारी गराइएको छ ।' अध्यक्ष ठाकुरले आइतबार विज्ञप्ति जारी गरी भनेका छन् । उपेन्द्र समूहको निर्णयहरुलाई मान्यता नदिन जसपाको पत्र आइतबार दिउँसो ३ केन्द्रीय कार्यकारिणी समिति सदस्य डा.सुरेन्द्र झाले कान्तिपथस्थित आयोगको कार्यालयमा दर्ता गराएका थिए ।

## अराजकता र अस्थिरतावादीकै कारण देश मध्यावधि निर्वाचनमा जान बाध्य : पूर्वमन्त्री साह

काठमाडौं । निवर्तमान शहरी विकास मन्त्री प्रभु साहले अराजकता र अस्थिरतावादीकै कारण देश मध्यावधि निर्वाचनमा जान बाध्य भएको बताएका छन् । शुक्रवार संविधानको धारा ७६ को उपधारा ५ बमोजिम नयाँ सरकार नबनेपछि राष्ट्रपति विद्यादेवी भण्डारीले संसद विघटन गरेर मध्यावधि निर्वाचन घोषणा गरेपछी प्रतिक्रिया जनाउदै निवर्तमान मन्त्री साहले अस्थिरता र अराजकता मच्चाउन खोज्नेहरुको अतिवादको कारण देश ताजा जनादेशमा जान बाध्य भएको बताए । संसदीय मुल्य मान्यता, विधि विधान र दलिय अनुशासन कुरा गर्नेहरुले नै त्यस विपरीतको गतिविधि देखाएर देशलाई बन्धक बनाएको तथा अराजक र अस्थिरतावादी फैलाउने हर्कतले हद नाघेपछि देश मध्यावधिमा गएको बताए । देशमा स्थिरता चाहने कोही पनि लोकतन्त्रवादीहरुले चुनावको विरोध गर्न नसक्ने बताए । "तपाईं हेर्न सक्नुहुन्छ, बहुमतको मातहतमा अलपमत रहने दलीय प्रणाली मान्छौ भन्नेहरु जसपाको १२ जनाले २० जनामाथि, नेकपा( एमाले) को २६ जनाले ९५ जनामाथि शासन गर्ने लालसासाथ आफ्नो दलको विरुद्ध अरु दलको नेतालाई प्रधानमन्त्री बनाउन तल्लीन छन । आफुलाई संसदको जननी भन्ने कांग्रेसले संसदीय अभ्यास र मर्यादा विपरीत अरु दलको सांसदको हस्ताक्षरको दुरुपयोग गर्ने अप्राकृतिक ढंगले प्रधानमन्त्री बन्न खोज्ने जस्ता हर्कतहरु देखाईरहेका छन् ।" नेता साहले भने, "त्यति मात्र होइन, एकातिर दलीय अनुशासनको नाममा सांसदलाई पैकेटमा लिएर हिडने र बिनाकारण स्वेच्छाचारी ढंगले मन नपर्ने सांसदलाई बर्खास्त गर्ने, अर्कोतिर स्वतन्त्रको नाममा आफ़नो पार्टीको बिरुद्ध अर्को पार्टीको नेतालाई प्रधानमन्त्री बनाउन हस्ताक्षर समेत गर्ने , यी दुबै किसिमको अतिवाद छ । यी र यस्ता हर्कत गर्ने अराजक र अनैतिकवादीहरुको कारण नै आज देश मध्यावधिमा जान बाध्य भएको छ ।

## जसपाले अपनाएको 'आत्मघाती', 'बिखण्डित' र 'तटस्थ' सहयात्राको के अर्थ ?



**जयप्रकाश गुप्ता**

तिम्रो साथी पनि थिए...मतदाता पनि..! तर, मेरो प्रश्न छ !
मुलुक दुर्भाग्यको खाडलमा धकेलियो। यसका अनेक पात्रहरू भए । 'सिखण्डी' बनेका एक पात्र र एक पक्षको रूपमा ३जसपा पनि रह्यो । जसपा वा यस अघिका राजपा तथा संघीय फोरमका नामहरूबाट पटक पटक बिभिन्न सरकारहरूमा सहभागी भएकै हुन् । हरेक पटक "मधेशका मुद्दाहरू" लाई तर्पण दिने भनी सरकारमा गएकै हुन् । अतितका सबै मुद्दा बिसर्जन र सत्ताका अगाडीको समर्पणलाई अबोध र अवचेतन मधेशी समुदायले क्या बात भनेकै थिए । मधेश नामबाट व्यापार र मधेश भवनहरूबाट अविच्छिन्न राजपाट सब चलेकै थियो ।
तर, अपवाद बाहेक यिनका कृयाकलापहरू देशलाई नै 'बरमुडा ट्र्यांग्लर' मा खसाली दिने काम भएको थिएन। आफैले मलजल दिनु पर्ने संघीयतालाई निमोठि दिने काम भएको थिएन । छुट्याएको मानो भन्दा धेरै बढी खान पाएर बक्रतुण्ड हुदै थिए-मधेशका यी पुराना कृशकाय, सुदामा र शिशुपालहरू। यिनी यदाकदा गर्व गर्थे, मधेशीहरूले मुलुक बेचेका छैनन भनेर । यसो बोल्दा संसदमा दुर्योधनहरू शीर निहुराउथ्यो । साख बचाएकै थिए। तर, मुलुकमा दैनिक दुई हजार-पच्चीस सय निरपराध नेपालीहरू अकाल मृत्यूको शिकार भैरहेको कहाली लाग्दो अवस्थामा, देशको सबै खाले बेथितीहरूको लागि संघीयतालाई नै दोषि ठहर्याई रहिएको अवस्थामा, शासकीय खुला समर्थन गरेको भए-शायद संसद बिघटनको बाटो अवरूद्ध हुन्थ्यो। यौटा प्रजातान्त्रिक मधेशी दलको एकिकृत पहलबाट प्रजातन्त्रका लागि 'सर्वाधिक महत्वपूर्ण' संस्था संसदको यो अकाल हत्या हुने थिएन। रोक्न सकिन्थ्यो । रोक्न न सकिने भएपनि त्यो बिघटनमा

**जसपा एक पार्टीको रूपमा, भावनात्मक रूपमा एक पनि रहेन । संविधानमा संशोधन गराउँछु भन्थ्यो, संविधान संशोधनको मातृस्थल संसदको बध गरायो ।**

प्रतिगमनकारीहरू बलियो हुदै गैरहेको अवस्थामा; मधेशी दल, जसपा यौटा 'किंगपीन' हुन सक्थ्यो। जसले, जसको सकारात्मक पहलबाट बिचलनका लागि उद्यत् राजनीतिक उन्मादलाई लीकमा राख्न सकिन्थ्यो ।
जसपाले बिकृत राजनीतिका विध्यमान दुई धार मध्ये कुनै एक धारलाई सहयोग गरेको भए पनि कि त बैकल्पिक सरकार बन्ने थियो, कि प्रधानमंत्री ओलीलाई नै पुनर्जीवनको ठूलो शक्ति हुन्थ्यो ।
जसपा एक पार्टीको रूपमा, भावनात्मक रूपमा एक पनि रहेन । संविधानमा संशोधन गराउँछु भन्थ्यो, संविधान संशोधनको मातृस्थल संसदको बध गरायो । सांसद रेशमलाल चौधरीलाई रिहा गराउँछु भन्थ्यो, रेशमलालको सांसद भै फर्किएर आफुले भोगेको अन्यायको बारेमा बोल्ने संसद नै रहेन । रेशमलाल जेल मै रहे पनि सांसद थिए, रेशमलालको त्यो शक्ति पनि जसपाले समाप्त पारे। मधेशका आन्दोलनकारीहरू उपर लगाईएका सय/पचास मुद्दाहरू फिर्ता गराए । यही ऐतिहासिक उपलब्धि हुन त ? आखिर के उपलब्धि पायो त? सय/पचास मुद्दा फिर्ता र मसी सुक्न नपाउदै मेटेर जाने आत्ममुघ्ततापूर्ण उपलब्धिको नाममा देशले यत्रो मूल्य चुकाउनु पर्यो !
म जान्न चाहन्छु कि आखिरकार जसपाले अपनाएको 'आत्मघाती' 'बिखण्डित' र 'तटस्थ' सहयात्राको के अर्थ?

# सम्पादकीय



## विभाजनको दलदलमा जसपा

संघीय संसदको चौथो ठूलो शक्ति, जनता समाजवादी पार्टी(जसपा) स्पष्ट दुई धारमा विभाजित भएको छ। निर्णायक क्षणमा सत्ता उलटपुलट हुने धेरैको आकलन छ। अहिले जसपाभित्र गम्भीर संकटमा परेको छ। सत्ताको चाबी लिएर बसेको जसपा विभाजनको डिलसम्म पुग्ने र फर्कने भइरहेको थियो। फेरि अब यो पार्टी बिभाजनको डिलमा पुगेको छ। एउटै पार्टी भित्र बाबुराम भट्टराई-उपेन्द्र यादव र महन्थ ठाकुर-राजेन्द्र महतो पक्षले दुई भिन्न पार्टीको जस्तो अभ्यास अघि बढाएपछि अब चाहिँ जसपा साँच्चिकै फुट्ने अड्कलबाजी हुन थालेको छ। विषय सिधै सरकारसँग जोडिएको छ। महन्थ-राजेन्द्रपक्ष प्रधानमन्त्री ओलीको पक्षमा निरन्तर लागेका छन्। उनकाविरुद्ध बाबुराम-उपेन्द्रपक्ष पनि उसैगरी सक्रिय छन्। नयाँ गठबन्धन सरकार बनाउने जोडबल सफल नभएपछि बाबुराम-उपेन्द्रपक्ष अहिले केही मौन देखिए पनि चुपचाप छैनन्।

गत पुस ५ गते ओलीले प्रतिनिधि सभा विघटन गरेदेखि उनकाविरुद्ध उभिएका थिए, बाबुराम-उपेन्द्रपक्ष। त्यहीँबाटै महन्थ-राजेन्द्रपक्ष भने प्रधानमन्त्री ओलीका निरन्तर सहयोगी बनेका छन्।

**बाबुराम-उपेन्द्रपक्ष दुबै कम्युनिस्ट पृष्ठभूमिका भएकाले माओवादीको नाम परिवर्तन गरी नयाँ पार्टी बनाएर एकतामा जान सक्ने देखिएको छ। पार्टी एक हुने स्थिति नभएमा पनि यो पक्ष माओवादीसँग चुनावी तालमेलको मोर्चामा जान सक्ने आकलन गरिएको छ।**

भनाइ नै छ, राजनीतिमा केही कुरा असम्भव छैन। कुनै बेला ओलीसँग सबभन्दा कटुतापूर्ण सम्बन्ध कसैको थियो भने त्यो महन्थ ठाकुर र राजेन्द्र महतोकै थियो।

ओलीको पहिलो प्रधानमन्त्रीत्वकालमा उनीहरुले एक अर्कालाई विषवमन गर्न कुनै उपाय बाँकी राखेननठ। समयक्रममा महन्थ र राजेन्द्र नै अहिले ओलीलाई छाड्न नसक्ने अवस्थामा देखिएका छन्।

आफ्नो भागमा आएको प्रधानमन्त्रीको पदसमेत स्वीकार नगरेर ओलीलाई नै सघाउने उनीहरुको भूमिकालाई धेरैले आश्चर्यपूर्ण मानेका छन्। कतिपयले त महन्थ-राजेन्द्रपक्षको यस्तो निर्णयले उनीहरुमा बाह्यशक्तिको प्रभाव हदैसम्म देखिएको टिप्पणी पनि गरिरहेका छन्।

पछिल्लो समय महन्थ-राजेन्द्रपक्षले आफ्नो सरोकार सरकार नभएर मुद्दा भएको र प्रधानमन्त्री ओलीबाटै मधेशका माग र मुद्दा सम्बोधन हुनसक्ने बताइरहेका छन्। जबकि, जसपाको बाबुराम-उपेन्द्रपक्ष भने ओलीबाट पहिल्यै धोका भएको निक्र्योलमा पुगिसकेको छ।

हुन त ओलीसँग सबभन्दा पहिले मिलाप गर्ने उपेन्द्र नै थिए। उनी मधेशका मुद्दा ओलीबाटै सम्बोधन हुने निक्र्योल गरेर तत्कालीन समाजवादी पार्टीबाट ओली सरकारमै सहभागी भएका थिए। पछि आफूलाई अपमानपूर्ण व्यवहार गरिएको भन्दै उनले सरकार छाडेका थिए।

जसपाका बाबुराम-उपेन्द्रपक्ष यतिखेर महन्थ-राजेन्द्रपक्षले कस्तो कदम चाल्छन् भनेर पर्खिरहेका छन्। उनीहरुले सरकारलाई बाहिरै बसेर समर्थन गर्छन् वा सरकारमै जान्छन् भन्ने विषयलाई यो पक्षले नियालिरहेको छ। पार्टी एक हुने वा नहुने भन्ने विषय अब महन्थ-राजेन्द्रपक्षकै हातमा रहेको छ।

ओलीलाई समर्थन गरेर जाने वा संयुक्त सरकार बनाउने भन्ने विषय अहिले पनि जसपाको लागि कठिन छ। जसपा विभाजन भए तत्कालीन राष्ट्रिय जनता पार्टी (राजपा) र समाजवादी पार्टीकै अवस्थामा जसपा विभाजित हुने देखिएको छ। त्यसो भएमा पहिलो विकल्प यसअघिकै पुरानै राजपा र समाजवादी पार्टी ब्युँताएर जाने सम्भावना बढ्ने छ। विभाजित अवस्थामा भएको समाजवादी पक्ष माओवादी केन्द्रमा जोडिने सम्भावना देखिएको छ। बाबुराम-उपेन्द्रपक्ष दुबै कम्युनिस्ट पृष्ठभूमिका भएकाले माओवादीको नाम परिवर्तन गरी नयाँ पार्टी बनाएर एकतामा जान सक्ने देखिएको छ। पार्टी एक हुने स्थिति नभएमा पनि यो पक्ष माओवादीसँग चुनावी तालमेलको मोर्चामा जान सक्ने आकलन गरिएको छ।

# राजनीतिक महाभारत 'क्लाइमेक्स'मा पुग्यो

**विचार-विश्लेषण** भाग-९२



उपेन्द्र झा

**अहिले राजनीतिक लडाइ क्लाइमेक्समा पुगेको छ। ओली विरुद्धको मोर्चा सर्वोच्चको फैसला आफ्नो पक्षमा हुने कुरामा पूर्ण आश्वस्त छ। आफूले चालेका सबै दाउ सफल हुँदै गएपछि उत्साहित केपी शर्मा ओलीमा भय मिश्रित खुशी देखिन्छ।**

कोरोनाका कारण दिनहुँ दुई सयको हाराहारीमा मृत्यु भइरहेको यो महामारीको विकराल अवस्थामा सत्तापक्ष र विपक्ष मानवीय क्षतिलाई रोक्नुको सट्टा सत्ता हत्याउने निकृष्ट खेलमा लागेको छ। जीवनभन्दा सत्ता प्राप्ति नै महत्वपूर्ण ठानी अनेक दाउपेचको प्रयोग गरी प्रधानमन्त्री र मन्त्री बन्ने ध्येयका साथ विपक्षका गठबन्धन (नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत र जसपाका उपेन्द्र यादव गुट लगायत) सर्वोच्च अदालतको शरणमा पुगेका छन्।

वर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीले संसदबाट विश्वासको मत नपाएर व्यक्तिको रुपमा बहुमत प्राप्त गर्ने जो कोहीलाई प्रधानमन्त्री बन्ने अवसर दिने भनी प्रधानमन्त्रीको सिफारिशमा राष्ट्रपतिले २४ घन्टे म्याद दिई दरखास्त आह्वान गर्दा विपक्षी गठबन्धनले १४९ सांसदको हस्ताक्षर साथ शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाउने निवेदन शीतल निवासमा पेश गरे। त्यो भन्दापूर्व नै ओली १५३ जनाको समर्थन आफूसँग रहेको दाबी निवेदन शीतल निवासमा दर्ता गराएको थियो।

सत्तापक्ष नेकपा एमालेका विद्रोही २६ वटा सांसद विपक्षका नेपाली कांग्रेसका उम्मेद्वार शेरबहादुर देउवालाई आफ्नो समर्थन मत दिएका थिए। त्यस्तै जसपाका ३२ जना सांसदमध्ये उपेन्द्र गुटका १२ जना शेरबहादुर देउवालाई र २० जना महन्थ र महतो गुटका ओलीलाई समर्थन गरेका छन्। एउटै पार्टीका सांसदहरु दुइवटै उम्मेद्वारलाई समर्थन गरेको विवादास्पद स्थितिमा राष्ट्रपतिले दुवै पक्षको दाबी खारेज गरी प्रधानमन्त्रीको सिफारिशमा नयाँ जनादेश लिन संसद विघटन गरी कार्तिक २६ र मंसिर ३ गते चुनाव गराउने घोषणा गरिएको छ। तर विपक्षी गठबन्धनले संसद पुनर्स्थापना गरी शेरबहादुर देउवालाई प्रधानमन्त्री घोषित गरी पाउँ भनेर १४६ सांसदको हस्ताक्षरसहित सशरीर उपस्थित भई सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गराएका छन्। विपक्षले गठबन्धन बनाई ओलीलाई अपदस्थ गर्न कानूनी लडाइ तथा आन्दोलनसमेतमा जाने उद्घोष गरेका छन्।

विगतमा चुनावको समर्थन गरी ओलीसँग गहिरो समर्थनमा रहेका शेरबहादुर देउवा अहिले ओलीको कदमको विरुद्ध प्रधानमन्त्री बन्न उग्र देखिएका छन्। विपक्षको पार्टीहरुको एकमुष्ट समर्थन पाएर उत्साहित शेरबहादुर देउवा आफूसँग सम्बन्ध तोडेको कुराबाट पीडित केपी शर्मा ओलीले देउवा मर्यादा अनुशासन सबै उल्लंघन गरी राष्ट्रपतिलाई 'तिमी' सम्बोधनप्रति आक्रामक भई तिखा प्रहार सुरु गरेका छन्।

राजनीतिक रस्साकसीका कारण संगठित अनुशासित नेकपा एमाले विभाजन भई माधव नेपाल पक्षले नेकपा ऐकृत दर्ता पनि गराइसकेका छन्। त्यस्तै जसपा पनि विभाजित मनस्थितिमा अन्तरसंघर्ष गरिरहेको छ। कार्यकारिणी समितिमा उपेन्द्र यादवको बहुमत र संसदीय दलमा महन्थ र राजेन्द्र पक्षको बहुमतले आघात र प्रतिघातका कारण जसपाको संघर्ष तल्लो स्तरमा मर्यादाहीन बनेको छ। गाली गलौजमा उत्रेका कार्यकर्ताहरु र तिनका उग्र दबाबले दुवै अध्यक्षले पारस्परिक कारबाहीका सिलसिला सुरु गरेका छन्। उपेन्द्र यादवले ओलीलाई किन समर्थन गर्‍यो भनेर महन्थ ठाकुर, राजेन्द्र महतो, लक्ष्मण लाल कर्ण र सर्वेन्द्रनाथ शुक्ललाई २४ घन्टे स्पष्टीकरण सोधेका छन्। यी चारै जनाले जवाफ दिएको छैन भने ३ दिन बित्दा पनि उनले कुनै कारबाही गरेको छैन। ३ दिनपछि पार्टीको पहिलो अध्यक्षको नाताले महन्थ ठाकुरले ७ बुँदे स्पष्टीकरण सोधेको छ।

मिल्नै नसक्ने गरी रातारात एकीकरण भएको जसपा सुरुदेखि नै अन्तर्द्वन्द्वमा फँसेको छ। पारस्परिक कारबाहीको प्रक्रियाले पार्टीभित्र नमेटिने चीरा लगाउँदै गएको छ। ओली सरकारबाट अपमानजनक बहिर्गमनका कारण उपेन्द्र यादव मधेशका केही मुद्दा सम्बोधन हुँदा पनि ओलीसँग सम्बन्ध नबनाई विपक्षको गठबन्धनमा गएको छ भने जतिसुकै भएपनि ओलीले मधेशका मुद्दा सम्बोधन गर्दा महन्थ र राजेन्द्र गुट ओलीप्रति सहानुभूति राखी उनलाई समर्थन गरेका छन्। जसपा सत्तापक्ष र विपक्षको समर्थनमा विभाजनको रेखा कोरिन लागेको छ। उग्र जातिवादी अहंकारले अन्ततोगत्वा जसपा फुट्ने निशिचत भएको छ। महन्थ ठाकुर गुट सरकारमा सामेल हुने बित्तिकै जसपा विभाजनमा कुनै शंका अब रहेन।

मधेशको मुद्दाभन्दा सत्तासँग गहिरो सम्बन्ध बनाएर धन कमाउने लालसाबाट कोही मुक्त छैन। सत्ताका लागि एजेण्डा छोडेको प्रशस्त उदाहरण छन्। एक अर्कालाई दोषी देखाउने मधेशका नेताहरु "चोर-चोर मौसेरे भाई हुन्छन्", त्यति पनि थाहा छैन। सहोदर नभए मौसेरा भाई पनि बनेर देखाउ त्यो पनि छैन। वैकल्पिक शक्ति बनाउने यात्रामा निस्किँदा बीच बाटैमा डुबेर मर्नेले मधेश मुद्दाको उच्चारण गर्नु पनि ठूलो मुर्खता हो। मधेशमा योगदान दिने अग्रपंक्तिका राजनीतिकर्मी योगदानको हजार गुणा वित्तीय लाभ पाइसकेकोले तिनलाई मसिहाको रुपमा स्थापित गर्नेहरु भाटभन्दा अरु कुनै संज्ञा पाउन सक्दैन।

अहिले राजनीतिक लडाइ क्लाइमेक्समा पुगेको छ। ओली विरुद्धको मोर्चा सर्वोच्चको फैसला आफ्नो पक्षमा हुने कुरामा पूर्ण आश्वस्त छ। आफूले चालेका सबै दाउ सफल हुँदै गएपछि उत्साहित केपी शर्मा ओलीमा भय मिश्रित खुशी देखिन्छ। पहिलेको संसद पुनर्स्थापनाले ओलीलाई खासै क्षति पुर्‍याएको थिएन। सर्वोच्चले पूर्ववत् संसद स्थापना गरिदियो भने यसबाट ओलीलाई ठूलो क्षति हुने सम्भावनालाई ओलीले पनि अनुभूत गरेको हुनुपर्दछ। त्यसकारण यो राजनीतिक लडाइ महत्वपूर्ण भएको छ।

जीवन-मरणको प्रश्नसँग गाँसिएको अहिलेको राजनीतिक लडाइमा ओलीले आफ्नो सम्पूर्ण दाउ लगाउनेमा शंका छैन। हारेपछि ओलीको राजनीति नै सिध्याउने विपक्षको रणनीति तीव्रतर रुपमा ओली केन्द्रित छ। कोरोना संकटले ओलीलाई दाउपेच खेल्न अनुकूलता प्रदान गरेका कारण आफ्नो अभिष्टमा सफलता पाउने आश देखिन्छ। हेरौं ऊँट कुन करवट लिन्छ।

janukjha24@gmail.com

# राज्यविहीन नागरिकहरूको माग सम्बोधन भएन



**अर्जुन साह**

**केन्द्रीय अध्यक्ष, राज्यविहीन मधेशी युवा संघर्ष समिति**

राष्ट्रपतिज्यूबाट जारी भएको नागरिकता अध्यादेशबाट केही हदसम्म हामी खुशी भएका छौं भने दुःख पनि लागेको छ। किनभने नागरिकताको समस्या भनेको जन्मसिद्ध नागरिकका सन्ताले नागरिकता पाउने, आमाको नामबाट नागरिकता पाउनेसम्म मात्र सीमित छ भन्ने कुरा होइन। किनभने नागरिकताबारे विभिन्न किसिमका समस्याहरु छन्। जस्तैः राष्ट्रपतिज्यूबाट जारी भएको अध्यादेशबाट हामीले नागरिकता पाउने कुनै बाटो म देखिरहेको छैन। यो अध्यादेशले केवल दुईवटा मुद्दालाई मात्र सम्बोधन गरेको छ। जसमा जन्मको आधारमा नागरिकता पाएकाको सन्तानलाई वंशजको नागरिकता दिने र बुवा थाहा नभएको खण्डमा आमाको नामबाट मात्रै नागरिकता दिने भनिएको छ। यो व्यवस्था संविधानमा पनि छ र त्यहींअनुसार नै अध्यादेश जारी भएको छ। यसमा केही पनि थपघट भएको अवस्था छैन। वैवाहिक अंगीकृतको हकमा, आमा नेपाली र बुवा विदेशीको सन्तानको हकमा यो अध्यादेश बोलेको छैन। त्यसैले यो अध्यादेशबाट नागरिकतापीडितहरुको माग सम्बोधन भएको देखिँदैन।

राज्यविहीनताको अवस्थामा जो-जो व्यक्तिहरु नागरिकताबाट वञ्चित छन्, त्यसलाई कानूनबमोजिम नागरिकता दिनु भनेर हामी माग गर्दै आएका छौं। जस्तै, आमाको नामबाट नागरिकता दिनुपर्ने भन्ने हाम्रो मुख्य माग छ। यो अध्यादेशमा भनिएको छ कि बुवा थाहा नभएको खण्डमा वंशजको नागरिकता पाउने, पछि बुवा विदेशी प्रमाणित भएमा उनको नागरिकता अंगीकृतमा परिणत हुने। त्यस्तै, नागरिकतासम्बन्धी विभिन्न मुद्दाहरु सर्वोच्च अदालतबाट जितिसकेका व्यक्तिहरुको पक्षमा पनि यो अध्यादेशमा केही बोलिएको छैन।

त्यसपछि वैवाहिक अंगीकृत जुन संसदमा विचाराधिन अवस्थामा छ कि विदेशी छोरी नेपालमा बिहे गरी आउँदा कति वर्षपछि नागरिकता पाउने भन्ने विषय पनि समेटिएको छैन। तसर्थ, राज्यविहीन मधेशी युवा संघर्ष समितिको जुन माग थियो त्यो बमोजिमको यो अध्यादेश आएको अवस्था छैन। त्यसैले यो अध्यादेशबाट हामी उत्साहित हुने अवस्था छैन।

अहिले वैश्विक महामारी कोरोनाको चपेटामा नेपालमा पनि परेको छ। यस्तो अवस्थामा नागरिकता अध्यादेश आउँदा सरकारले जसपालाई ललिपप देखाएको जस्तो पनि देखिन्छ। किनभने ६ महिनाभित्र संघीय संसदबाट पारित भएन भने समस्या यथावत् रहने स्थिति छ। यदि यो अध्यादेशको विरुद्धमा कसैले मुद्दा हाल्यो भने यो बदर हुने अवस्था पनि छ। अब सिडियो साहेबहरुमाथि पनि भर पर्छ कि यो अध्यादेशलाई कसरी लिन्छन्। यो कोभिड महामारीका बेला नागरिकताविहीनहरुले सहजरुपमा नागरिकता पाउँछन् कि पाउँदैनन् भन्ने विश्वस्त आधार पनि देखिएको छ।

राष्ट्रपतिज्यूबाट जारी भएको अध्यादेश एक किसिमको कानून नै हो। तर यसको जुन म्याद र समयसीमा छ र जुन परिस्थितिमा यो अध्यादेश जारी भएको छ यो एकदमै संवेदनशील छ। किनभने अहिले कोरोनाको उच्च जोखिम छ, दिनहुँ संक्रमण तीव्रगतिमा फैलिरहेको छ, मृत्युदर पनि उत्तिकै छ। मान्छेले आफ्नो जीउज्यान कसरी बचाउने भन्नेमा संघर्ष गरिरहेका छन्। घरबाट बाहिर निस्किने अवस्था छैन। सरकारी कार्यालयहरु पनि बन्द रहेको अवस्था छ। आवश्यक प्रमाण जुटाउनसमेत समस्या देखिन्छ। यस्तो परिस्थितिमा अध्यादेश आउँदा सिडियो कार्यालयमा भीडभाड हुने अवस्था आउँछ र नागरिकतापीडितहरुलाई आवश्यक प्रमाण जुटाउन पनि समस्या हुन्छ।

# नागरिकता विधेयकमा राष्ट्रिय सहमति चाहिन्छ

यो अध्यादेश प्रतिनिधिसभामा विचाराधिन थियो । त्यहाँ सबैसँग छलफल गरेर, सबै दलको भावना लिएर पारित गराउँदा हुन्थ्यो । ओलीजीले संसद विघटन गरिसकेपछि आफू बलियो हुनका लागि राजनीतिक उद्देश्यबाट प्रेरित भएर सत्ता टिकाउन र महन्थ ठाकुर एण्ड कम्पनीलाई फकाउनका लागि मात्रै हतारमा यो अध्यादेश ल्याउनु भएको हो ।



**डा.नारायण खड्का**

**प्रतिनिधिसभा सदस्य, नेपाली कांग्रेस**

**० नेपाली कांग्रेसले विपक्षीहरुको गठबन्धन बनाएर सरकारको नेतृत्व पाउनुपर्छ भनी सर्वोच्च अदालतमा पुगेको छ । विपक्षी गठबन्धनको पक्षमा सर्वोच्चले फैसला दिने आधारहरु के-के छन् ?**

– कांग्रेस सभापति शेरबहादुर देउवाको नेतृत्वमा सरकार बन्नुपर्छ भन्ने हाम्रो दाबी अत्यन्त बलियो छ । किनभने संविधानलाई सामान्य ज्ञानको हिसावले बुझ्ने, संविधानको धारा ७६ को १, २, ३, ४, ५ र ६ मा के-के लेखिएको छ, त्यो पालना भयो कि भएन, राष्ट्रपतिले संविधानको धारा पालना गर्नुभयो कि भएन, ओली कुन वैधानिकताअनुसार प्रधानमन्त्री बने भन्ने कुरा सामान्य व्याख्या गर्ने मान्छेले पनि सजिलैसँग बुझ्न सक्छन् । त्यसैले यो सरासर असंवैधानिक, संविधानलाई भताभुङ बनाउने, अस्थिरतातर्फ उन्मुख गराउने र एक दलीय तानाशाही व्यवस्थालाई उक्साउने खालको गतिविधि भएकोले धारा ७६ (५) अन्तर्गत १४९ जना बहुमत सांसदहरुको निवेदनलाई अस्वीकार गरेर निर्णय आउन सक्दैन । राष्ट्रपतिले हाम्रो दाबी पुग्दैन भनेर जसरी व्याख्या गर्नुभयो त्यो अत्यन्तै असंवैधानिक, गैरकानूनी, अराजनीतिक, अदूरदर्शी रहेको छ । अर्को कुरा प्रधानमन्त्री ओलीले नै केही बेर अगाडि आफूसँग बहुमत नरहेकोले वैकल्पिक सरकारका लागि मार्ग प्रशस्त गर्छु भनेर वक्तव्य दिनुभएको थियो । त्यसैले प्रमाण त्यही नै छन् ।

अर्को कुरा धारा ७६ (३) को प्रधानमन्त्री, जसले विश्वासको मत नै लिएको छैन र एक प्रकारले काम चलाउको अवस्थामा छ । त्यो प्रधानमन्त्रीले आफूसँग नभएको अधिकार प्रयोग गरेर राष्ट्रपतिले ७६ (५) को प्रधानमन्त्री कायम गरेर संसद विघटन गर्नुभएको त्यो असंवैधानिक छ । ओलीजीले गर्नुभएको संवैधानिक कुकृत्यलाई बुझ्ने कुनै पनि मानिसले भन्न सक्छन् कि वास्तवमा हामीले जुन रिट दिएका छौं त्यो सही छ । त्यो रिटमा प्रारम्भिक सुनुवाई सुरु भएको छ । हाम्रो मुद्दा बलियो छ । हाम्रा १४६ जना सांसद भौतिक रुपमै सर्वोच्चमा पुगेर बहुमत देखाएका छौं ।

**० सर्वोच्चले कति दिनसम्म फैसला दिन सक्छ ?**

– यसमा धेरै समय लगाउने कुरै छैन । छिट्टै निर्णय दिनुपर्छ । ढिलाइ भयो भने अराजकताको अवस्था सिर्जना हुन्छ । प्रधानमन्त्री खड्गप्रसाद ओलीले मनपरी नियुक्ति लगायतका कामहरु गर्ने भएको हुनाले सर्वोच्चले यी कुराहरुलाई पनि ख्याल गर्नेछ । उहाँले दुई चरणको निर्वाचन पनि घोषणा गर्नुभएको छ । यस्ता कार्यहरु रोक्न छिटो निर्णय हुँदा देश, संविधान, बहुदलीय व्यवस्था र लोकतन्त्रका लागि राम्रो हुन्छ भन्ने हाम्रो मान्यता हो ।

**० कांग्रेसले अन्य दलहरुका सांसदहरु चोरेर प्रधानमन्त्रीका लागि दाबी गरेको छ भन्ने आरोप पनि प्रधानमन्त्रीले लगाउनुभएको छ नि ?**

– प्रधानमन्त्रीका लागि पार्टीले नै समर्थन गर्नुपर्छ भन्ने छैन । संविधानको धारा ७६ (५) मा प्रतिनिधिसभाका सांसदहरुले समर्थन गर्दा हुन्छ । यसमा पार्टीको ह्वीप पनि लाग्दैन । अन्तिम अवस्थासम्म पनि सरकार बनोस् र यो संसद पाँच वर्षसम्म टिकोस् भनेर नै यो प्रावधान राखिएको हो । त्यसैले यसमा दलको सिफारिश चाहिँदैन । राष्ट्रपतिले जसरी दुवैतिर एउटै मान्छेको हस्ताक्षर छ भनेर भन्नुभएको छ, त्यसको भेरिफाइ त गर्नुपर्दथ्यो । यतिकै हावाको भरमा कांग्रेससहितको दलको दाबी पुगेन भनेर निर्णय गरिदिनुभयो । यस्ता सामान्य कुराहरुलाई पनि मिचेर जबरजस्ती खड्गप्रसाद ओलीजीलाई प्रधानमन्त्री बनाइएको छ, जुन गैरकानूनी, असंवैधानिक, अराजकवादी र अलोकतान्त्रिक पनि छ ।

**० शेरबहादुर देउवा प्रधानमन्त्री नियुक्त भइसकेपछि विश्वासको मत लिने बेलामा पार्टीले ह्वीप लगाउन पाउँदैन ?**

– धारा ७६ (५) अनुसार प्रधानमन्त्री नियुक्त हुँदा पार्टीको ह्वीप लाग्दैन । यसमा दलको त कुरै छैन । यसमा प्रतिनिधिसभाका सदस्यहरुले स्वविवेक प्रयोग गर्न पाउँछन् ।

**० पछिल्लो पटक पुस ५ गते संसद विघटन हुँदा पुनर्स्थापना भएपछि तीन महिनासम्म विपक्षीहरुले अविश्वासको मत ल्याउन सकेन, सरकारको विकल्प पनि दिन सकेन । यसपटक पुनर्स्थापना भयो भने सजिलै सरकार बन्छ त ?**

– हामीसँग प्रष्ट बहुमत छ, सजिलै सरकार बनाउन सक्छौं । पछि विश्वासको मतका लागि त संसदमा परीक्षण गर्ने हो नि । पुस ५ गतेको विघटनलाई जसरी सर्वोच्चले पुनर्स्थापना गऱ्यो त्यो पनि एउटा नजिर छ । सरकार बन्ने विकल्प हुँदाहुँदै, संसदको अवधि भएपनि र संसद रहने सम्भावना हुँदाहुँदै हठात् अवैधानिक रुपमा नियुक्त भएका प्रधानमन्त्रीले संसद विघटन गरेका छन् त्यसलाई नै बदर गरिपाउँ भनेर अदालतमा गएकै छौं । विश्वासको मत लिने कुरामा पछि सांसदहरुको मन परिवर्तन भने केही छैन, होइन भने त प्रष्ट बहुमत छ नि । ओलीजस्तो हामीले विश्वासको मत लिँदैनौं भनेर भन्दैनौं ।

**० भनेपछि संसद पुनर्स्थापना भई देउवाको नेतृत्वमा सरकार बन्नेमा तपाईंहरु ढुक्क हुनुहुन्छ ?**

– निश्चितरुपमा देउवाको नेतृत्वमा सरकार बन्नेमा हामी विश्वस्त छौं । नेपाली कांग्रेसको नेतृत्वमा सरकार बन्छ ।

**० अहिलेको अवस्थामा वैकल्पिक सरकारको आवश्यकता छ ?**

– अहिले सरकारले अराजक, असंवैधानिक, गैरकानूनी गतिविधि गरिरहेका छन् । अहिलेको प्रधानमन्त्री अवैधानिक तरिकाले नियुक्त भएका छन् । अर्को सरकारका निम्ति यो त ओलीजी आफैले निम्त्याएको परिस्थिति हो नि त । उहाँले विश्वासको मत पाउनुभएको छैन, वैकल्पिक सरकार बन्ने र संसद रहने अवस्था विद्यमान नै छ । त्यसलाई मिचेर जबरजस्ती विघटन गर्न पाइँदैन ।

**० तर चुनाव घोषणा भइसकेको छ, चुनावमा जान सकिँदैन ?**

– केपी ओलीले चुनाव घोषणा गरेर हुन्छ त ? त्यही अवैधानिक तरिकाले घोषणा भएको चुनाव ठिक छैन हामी भनिरहेका छौं । ओलीले चुनाव घोषणा गर्ने अधिकार नै छैन ।

**० चुनाव घोषणा गर्नु बेठिक ?**

– हो । ओली आफै जुन धाराअन्तर्गत प्रधानमन्त्री बन्नुभएको छ त्यो नै गलत छ । उहाँ अहिले धारा ७६ (५) अन्तर्गतको प्रधानमन्त्री बन्नुभएको छ, यसअघि उहाँ धारा ७६ (३) को प्रधानमन्त्री हुनुहुन्थ्यो । धारा ७६ (३) को प्रधानमन्त्रीले (५) अनुसारको प्रधानमन्त्री बन्नै सक्दैन । असंवैधानिक रुपमा संसद विघटन गरेर निर्वाचनमा जानु नै गैरकानूनी छ । ओलीले निर्वाचन घोषणा गर्ने बित्तिकै जानुपर्छ भन्ने छैन ।

**० निर्वाचनमा जाँदा सबभन्दा बढी फाइदा त कांग्रेसलाई हुने हो नि ?**

– यहाँ फाइदा र बेफाइदाको कुरा होइन । लोकतन्त्र समाप्त पारेर, संविधानलाई मिचेर आफ्नो फाइदा हुन्छ भन्ने ठान्नु हुँदैन । अहिले कोरोना महामारीको बेला छ, दिनहुँ मृत्युदर बढिरहेकै छैन । यस्तो बेलामा जनतासँग भोट माग्ने कि उसको ज्यान बचाउने । यस्तो कोरोना महामारीका बेला चुनाव जाँदा जनताले हामीलाई लखेट्दैन ?

**० चुनाव त ६ महिनापछि हुने हो ?**

– अहिले कोरोनाको दर कम भइरहेको छैन । फेरि तेस्रो भेरियन्ट आइसक्यो । यो भेरियन्त अत्यन्त डरलाग्दो छ, यो बढेर गयो भने अवस्था भयावह हुन सक्छ । हामीसँग अहिले न त खोप छ, न पर्याप्त मात्रामा परीक्षण पनि छैन । अनि यस्तो अवस्थामा निर्वाचन गरेर जनतालाई मार्न खोजिएको हो त ? भोली यो कोरोना बढ्दै गयो र नियन्त्रण भएन भने के गर्ने ?

**० राष्ट्रपतिबाट नागरिकता अध्यादेश जारी भएको छ, कांग्रेसको धारणा के छ ?**

– यो अध्यादेश प्रतिनिधिसभामा विचाराधिन थियो । त्यहाँ सबैसँग छलफल गरेर, सबै दलको भावना लिएर पारित गराउँदा हुन्थ्यो । ओलीजीले संसद विघटन गरिसकेपछि आफू बलियो हुनका लागि राजनीतिक उद्देश्यबाट प्रेरित भएर सत्ता टिकाउन र महन्थ ठाकुर एण्ड कम्पनीलाई फकाउनका लागि मात्रै हतारमा यो अध्यादेश ल्याउनु भएको हो । विगतमा नेपाली कांग्रेसले नागरिकताको विषय उठाउँदा ओली र उहाँकै पार्टीका कतिपय सांसदहरु कति उफ्रिनुभएको थियो । नागरिकताको विषयमा हामीले त संशोधित दस्तावेज ल्याएका हौं नि त । त्यतिबेला ओलीजीले दिएको भाषण सबैले सुनेकै छन्, अहिले सामाजिक सञ्जालमा भाइरल भइरहेका छन् । चकलेट बाँडेजस्तै होइन नागरिकता भन्ने व्यक्तिले नै यो बेलामा अध्यादेश ल्याउनुको उद्देश्य प्रष्ट छ नि । मधेशको समस्या समाधान हुनुपर्छ भन्नेमा नेपाली कांग्रेस दृढ छ । तर हठात् एउटा राजनीतिक अभिष्ट राखेर आफू सत्तामा टिक्नका लागि मात्रै ल्याउँदा त्यसले सबैको समर्थन पाउन गाह्रो छ । तैपनि कांग्रेसले मधेशका मुद्दाप्रति सदैव समर्थन गर्छ । अन्य दलहरुसँग पनि यसबारे छलफल गरी सबैको स्वीकारोक्तिका साथ ल्याउनु राम्रो हुन्थ्यो । यसमा रिट पनि परेका छन् । सर्वोच्चले के गर्छ हेरौं । तर खड्गप्रसादजीको नागरिकता दिने उद्देश्य नै होइन । उहाँले मैले त अध्यादेश ल्याएको थिएँ, अन्य दलहरुले मानेन भन्नका लागि मात्रै हो । यसमा राष्ट्रिय सहमति हुँदा राम्रो हुन्थ्यो ।

# मधेशीले नागरिकता पाउँदा यहाँ रडाको मच्चिँदैछ



**मनोहर साह**

**अधिवक्ता, सर्वोच्च अदालत**

के आरोप लाग्छन् भने नागरिकता बिक्री गर्छन् । बिक्री हुने भनेको सिडियो कार्यालय वा अधिकृतहरुबाट हो । त्यसमा बाहुल्यता भारत र मधेशविरोधीवालाहरुकै छ । बेच्छन् उनीहरु तर आरोप लाग्छन् मधेशीमाथि । केही मात्रामा त्यस्तो भएको छ, नभएको होइन । तर नेपालमा बर्मेली, भुटानी, तिब्बतीयनहरु पनि छन् ।

**० नागरिकता अध्यादेश राष्ट्रपतिबाट जारी भयो तर त्यसको विरोध पनि भइरहेको छ । अदालतमा रिट पनि परेको छ । यसलाई कसरी हेर्नुभएको छ ?**

– नेपालको संविधान २०७२ मा नागरिकतासम्बन्धी रहेको व्यवस्थाअनुसार नै कार्यान्वयन गर्नका लागि नागरिकता अध्यादेश आएको हो । संविधानमा नागरिकतासम्बन्धी प्रावधान त आयो तर त्यसलाई कार्यान्वयन गर्ने कानून नहुँदा लागू भइरहेको थिएन । यसभन्दा अघि पनि विधेयक आएको थियो तर त्यसमाथि मुद्दा पर्दा अदालतमा विचाराधीन छ । त्यही विषयमा अहिले संवैधानिक व्यवस्थाअनुरुप नै अध्यादेश आयो । यसलाई सामान्यरुपमा लिनुपर्छ । राज्यको सुविधाहरु पाउन वञ्चित रहेकाहरुका लागि यो एउटा बाटो खुलेको हो ।

**० तर यसका विरुद्धमा रिट परेको छ, विरोध पनि भइरहेको छ ?**

– वि.सं. २००३ सालमा पनि पहिलो नागरिकता ऐन आएको थियो । त्यसपछि ऐनहरु आउँदै गयो र अहिले नागरिकता ऐन २०६३ छ । जति पटक नेपालमा आन्दोलन हुन्छ, नयाँ संविधान बन्छ त्यतिपटक नागरिकता सम्बन्धी ऐन थपिँदै जान्छ । अर्को कुरा, नागरिकताको नाम सुन्ने बित्तिकै भारतविरोधी मानसिकता भएकाहरु हल्ला गर्न थाल्छन् । भारतविरोधी मानसिकता बोकेकाहरु नेपालमा धेरै छन् । उनीहरुले राम्रो कुरालाई पनि नराम्रो तरिकाले वर्णन गरेर विरोधी मानसिकता तयार गर्छन् । त्यसैको उपज अहिले देखिएको हो । अर्को कुरा के आरोप लाग्छन् भने नागरिकता बिक्री गर्छन् । बिक्री हुने भनेको सिडियो कार्यालय वा अधिकृतहरुबाट हो । त्यसमा बाहुल्यता भारत र मधेशविरोधीवालाहरुकै छ । बेच्छन् उनीहरु तर आरोप लाग्छन् मधेशीमाथि । केही मात्रामा त्यस्तो भएको छ, नभएको होइन । तर नेपालमा बर्मेली, भुटानी, तिब्बतीयनहरु पनि छन् ।

**० यो कार्यान्वयन हुन कतिको सहज छ ?**

– यसभन्दा अघि पनि ५० भन्दा बढी गैरमधेशी वकिलहरुले बहस गरेर नागरिकता विधेयकलाई रोकिरहेका थिए । अहिले पनि त्यो अवस्था आउन सक्छ । अहिलेको अवस्थामा मधेशवादी दल विभाजित अवस्थामा छन्, एउटा यो अध्यादेशको पक्षमा छ र उनीहरुकै प्रयासमा आएको भनिरहेको छ भने अर्को पक्ष मौन भएर बसेको छ । म यही सन्दर्भमा सामाजिक सञ्जालमार्फत् आह्वान गरेको थिएँ कि म मुद्दा गर्न छु, तर कोही पनि तयार देखिएनन् । अब अदालतले यस विषयमा के गर्छ भन्न गाह्रो छ ।

**० अध्यादेश जारी भएको ६ महिनाभित्र संसदबाट अनुमोदन गराउनुपर्ने हुन्छ, यदि त्यसो भएन भने के हुन्छ ?**

– धेरै अध्यादेशहरु यस्ता छन् जुन संसद नभएको बेलामा कानूनहरुलाई निरन्तरता दिने र फेरि त्यसको अन्तिम मितिमा ल्याएर अध्यादेशकै रुपमा निरन्तरता दिइन्छ । जुनसुकै सरकार आएपनि यही अध्यादेशअनुसार काम चाहे भने त्यसलाई निरन्तरता दिन सक्छ । ६ महिनाको यसको लागि कुनै बाध्यकारी हुँदैन ।

**० यो अध्यादेश अहिलेको आवश्यकता थियो कि सत्ता टिकाउनका लागि ल्याइएको हो ?**

– यो अध्यादेश ल्याउँदैमा अहिलेको सरकार टिकिराख्छ भन्ने कुरा होइन । अहिले प्रधानमन्त्रीको कदमको विरुद्धमा फेरि मुद्दा परेको छ । प्रधानमन्त्रीको पक्षमा ९३ जना बढी सदस्य छैन । जसपाको १२ जना देउवाको पक्षमा छन् भने ओलीको पक्षमा २० जना छन् । ओली र महन्थको पक्ष जोडेर पनि त बहुमत पुग्दैन । सरकार टिकाउनका लागि यदि यो अध्यादेश ल्याएको हो भने दुईटै पक्ष मिलाएर बहमुत पुग्दैन । यदि जसपाको दुइटै पक्ष आयो भने पनि साधारण बहुमत पुग्दैन । त्यसैले यो अध्यादेशलाई सत्तासँग जोड्नु भनेको बदनाम गर्नु हो । यसमा मधेशविरोधी र मधेशीलाई भारतीय देख्ने मानसिकताले काम गरिरहेको छ । भारतले फिजी बनाइरहेको छ भन्ने जुन आरोपहरु छन्, त्यसलाई पुष्ट्याइँ गर्नका लागि यो गलत भ्रामक प्रचार हो ।

**० यो अध्यादेशले नागरिकता समस्या गर्छ ?**

– सबभन्दा ठूलो प्रश्न हो कि नागरिकता समस्या कहिलेसम्म ? अहिलेको व्यवस्थाअनुसार यो संविधान जारी भएको २०७२ सम्म जन्मेका नागरिक नेपाली नागरिक भयो । यसले नागरिकताको विषयमा धेरै समस्या ल्याइरहेको छ । जसका कारण ओरिजिनल नेपालीभन्दा अरुले धेरै मौका पाइरहेका छन् र त्यसले ओरिजिनल मधेशी नेपालीलाई नै घाटा र नोक्सान भइरहेको छ । यसलाई राजनीतिक मुद्दा बनाएर राजनीतिको मेसो गरेको हुन्छ । जुन मुद्दाबाट मधेशलाई नोक्सान छ र हाम्रा मूल मागहरु ओझेलमा पर्छ । अहिले बढी समस्या आएको कारण २०६३ सालको अन्तरिम संविधानबाट नै हो । अन्तरिम संविधानमा जुन नागरिकताको प्रावधान थियो र त्यो अनुसार जुन वितरण गरियो त्यही आधारमा अहिले बढी समस्याहरु देखिरहेका छन् । जब २०४७ सालको संविधान आयो, त्यतिबेला संविधान जारी भएको मितिसम्म नेपालमा जन्मेलाई प्रावधानअनुसार नेपाली नागरिकता दिने व्यवस्था गरियो । त्यो आइसकेपछि जन्मको आधारमा नागरिकता दिनुपर्ने आवश्यकता त थिएन । त्यसलाई इमान्दारीपूर्वक बाँडेको भए त्यसपछि कुनै कानून बनाउनुपर्ने आवश्यकता थिएन, त्यसका लागि आन्दोलन गर्नुपर्ने आवश्यकता थिएन । त्यो अनुकूल राज्य पक्षबाट पनि इमान्दारीपूर्वक नागरिकता दिइएन, अधिकारबाट वञ्चित भयो ।

**० भनेपछि नेपालमा नागरिकता समस्या कहिल्यै समाधान हुँदैन त ?**

– यसलाई समाधान गर्न चाह्यो भने हुन्छ । तर राज्यसत्ताको जुन सोच छ वा मधेशीविरोधीको जुन सोच छ त्यसले गर्दा समस्याहरु आइरहेका छन् ।

**० राज्यसत्ताबाटै नागरिकता समस्या समाधान भइरहेको छैन ?**

– हो । त्यसलाई बल्झाइराख्ने, खेल्ने मौका दिने काम हुँदै आएको छ । अहिले जुन अध्यादेश आएको छ, यसलाई एउटा इन्डिङ्ग प्वाइन्ट बनाइदिएको भए यो समस्या समाप्त हुने थियो । जस्तै, आजबाट नेपालमा नागरिकता सम्बन्धी समस्या छैन । जति पनि नागरिक छन्, उसले यही प्रावधानअनुसार नागरिकता पाउनुपर्छ भन्ने दिइयो भने र आजबाट नागरिकसम्बन्धी समस्या छैन भनेर गऱ्यो भने समस्या आउँदैन नि । तर अहिले मुद्दा गऱ्यो, यसलाई झन् चर्काउँदै गयो । नागरिकताको कुरा आउने बित्तिकै फिजीकरण र सिक्किमीकरण मुखमै आइहाल्छ । जबकि अहिलेको अवस्था फिजीकरणको छैन । पहिला भारतका मान्छेले नेपालमा केटा खोजेर छोरीको विवाह गर्थे । तर अहिले भारतका मानिसले नेपालका केटा वा चेलीबेटीसँग विवाह गर्न चाहिरहेका छैनन् । धेरै मात्रामा कमी भइसकेको छ । योभन्दा बढी यहाँ इसाइको समस्या छ, त्यो कुरा राज्यलाई थाहा छैन । सर्वोच्च अदालत डलर र युएनडीपीको नाममा विदेशीको हातमा गइसकेको छ, त्यो कुरा यहाँका बुद्धिजीबीहरुलाई थाहा छैन ? तर एउटा मधेशीले नागरिकता पाउँदा यत्रो रडाको मचाउँछन् ।

# सन्त नेता महन्थ ठाकुर



भोला बनिया

वर्तमान समयमा जनता समाजवादी पार्टीका दोस्रो तहका अध्यक्ष उपेन्द्र यादवका झोले कार्यकर्ताहरु सामाजिक संजालमा निकै नै भाइरल भइरहेका छन् । जसको कुनै दर्शन विचार, चिन्तन, सिद्धान्त, आदर्श देखिदैनन् । यस्ता झोलेहरु अधिकांश हजार, पाँच सय रुपैया वा चिया खाजामा बिक्नेहरु प्रशस्त देखिन्छन् । जसले पैसा दियो जसले चिया खाजा खुवायो उसको भजन मण्डली भएर सामाजिक संजालमा भजन गाइरहेको भेटिन्छन् । किनभने भजन गाएन भने अध्यक्ष ज्यूबाट पैसा पाइन्न र काठमाण्डौमा बसेर पेट पाल्न निकै गाह्रो पर्दछ । यस्ता भजन मण्डलीहरु काठमाण्डौमा मात्र सिमित नभएर देशभक्ती छरिएका छन् । ऐतिहासिक दृष्टिकोणबाट हेर्नेहो भने मधेशले विभिन्न कालखण्डमा महत्वपूर्ण योगदान गर्दे आएको छ । मधेश राजनितीको एउटा यस्तो उर्वर भूमि हो । जहाँ विगतदेखी वर्तमान सम्म केही सिमित नेताले मधेशको नाममा लुटतन्त्र मच्चाउदै आएका छन् । आफुले भनेको गरेको जस्तो सुकै ठिक हुने तर अरुले भनेको गरेको कुरालाई राष्ट्रघाती देख्ने केही सीमित नेताहरु मधेशको नाम भजाउदै पटक पटक मन्त्रीको कुर्चीबाट हटछन् फेरी मधेशका मागहरु सम्झनामा आउन थाल्छन् अनि फेरी मधेश र मधेशीको नाममा राजनिती सुरु हुन्छ । फेरी मन्त्रीको कुर्ची पाएपछि राजनीति विसर्जन तिर लाग्छ । जुन वर्तमानमा घाम जस्तै छर्लङ्ग देखिएको छ । नेपालमा वि.स. २००७ सालको राजनितिक परिवर्तन पछि २००८ सालमा स्थापना भएको तराई कांग्रेसले मधेशका मानिसहरुलाई सेना, प्रहरी, निजामती कर्मचारी आदीमा समानुपातिक समावेशिता , सम्पूर्ण मधेशलाई एउटा प्रदेश बनाउनुपर्ने , मधेशले आत्मनिर्णयको अधिकार पाउनुपर्ने, स्थानीय भाषालाई कामकाजको भाषाको रुपमा राख्नुपर्ने, स्थानीय भाषामा पढाई हुनुपर्ने, मधेशको सँस्कृतिलाई राष्ट्रिय सँस्कृतिको रुपमा मान्नुपर्ने, मधेशीहरु विभेदरहित रुपमा बाच्न पाउनुपर्ने लगाएतका माग उठाएको थियो , जुन जनता समाजवादी पार्टीका दोस्रो तहका अध्यक्ष उपेन्द्र यादव जन्मनुभन्दा ८ वर्ष अगाडी नै जोडतोडका साथ उठेको थियो । २०६३ सालमा मधेश आन्दोलनका नाममा पूर्वको मिथिला क्षेत्रको जनतादेखी अवध क्षेत्र सम्मको जनताहरु सडकमा उत्रियो । पहिलो मधेश आन्दोलनमा थुप्रै सर्वसाधारणहरु सडकमा उत्रिएका थिए । ति सबै प्रदर्शनकारी नेपालको मधेश क्षेत्रका बासिन्दाहरु नै थिए । राज्यको गलत नितीका कारण थुप्रै मधेशका मानिसहरु नागरिकताबाट बञ्जित रहेका थिए । पहिलो मधेश आन्दोलनमा राज्य र विपक्षी अर्थात तत्कालिन मधेशी जनअधिकार फोरम नेपाल बीच २२ बुँदे सम्झौता भएको थियो । जहाँ प्रष्ट रुपमा नागरिकता सम्बन्धी विषयलाई उठान गरिएको छ । दोस्रो मधेश आन्दोलन मधेशी जनअधिकार फोरम नेपाल, तराई मधेश लोकतान्त्रिक पार्टी र सदभावना पार्टी मिलेर गरे जसलाई संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाको आन्दोलन भनियो । यतिबेला पनि तत्कालिन सरकार रमधेशी मोर्चा बिच ८ बुँदे सम्झौता भयो । जहाँ प्रष्ट रुपमा रहेको छ । की नागरिकता सम्बन्धि समस्या समाधान गर्ने । तर दुर्भाग्यबस उपेन्द यादव देशको उपप्रधानमन्त्री ३ पटक भए तर मधेशको प्रमुख समस्याको रुपमा लिइएको नागरिकता सम्बन्धि विषय मन्त्रीमण्डलबाट पारित गराउन सकेनन तिनवटै मधेश आन्दोलनको पृष्ठ भूमिलाई केलाउने हो भने नागरिकता सम्बन्धि विषयलाई उपेन्द्र यादव कार्यकर्ता माझ निकै बुरुक बुरुक उफ्रन्थे । तर आज नागरिकता सम्बन्धि समस्या समाधान भयो । जन्मसिद्धका बच्चाले वंशजको नागरिकता पाउने भए आमाको नामबाट पनि बच्चाले वंशजको नागरिकता पाउने भयो । जुन मधेशी जनताको लामो समयको त्यागपछि प्राप्त भएको छ । सन्त नेता महन्थ ठाकुरको लामो प्रयासपछि अन्ततगत्वा ओली नेतृत्वको सरकार महन्थ ठाकुरको अगाडी बुझ्न बाध्य भयो र नागरिकता सम्बन्धि विधेयकपास भयो । यसैगरी मधेश आन्दोलनका क्रममा १२० जना सर्वसाधारण माथी लगाइएका झुठा मुद्धा फिर्ता भयो । यो मधेश र मधेशीको लागि ठूलो उपलब्धी मानिन्छ । सरकार बाहिर बसेर पनि यति काम गराउनु चानेचुने कुरा होइन त्यसैले आज मधेशमा महन्थ ठाकुरको जय जयकार भइरहेकोछ । मधेशको मुद्धालाई सम्बोधन गराउन सरकारमा हुनुपर्ने मन्त्री बन्नुपर्ने व्यक्तिलाई ठूलो झड्का लागेको छ । यसैले त जसजति अरुले पाउने भएभनेर पानी बिनाको माछा जस्तै छट्पटाई रहेका छन् । जुन सबैको सामु उदाङ्गो छ । मधेशमा झोले नेताहरुको वृद्धि सँगै सामाजिक संजालमा दोहोरी नै चलेको देखिन्छ । सबभन्दा बढि उदन्ड पूर्व नयाशक्तिबाट आएका झोले कार्यकर्ताहरुले देखाएका छन् । मधेशको इतिहास , मधेशको आत्मनिर्भरता , मधेशको त्याग ,मधेशको अर्थतन्त्र मधेशको सँस्कार बारे ज्ञान नभएका अनि अध्ययन अनुसन्धान नगरेर बसेका , साझ परेपछि भठ्ठी चाहर्दै हिड्ने झोले कार्यकर्ताहरुको रवाफ हेर्दा उपेन्द्र यादवसँग सातजुनी दो्खदेखिएको घनिष्ठता जस्तो गर्न थाल्दछन् । तर ति झोलेहरुलाई यति पनि थाहा छैन की उपेन्द्र यादव यस्ता जातीवादी व्यक्ति हुन जसले ५ नम्बर प्रदेशको अध्यक्ष यादवलाई दिए २ नम्बर प्रदेशको अध्यक्ष यादवलाई दिए , १ नम्बर प्रदेशको अध्यक्ष यादवलाई बनाए, महिला संगठनको अध्यक्ष यादवलाई बनाए, युवा संगठनको अध्यक्ष यादवलाई बनाए, अधिकांश मधेशको जिल्लाको अध्यक्ष यादवलाई दिए , आफ्ना स्वकीय सचिव यादवलाई बनाए । हुँदाहुदै केही समयअघि सुनसरी जिल्ला महेन्द्र राय यादवलाई लिएर गएर पार्टी समायोजन गरेर यादवलाई नै सुनसरीको जिल्ला अध्यक्ष बनाए । उनको जातीवादको भावना वर्तमान समयमा सबैको सामु प्रष्ट हुदै गइरहेको छ । आफुले गरेको सबै काम ठीक र राम्रो हुने तर अरुले गरेको सबै काम नराम्रो र घातपुर्ण देख्ने उनको बानीले वुद्धिजिवी समाज उनी देखी टाढीन पुगेका छन् । मधेशको मुख्य माग नागरिकता सम्बन्धि रहेको तर वर्तमानमा पूरा हुँदा सबैले खुशी मनाउने ठाउँमा उपेन्द्रका केही झोलेहरु बेमौसमी बाजा बजाएर हिडिरहेको छन् । जुन भविष्यमा पार्टीलाई ठूलो खाडल तिर धकेल्नेछ । मधेशको अधिकार प्राप्त गर्नु सबैको लागि खुशीको कुरा हो । उपेन्द्र यादव मन्त्रीको कुर्चीको यादमा यति पागल हुन थालेछन् की जेठ ६ गते रातीमा आफ्ना निकटतम दुत मोहम्मद इस्तियाक राइलाई प्रधानमन्त्री ओलीसँग भेटन पठाएर पार्टीबाट आफ्नो नेतृत्वमा मन्त्रीमण्डल विस्तार गर्नलाई महन्थ ठाकुरलाई मनाउनु भन्न लगाएछन् तर ओलीले अस्वीकार गरेपछि हिस्सै परेर मोहम्मद इस्तियाक राइ फर्केछन् । किन भने मोहम्मद इस्तियाक पनि मन्त्रीको दौडमा छन् । पश्चिमबाट नेतृत्व गर्ने पार्टीमा उनीमात्रै छन् अर्कातिर मुस्लिमको सबभन्दा बढि जनसंख्या भएको जिल्ला बाँके भएकोले मुस्लिमको भोट सुरक्षित रहन्छ भन्ने मनसायले इस्तियाकलाई आफ्ना निकटतम व्यक्तिका रुपमा लिन्छन् । हरेक कुराको सुरुवात पछि अन्त्य हुन्छ भन्ने भनाई यहाँ परिदृश्यत भएको छ । जुन तरिकाले मधेशका मानिसहरु हिजोको दिनमा उनलाई पुजने गर्दथे वर्तमान समयमा ह्रास आएको छ सरल रुपमा भन्नुपर्दा मधेशको ठेकेदारको रुपमा रहेको यादव अवमधेशको ठेक्का यहाँवाट अरुको हितमा जाने निश्चित छ । तर यसमा चिन्ता मान्नुपर्ने विषय छैन किनकी मधेशको लागि राम्रो काम गरेको खण्डमा पछि फेरी मधेशको ठेकेदार बनिन्छ । उपेन्द्रका झोलेहरु यति कम वुद्धि भएका छन् ।की दाङको गढवाका बस्ने मधेशी बाकेको नरैनापुरमा बस्ने मधेशी , कैलालीको धनगढीमा बस्ने मधेशी, कपिलबस्तुको चन्द्रौटामा बस्ने मधेशी सबैलाई विहारी देख्दछन् जबकी यि ठाउँबाट विहार कैयो सय टाढा पर्दछ अर्कातिर पश्चिममा अवधी भाषा बोलिन्छ भने विहारमा अवधी बोलिदैन । अनि सबैलाई विहारी देख्ने उपेन्द्रका झोलेहरुले उपेन्द्र यादवलाई किन बिहारी देख्दैनन् । जबकी उपेन्द्रको गृह जिल्ला सुनसरीसँग विहार जोडिएको छ । तर उपेन्द्रलाई बिहारी नदेख्ने तर पश्चिम मधेशका बासिन्दालाई विहारीको रुपमा देख्ने यस्ता झोलेहरुको वुद्धि पलाउनमा पशुपतिनाथले सहयोग गरुन् । पश्चिम मधेशले आफ्नै प्रकारको विशिष्टता बोकेको छ । त्यहाँबाट थुप्रै मानिसहरु नागरिकताको विषयलाई लिएर सहिद भएका छन् जुन उपेन्द्रका झोले कार्यकर्ताहरुले बुझ्ने कुरा हो । सन्त नेता महन्थ ठाकुरको उचाइमा अझै सम्म स्व. रामजनम तिवारी बाहेक अरु पुग्न सकेका छैनन् । यहा सम्मकी नेपाल सदभावना पार्टीका संस्थापक नेता गजेन्द्र नारायण सिंह पनि ठाकुरको उचाइमा पुग्न सकेनन् । महन्थ ठाकुरको मधेश प्रतिको मोहका कारण आज मधेशको मुद्धा सम्बोधन भएको छ । यदि रेशम चौधरीलाई बाहिर ल्याउन सकेको खण्डमा ठाकुरको नाम मधेशको इतिहासमा स्वर्ण अक्षरमा लेखिनेछ एउटा थारुको छोरा भएर जेल जिवन विताउनु परेको छ । तर प्रचण्डले सार्वजानिक रुपमै १५ हजार मान्छे मारेको जिम्मा लिन्छ भन्दा केही गर्न नसक्ने सरकार रेशम चौधरीलाई बाहिर ल्याउनेछ भन्ने आशा धेरैको छ । आफ्नो समुदायको मुक्तिको लागि गरिएको राजनैतिक आन्दोलनमा केही भटकाउने तत्वहरु सामेल भएर आन्दोलनलाई उग्रतातिर लगेको धेरैको बुझाई रहेकोछ । साँसद रेशम चौधरीलाई न्याय दिलाउन महन्थ ठाकुर निकै पहल गरिरहनु भएको छ । थारुले पनि चाँडै न्याय पाउँछ भन्ने कुरामा सम्पूर्ण देशवासी आशावादी छ । तर जनता समाजवादी पार्टीका दोस्रो तहका अध्यक्ष उपेन्द्र यादव सदनमा कहिल्यै पनि रेशमा चौधरीको बारेमा बोलेनन् । उनी सरकारमा रहदा पनि रेशम चौधरीलाई छुटाउन पहल गरेनन् जसले गर्दा धेरै थारु नेताहरु उनीदेखी रुस्ट छन् । थुप्रै थारु मधेशीका छोरी चेलीलाई द्धण्दकालमा बलात्कार गर्दै हिड्ने माओवादी आज उपेन्द्रको सत्ता साझेदार भएको छ । गौर घटनापछि फोरमलाई खरानी बनाइदिन आफ्ना कार्यकर्तालाई निर्देशन दिने प्रचण्ड आज उपेन्द्र यादवका घनिष्ट मित्र भएको छन् । तर हिजोदेखी सँगै आन्दोलनमा होमिएको मधेशको मुद्धालाई जोडतोडका साथ उठाउँदै आएका त्यागी नेता महन्थ ठाकुर सात जुनीको दुश्मन जस्तै भएका छन् । मधेशको हक अधिकारको लाीग विज्ञान तथा प्राविधीको मन्त्रीको पद त्याग गरी मधेशी जनताको बिचमा आएका थिए ।यस्ता महापुरुष नेता नेपाली राजनितीमा विरलै भेटिन्छन् । जो मन्त्रीको लोभमा परेनन पद भन्दा ठूलो जनताको अधिकार हो भन्ने ठाने । वर्तमानमा केही दिन अघी मात्र प्रधानमन्त्रीको लागि एमालेले राखेको प्रस्तावलाई अस्वीकार गर्दे उनले भनेका थिए मेरो लागि पद ठूलो होइन , जनताको अधिकार ठूलो हो , जनताले अधिकार प्राप्त गर्नु नै मेरो लागि ठूलो कुरा हो । यस्ता महापुरुषले अधिकार दिलाउनुलाई षडयन्त्रको रुपमा देख्ने अनि राष्ट्रिय अखण्डता माथी खतरा देख्ने झोलेहरु पश्चगामी सोच भएका व्यक्तिहरु हुन । जसले आफ्नो वुद्धि विवेकलाई ब्यापक बनाउन सक्दैनन ती व्यक्तिहरु यस्तै यस्तै नकारात्मक सोचबाट थला परिरहेका हुन्छन् । यस्ताहरुको एउटै सोच रहेको हुन्छ । भजन गाउने अनी आर्थिक संकलन गर्दै हिड्ने । जसको कुनै लक्ष्य , उद्देश्य र रणनिती हुदैन । यस्ता भजन मण्डलीहरु अशिक्षित देखी शिक्षित सम्म रहेका छन् । यस्ताहरु विहान उठेपछि मन्दरीमा भएर पुजाआमा गर्नुको साटो कसरी आर्थिक कल्याण गर्न सकिन्छ भन्ने सम्बन्धमा दिमागलाई दौडाउन सुरु गर्दछन् । मधेशको राजनितीमा विगतदेखी वर्तमान सम्म थुप्रै यस्ता घट्ना देखिन्छ जहाँ पैसाको लागि कतिपय मानिसहरु जे गर्न जे लेख्न पनि तयार हुन्छन् । तिनीहरुबाट वर्तमानका युवाहरु सचेत हुनु जरुरी छ । अनिमात्र मधेश र मधेशीको कल्याण हुन्छ । मधेशका सच्चा सपुतहरुको वास्तविकता बाहिर आउछ , अनिमात्र मधेश अग्रगमन तिर दौडन्छ भन्ने सबैको बुझाई रहेको छ ।



# विराटनगरमा ६२ बेडको कोभिड अस्पताल

विराटनगर । प्रदेश १ कै ठूलो सरकारी स्वास्थ्य संस्था कोसी अस्पतालले कोरोना भाइरस संक्रमितको उपचारका लागि कोभिड अस्पताल (कोभिड-१९ युनिट) सञ्चालनमा ल्याएको छ ।

दैनिक कोरोना संक्रमितको संख्या बढेर उपचार असहज बनिरहेका बेला कोभिड अस्पताल सञ्चालनमा ल्याएर उपचारलाई सहज बनाएको अस्पताल विकास समितिका सदस्य मुकेश बुढाथोकीले जानकारी दिए । उनका अनुसार संघीय सरकारको लगानीमा बनेको कोभिड युनिट ६२ बेडको छ ।

'महामारीका समयमा संक्रमितले सहज उपचार पाउन नसकेर अवस्था जर्जर बनिरहेको छ,' बुढाथोकीले भने, 'संक्रमितलाई लक्षित गरेर नयाँ उपचार केन्द्र सञ्चालन गरिएपछि बेड अभावको समस्या केही मात्रामा समाधान हुने अपेक्षा गरिएको छ ।' महामारी सुरु भएपछि कोसीमा पहिलो पटक कोभिड केयर युनिट सञ्चालन गरेर संक्रमितको उपचार थालिएको उनको भनाइ छ ।

युनिटमा पाँचवटा भेन्टिलेटर, २४ वटा आइसियू र बाँकी अक्सिजनसहितका बेड छन् । बिहीबारबाट सञ्चालनमा आएको युनिटमा गम्भीर प्रकृतिका छजना संक्रमित भर्ना गरिएको छ । जसमा तीनजना आइसीयू र तीनजना एचडीयूमा उपचाररत छन् ।

अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. चुमनलाल दासका अनुसार यसअघि अस्पतालमा १० बेडको आइसोलेसन मात्रै थियो । कोसीको प्रयोगशालामा पीसीआर परीक्षण गराउँदा कोरोना पुष्टि भएका संक्रमितलाई उपचारका लागि कोसी अस्पताल कोभिड-१९ उपचार केन्द्र पठाउने गरिएको दासको भनाइ छ । उपचार केन्द्र प्रदेश १ सरकारले सञ्चालन गरेको हो ।

अब भने रिपोर्ट पोजिटिभ आएका बिरामीलाई आफ्नै कोभिड केयर युनिटमा राखेर उपचार गर्न सकिने अवस्था बनेको डा. दासको भनाइ छ । सबैतिर बेड अभावको समस्या भोग्नु परिरहेका बेला अब अवस्था केही सहज बन्ने अपेक्षा गरिएको उनले बताए ।

अस्पताललाई काठमाडौंस्थित सोहनलाल रामपियारीदेवि काजलीवाल फाउण्डेसनका तर्फबाट अध्यक्ष शंकरलाल अग्रवालले एक करोड ११ लाख रुपैयाँ सहयोग गरेको जानकारी दासले दिए ।

युनिटको संयोजकमा डा. दिनेश न्यौपाने, क्रिटिकल केयरमा डा. प्रवीन झा, व्यवस्थापनमा डा. सुधीर श्रेष्ठ र फोकल पर्सनमा गजेन्द्र यादव रहेका छन् । युनिटमा १८ जना पारामेडिक्स, २१ जना नर्स, १९ जना चिकित्सक र १३ जना कार्यालय सहयोगी खटाइएको छ ।

प्रदेश १ सरकारले सञ्चालन गरेको कोसी अस्पताल कोभिड-१९ उपचार केन्द्रमा पनि कोसी अस्पतालबाटै जनशक्ति परिचालन गरिएको छ । मोरङका प्रमुख जिल्ला अधिकारी कोषहरि निरौलाले संक्रमित बढेर बेडको चरम अभाव भइरहेका बेला कोभिड केयर युनिट सञ्चालनले केही राहत पुग्ने बताए । युनिटमा गम्भीर अवस्थाका संक्रमितले पनि उपचार पाउने उनको भनाइ छ ।

## मधेश अपडेट

### प्रभु साहको क्षेत्रमा दीपावली

गौर । नागरिकतासम्बन्धी अध्यादेश प्रमाणीकरण भएको खुशीयालीमा निवर्तमान शहरी विकास मन्त्री एवम् नेता प्रभु साहको निर्वाचन क्षेत्रसहित रौतहटका विभिन्न स्थानमा दीपावली गरिएको छ । आइतबार राष्ट्रपति विद्यादेवी भण्डारीले नेपाल नागरिक अध्यादेश (पहिलो संशोधन) २०७८ प्रमाणीकरण गरेकी हुन । यस विधेयकले लाखौं नागरिकताविहीन नेपालीको कल्याण हुने भन्दै पहल गरेकोमा प्रभु साह र सरकारलाई धन्यवाद दिदै स्थानीयले दीपावली गरेका छन् । नेता साहको निर्वाचन क्षेत्र रौतहट-३ को कटहरीया नगरपालिका, फतुवा विजयपुर नगरपालिका, देवाही गोनाही नगरपालिका, मौलापुर नगरपालिकाको गाउँ गाउँमा दीपावली गरिएको हो । यस बाहेक रौतहट सदरमुकाम गौर, राजदेवी, बौधीमाईलगायतका स्थानहरूमा दीपावली गरिएको हो । नेता साहले निरन्तर नागरिकताको समस्या समाधान गर्नका लागि पार्टी भित्र र बाहिर संघर्ष गरेर विजय हासिल गरी जनतालाई खुशी बनाएकोमा दीपावली गरेको स्थानीयले बताएका छन् । नेपाल नागरिकता अध्यादेश प्रमाणीकरण भएसंगै अब 'जन्मसिद्ध' नेपाली नागरिकता लिएका व्यक्तिका सन्तानले वंशजका आधारमा नागरिकता लिन पाउनेछन् भने बाबुको पहिचान नभएका सन्तानलाई आमाका नामबाट वंशजका आधारमा नागरिकता दिइने छ/ । अध्यादेशसंगै अब विदेशी बुहारीले पनि नागरिकता लिन ७ वर्ष कुर्नु नपर्ने भएको छ । गत असार ७ गते नागरिकता विधेयकबारे तत्कालिन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को सचिवालय बैठकले गरेको निर्णयको ठाडो विरोधमा नेकपाकै नेता साह उभिएका थिए ।

### हिन्दू स्वयंसेवक संघको मानवीय सेवा

वीरगञ्ज । कोरोना संक्रमण बढिरहेका बेला हिन्दु स्वयंसेवक संघ नेपाल पर्साले मानवीय उद्धार कार्यमा आफ्ना सेवा कार्यलाई थप विस्तार गरेको छ । कोरोना महामारीबाट प्रभावित व्यक्तिहरुलाई राहत तथा उद्धारको कार्य संघले संचालन गर्दै आएकोमा त्यसलाई थप विस्तार गरी औषधीसमेत उपलब्ध गराउनेतर्फ अग्रसरता देखाएको छ । कोरोना संक्रमित विरामीहरुलाई नि:शुल्क रुपमा औषधी उपलब्ध गराउन संघले औषधी बैंकको सेवा संचालनमा ल्याएको छ । वीरगन्ज १६ बाईपास (माँ बैष्णो मन्दिर) नजिक रहेको हिन्दु स्वयंसेवक संघ कार्यालय (केशवधाम भवन) बाट कोरोना संक्रमितहरुका लागि औषधी नि:शुल्क वितरण कार्य शुरु गरिएको जनकपुर सम्भागका कार्यवाहले जानकारी गराए । एक कार्यक्रमका बीच वीरगन्ज महानगरपालिकाका नगर प्रमुख विजय कुमार सरावगीले औषधी बैंकको उदघाट्न गर्दै संघले महामारी जस्तो गम्भीर परिस्थितिमा पनि आफ्नो स्वास्थ्यको ख्याल नगरी मानवीय सेवालाई थप निरन्तरता दिएकोप्रति अभार प्रकट गरे । संघले संचालनमा ल्याएको औषधी बैंकमा कोरोना संक्रमित देखिएका विरामीहरुको लागि पूर्ण प्याकेज औषधी नि:शुल्क उपलब्ध गराइने छ । कोरोना संक्रमित भएको रिपोर्ट वा चिकित्सकको सल्लाह अनुसारको विरामीलाई २४ सैं घण्टा औषधी उपलब्ध गराइने संघले जनाएको छ ।

### कैलालीमा आइसोलेसन सेन्टर सञ्चालनमा

धनगढी । कैलालीको गेटास्थित गेटा मेडिकल कलेजमा निर्माण गरिएको आइसोलेसन सेन्टर सञ्चालनमा आएको छ । तीनै तहका सरकारको सक्रियतामा मेडिकल कलेजमा निर्मित आइसोलेसन आजबाट सञ्चालनमा आएको हो । यस आइसोलेसन सेन्टरमा तीन वटा स्थानीय तहबाट स्वास्थ्यकर्मी खटिएका छन् भने हाललाई ५० बेड तयार गरेर अक्सिजनसमेत तयारी अवस्थामा राखिएको छ । गेटा मेडिकल कलेजलाई आइसोलेसन बनाउने संघीय सरकारको निर्णयसँगै २ हजार बेड क्षमतासम्म बनाउनका लागि तत्कालिन उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री लेखराज भट्ट आफै उपस्थित भएर निर्माण सुरु गर्न लगाएका थिए । कैलालीका धनगढी, गोदावरी र गौरीगंगा नगरपालिकाले समेत केही उपकरण र जनशक्ति खटाएका छन् । गोदावरी नगरपालिकाका प्रवक्ता तथा गेटा मेडिकल कलेज आइसोलेसनका सम्पर्क व्यक्ति सर्मानन्द भट्टका अनुसार ५० बेडसहित अक्सिजन तयारी अवस्थामा छ ।

### 'खान नपाएर मर्न सक्ने अवस्था आउन नदिनू'

विराटनगर । उच्च अदालत विराटनगरले कोरोनाको कहरमा परेका बिपन्न नागरिकको पहिचान गरेर उनीहरुलाई खानाको व्यवस्था गर्न प्रदेश १ सरकार र संघीय सरकारका नाममा आदेश जारी गरेको छ । न्यायाधीश प्रेमराज ढकालको इजलासले कोरोना संक्रमण नियन्त्रणका लागि जारी गरिएको निषेधाज्ञाका कारण संकटमा परेका नागरिकलाई खाद्यान्नको उचित व्यवस्था मिलाउन सरकारका नाममा आइतबार आदेश दिएको हो । जीवन जोखिममा परेका नागरिकको पहिचान गरेर भोजनको उचित व्यवस्था मिलाउन सरकारका नाममा आदेश जारी भएको उच्च अदालतका सूचना अधिकारी ओमराज सुवेदीले जानकारी दिए । 'नेपालको संविधानको धारा ३६ खाद्य सम्बन्धी हकको उपधारा २ मा प्रत्येक नागरिकलाई खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक छ,' आदेशमा भनिएको छ, 'खान नपाएका कारणले मर्न सक्ने अवस्था आउन नदिनू राज्यको कर्तव्य हो ।' सुवेदीका अनुसार आदेशमार्फत निषेधाज्ञाका कारण ज्याला मजदुरीसमेत गर्न नपाइ जीवन जोखिममा परेका नागरिकको पहिचान हुन आएमा त्यस्ता नागरिकलाई भोजनको उचित व्यवस्था मिलाउन भनिएको छ । निषेधाज्ञाका कारण दैनिक मजदुरी गरी गुजारा चलाउने अपाङ्गतालगायत सडक पेटीमा बसेर गुजारा गरिरहेका भोकै मर्ने अवस्था सिर्जना भएको उल्लेख गर्दै अधिवक्ता पेशलकुमार न्यौपानेले रिट दायर गरेका थिए । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र प्रदेश १ मुख्यमन्त्रीको कार्यालयलाई विपक्षी बनाएर रिट दायर गरिएको थियो । उच्च अदालतले रिटमाथि आइतबार सुनुवाइ गर्दै सरकारका नाममा आदेश दिएको सूचना अधिकारी सुवेदीको भनाइ छ ।

### जानकी मन्दिरमा सवा किलो सुनको भेटी

जनकपुरधाम । जानकी नवमीको अवसरमा जानकी मन्दिरमा सवा १ किलोको सूनको भेटी चढाइएको छ। जानकी मन्दिरका महन्त राम तपेश्वर दास वैष्णवले १ किलो र श्रद्धालु निर्मला देवीले २५० ग्राम सुन जानकी मन्दिरमा चढाएका हुन् । सीताको जन्मको स्मरणमा प्रत्येक वर्ष जानकी मन्दिरमा धुमधामको साथ जानकी नवमी मनाइने गरिन्छ । यस वर्ष कोरोनाको दोस्रो लहरको कारण धनुषामा निषेधाज्ञा लगाइएकाले जानकी नवमी प्रभावित भएको छ । कोरोनाका कारण अहिले जानकी मन्दिरको मुख्यद्वार बन्द गरिएको छ । यसवर्ष मन्दिरका पुजारी तथा केही धर्मानुरागीको उपस्थितिमा जानकी नवमी मनाइएको हो । कोरोनाको त्रास तथा नेपालको विभिन्न जिल्लामा निषेधाज्ञा जारी रहेकोले आज घरघरमा दियो बाली आरती गर्न महन्थ दासले आग्रह गरेका छन् । गत वर्षसमेत कोरोनाको कारण जानकी नवमी प्रभावित भएको थियो भने मन्दिरमा केक चढाएको भन्दै कडा आलोचनासमेत भएको थियो ।

### पत्रकार चौधरीको परिवारलाई किरिया खर्च

रौतहट । दिवंगत पत्रकार तथा दुई संस्थाका लेखापाल मनोजकुमार चौधरीको किरियाखर्च भनी तीन संस्थाले आश्रित परिवारलाई सहयोग उपलब्ध गराएका छन् । गरुडास्थित श्री माध्यमकि विद्यालयले एक लाख एकाउन्न हजार र मध्यरौतहट बहुमुखी क्याम्पसले एकाउन्न हजार रुपैयाको चेक मृतकका दाजु रामकृष्ण चौधरीलाई हस्तान्तरण गरेका छन् । मृतक चौधरी दुवै संस्थाका लेखापाल पदमा कार्यरत थिए । यसैगरी रेडियो मधेस मसला एफएम गरुडाले पचास हजार पाँच सय रुपैया बराबरको चेक हस्तान्तरण गरेको छ । मृतक चौधरी एफएमका सञ्चालक समिति सदस्य तथा स्टेशन मैनेजर थिए । मृतक चौधरीको निवासमै पुगेर वडाध्यक्ष तथा माबि गरुडाको व्यवस्थापन समिति अध्यक्ष चुनचुनप्रसा साह, मध्यरौतहट बहुमुखी क्याम्पस गरुडाका अध्यक्ष लक्ष्मण साह, माबि गरुडाका प्रधानाध्यापक प्रभु राउत पटेल, क्याम्पस प्रमुख प्रेमलाल साहलगायतले शोक व्यक्त गर्दै किरियाखर्च हस्तान्तरण गरेका हुन् । यसैबीच बज्जिका साहित्य संगम रौतहटले चौधरीप्रति श्रद्धान्जली अर्पण गर्न शोकसभा सम्पन्न गरेको छ । जुम प्रविधिबाट भएको कार्यक्रमको अध्यक्षता संस्थाका अध्यक्ष किशुनदयाल श्रीकृष्ण गरेका थिए । मृतक चौधरी संगमका कोषाध्क्ष थिए । मृतक चौधरीको व्यक्तित्व तथा कृतित्वको बारेमा सञ्जय साह मित्र, रेणु गुप्ता, रामअधार पासवान, भोला पासवान, शेख चाँद अलि, संगीता सहनीलगायतले प्रकाश पार्दै शोक प्रस्ताव पारित गरेका छन् ।

### तिलोत्तमामा 'ट्राफिक लाइट' जडान

बुटवल । रुपन्देहीको तिलोत्तमा नगरपालिकाले सिक्सलेन सडकको मणिग्राम चोकमा ट्राफिक लाइट जडान गरेको छ । मणिग्राममा जडान गरिएको ट्राफिक लाइट लुम्बिनी प्रदेशकै पहिलो रहेको लुम्बिनी प्रदेश ट्राफिक प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक डम्बर बहादुर विश्वकर्माले जानकारी दिए । नगरकै सबैभन्दा बढी सवारी आवागमन हुने मणिग्राम चोकमा नगरपालिकाले आफ्नै स्रोतमा ट्राफिक लाइट व्यवस्थापन गरेको हो । ट्राफिक लाइटको कन्ट्रोल मंगलापुरमा रहेको ट्राफिक प्रहरी पोष्टबाट हुने नगरपालिकाले जनाएको छ । ट्राफिक लाइटको मंगलबार शुभारम्भ गर्दै नगर प्रमुख बासुदेव घिमिरेले मणिग्राममा जडान गरिएको ट्राफिक लाइटको प्रभावकारितासँगै यसलाई सिक्सलेन सडकका अन्य चोकहरुमा समेत विस्तार गरिने बताए । ट्राफिक लाइटको कन्ट्रोलका लागि चाहिने उपकरण व्यवस्थापनमा ट्राफिक प्रहरीलाई नगरपालिकाले सहयोग गर्ने स्पष्ट पार्दै उनले ट्राफिक लाइटको परिपालना, यसको संरक्षण गर्ने दायित्व हामी सबैको रहेको बताए । ट्राफिक प्रमुख विश्वकर्माले तिलोत्तमाले आफ्नै स्रोतमा ट्राफिक लाइटको व्यवस्थापन गर्नु अरुको लागि पनि अनुकरणीय कार्य रहेको बताए । प्रदेश ट्राफिक प्रहरीले बुटवल–भैरहवा सिक्सलेन सडकलाई अन्तर्राष्ट्रिय ट्राफिक नियमको परिपालना गर्ने/गराउने सडकको रुपमा लिएको बताउँदै उनले ट्राफिक लाइट व्यवस्थापनले त्यसलाई सहज गराउने स्पष्ट पारे । जिल्ला प्रहरी कार्यालय रुपन्देहीका प्रमुख प्रहरी उपरीक्षक मनोज कुमार केसीले ट्राफिक लाइट सडक विकासको एउटा सूचक रहेको चर्चा गर्दै यसले ट्राफिक व्यवस्थापनमा टेवा पुऱ्याउने बताए । ट्राफिक लाइटको नियम परिपालना गराउन केही समय लाग्ने भए पनि यसमा सडक प्रयोगकर्ता अभ्यस्त भएपछि ट्राफिक व्यवस्थापनमा प्रहरीलाई यसलाई सहयोग पुऱ्याउने उनको भनाइ छ ।

### किसानले मकैको उचित मूल्य पाएनन्

सर्लाही । सर्लाहीमा मकैको उचित मूल्य नपाउँदा किसान चिन्तित भएका छन् । दुई बर्ष अगाडी तिन हजारदेखि ३२ सय रुपैयाँ प्रतिकुन्टल बिक्री भएको मकैले यस बर्ष २ हजार पनि पाउन सकेको छैन । गत बर्ष पनि लकडाउनकै कारण मकै किसानले प्रतिक्विन्टल २ हजार रुपैयाँमै चित्त बुझाएका थिए । यस वर्ष पनि बिक्री गर्ने समयमा निषेधाज्ञा भएपछि व्यापारीले मकैको मनपरी भाउ तोकेका छन् । मकैले मूल्य नपाएपछि घरमै राखेको मकैमा घुन र पुतली लाग्न थालेको छ । यस वर्ष मकैबाट किसानको लगानी समेत नउठ्ने देखिएको छ । गतवर्ष फौजी किराको प्रकोपबाट बचाएको मकैले मूल्य नपाउँदा किसान निरास देखिएका छन् । सर्लाहीमा १७ हजार हेक्टर क्षेत्रफलमा मकै खेती हुने गरेको कृषि ज्ञान केन्द्र मलंगवाले जनाएको छ ।

# महामारीमा पनि सत्तापक्ष र विपक्ष विभाजित



ललित कुमार यादव

घरभित्रै वसेर कोरोना महामारीलाई परास्तरु गर्न सरकारले आफ्नाे नागरिकलाई आग्रह गरिरहेको छ। सरकारले उपचार दिन नसक्दा नसक्दै पनि यो आग्रहलाई नागरिक शिरोपर गरिरहेका छन्। प्राणवायु अक्सिजनको अभावमा कयौ नागरिकले ज्यान गुमाएका छन्। आईसियु र भेन्टिपलेटरको अभाव पनि कायम नै छ। बेड पाउन नसकेकाहरु भुईमै भए पनि उपचार गराएका छन्। सरकारले समान्यि बेडमा पनि उपचार दिन सकेको छैन। अहिले पनि दैनिक रुपमा संक्रमणबाट अनाहकमा ज्यान गुमाने नेपाली नागरिकको संख्याय दुई सयकै हराहारिमा छ। दैनिक थपिने संक्रमितको संख्याहमा पनि कमि आएको छैनासरकारी तथ्यायङ्कमा अटाउन नसकेका ज्याान गुमाएका नागरिकको संख्या पनि कम छैन्।कोरोनाले भन्दा भोकले मर्न लागियो भन्दै नागरिक महामारीमै भारत फर्किन थालेका छन। ती नागरिकलाई कसले रोक्ने जवाफ सरकारसँग छैन ।

कोरोना महामारीबाट सुरक्षित गर्नसबै नागरिलाई खोप लगाउनु बाहेकको विकल्प छैन । सहयोगको केही थान खोप ल्याएर खोप कार्यक्रम संचालन गरेकोमा प्रधानमन्त्री ओली महामारीलाई नै प्रास्त गरे जसरी दंग छन्। खोप कार्यक्रम अनिश्चियतता तिर गएकोमा सरकारलाई कुनै दुख छैन्। न त कुनै चिन्तानै छ। अहिले कोरोना संक्रमणलाई नियन्त्रयण गर्नमा सरकारले सम्पुर्ण शक्ति खर्चिनु पर्ने हो। तर प्रधानमन्त्रीहले उल्टो दिशाको यात्राको शूभारम्भ गरेका छन्। प्रधानमन्त्री ओलीले विश्वाचसको मत पाउन नसकेको प्रतिनिधिसभालाई पुनः विघटन गरिदिएका छन्। यसअघि पनि उनले ५ पुसमा विघटन गरेका थिए। फाल्गुण ११ गते सर्वोच्चर अदालतको फैसलाले प्रतिनिधिसभा पुनर्स्थापना भएको थियो। अदालतको निर्णयका कारण पछाडि हटेका प्रधानमन्त्री ओलीले फेरि विघटनको यात्रा तय गर्ने अनुमान पनि गरिएको थियो। पुनर्जिवन पाएको ८७ दिनमै पुनः प्रधानमन्त्री ओलीले नै प्रतिनिधिसभालाई मृत्युव शययामा पुर्याापइ दिएका छन्। अहिलेको प्रतिनिधिसभाको जिवन मा नपराएकै कारण प्रधानमन्त्रीगले प्रतिनिधिसभालाई विजनेस विहिन बनाउदै आएका थिए। आफ्ना स्वार्थमा मात्र अधिवेशन अव्हान गर्ने र अन्त्य गर्ने गरेका थिए।

अहिलेको अवश्यनकता कोरोना महामरीलाई कम भन्दान कम क्षति गरेको अवस्थामा नै रोक्न सक्नु हो। सरकारको प्राथमिकतामा बढी भन्दाह बढी नागरिकको ज्यान जोगाउने विषय पर्नुपर्थ्यो। सरकारले कोरोना महामारी नियन्त्र ण गर्ने वाहेकको विषयमा ध्यान दिनसक्ने समय सरकारसँग छैन। आफ्ना नागरिक उपचार अभावमा मरेको टुलुटुलु देख्नष सक्ने साहस सायदै कहिको सरकारमा होला। तर हाम्रा प्रधानमन्त्रीी र राष्ट्रमपतिलाई नागरिकले जिउनकै लागि गर्नु परेको संघर्षले पनि छुन सकेको छैनान त संघर्ष गर्दा गर्दै मृत्यु वरण गर्न बाध्य नागरिकको मृत्यु र आफ्नतका पिडाले नै छुन सकेको छ। अहिले देशका सम्पुर्ण राजनीतिक शक्ति एक भएर नागरिकको पिडामा मलहम लगाउने काम गर्न सकेको भए नागरिको राजनीतिक दल र राज्य प्रतिको भरोसा बलियो भएर आउथ्यो। सरकारले सम्पुर्ण नागरिकको अभिभावक आफु रहेको प्रमाणित गर्न सकेको छैन्। नागरिक देश सरकार विहिन रहेको अवस्था जस्तै आफ्ना लागि अत्यावश्युक स्वास्थ्य सामाग्रीको व्यवस्थापन समेत आफैले गर्नु पर्ने बाध्यतामा छन्। सरकार नागरिकको अभिभावक हुन सकेको भए अहिले ज्यान गुमाउन बाध्य रहेकै संख्योमा नागरिकले ज्यान गुमाउने अवस्था नआउन सक्थ्यो । संक्रमितको परिवारजनले पनि सास्ती खेप्नुध पर्ने थिएन ।

देश संकटमा रहेको बेला राजनीतिक दलहरुले एकताको प्रदर्शन गर्न सकेको भए देशकै सौभाग्यको विषय हुन्थ्यो। नागरिकको लागि उत्साहको विषय हुन्थ्यो। संकटमा नागरिकको मनोबल कमजोर हुन दिनु हुदैन थियो। कमजोर मनोबलका साथ संकटमाथि विजय प्राप्त गर्न नसकिने यथार्थलाई हामि कसैले नकार्न सक्दैनौं। स्वयम सरकारले पनि नकार्न सक्दैन। नागरिकको मनोबल उच्च बनाई राख्नथ राष्ट्रिलय सहमतिको आवश्कनता थियो। नागरिकले सरकारलाई विश्वानस गर्ने वतावरण बनाउन पनि दलहरुबिच विवादको अन्तमय हुनै पर्थ्यो। यसको लागि प्रधानमन्त्री स्वयम अग्रसर हुनु पर्थ्यो। प्रधानमन्त्री अग्रसर नभएको अवस्थामा दलहरुबिच समझदारि बनाएर देश र नागरिलाई फस्दै गएको महामारीको दलदलबाट बचाउन राष्ट्रन प्रमुख राष्ट्रचपतिले दलहरुलाई आग्रह गर्न सक्नु पर्थ्यो। यदि राष्ट्र पतिले संकटमा पनि दलहरुलाई मिलाउने र देश र नागरिकको हितमा उभयाउन प्रयास गर्न सकेन भने राष्ट्रथपतिले राष्ट्र प्रमुखको भुमिका निर्वाह गर्न सकेको मान्नक सकिदैन्। राष्ट्ररपतिको काम प्रधानमन्त्रीलले गरेका सबै सिफारिसहरु मसि नसुक्दै सदर गर्नु मात्र होईन। तर हाम्रा राष्ट्ररपतिले यस वाहेक केही गर्न सकेकी छैनन्। देश, नागरिक र संविधानप्रति उनको कुनै जिम्मेवारि नै नरहेको देखिन्छि।

यदि यस्तै नै हो भने नागरिकले तिरेको करबाट पाल्ने राष्ट्र पति किन चाहियो ? राष्ट्रनपति भण्डीमा आफ्नो दक्षता र क्षमता भएको भए मुलुकले एउटा निकास पाउन सक्थ्यो। देशले राष्ट्ररपतिबाटा अपेक्षा गरेको पदीय भुमिकामात्र निर्वाह गर्न सकेको भए देश राजनीतिक संकटमा फस्ने थिएन होला। दलहरुबिच कुनै न कुनै सम्झदारि बन्नेर थियो। पुनः संसदनै विघटन हुने अवस्था नआउन सक्थ्यो।

राष्ट्रिपति भण्डाथरीले अर्को सरकार गठनका लागि दावी गर्न प्रधानमन्त्री को कारिन्दासजस्तै बनेर कुनै ढिलाई नगरि दलहरुलाई २१ घण्टोको मात्र समय दिइन। ७६ को ५ अनुसारको प्रकृयामा जान ओलीको राजिनामाको आवश्यईकता राष्ट्र पति भण्डा रीले देखिनन्। ७६ को ५ को कर्मकाण्डीक प्रकृया पुर्याईउन मात्र ओलीले चाहेको र सो ही अनुसार राष्ट्रटपतिले दलहरुलाई थोरै समय दिएर प्रकृया पुरा गर्ने काम राष्ट्रापतिबाट भयो। सो समयमा प्रमुख प्रतिपक्षी दलको नेताले १४९ जना सांसदको हस्ताक्षर सहित प्रधानमन्त्री को लागि दाबी पेश गरे। उता विश्वाखसको मत प्राप्तन हुन नसक्ने भनेर अर्को सरकार बनाउने प्रकृया अगाडी बढाउन लगाएका र सो ही दिन बालुवाटरबाट दिक्कस भैसकेको अब प्रधानमन्त्रीन हुने मन छैन भनेका प्रधानमन्त्रीी ओलीले पनि १५३ सांसदको समर्थन आफुलाई रहेको दाबी सहित प्रधानमन्त्रीनमा दाबी पेश गरे। संविधान अनुसार ओलीले दाबी गर्न पाउने भए पनि नैतिक रुपमा र संविधानको मर्म अनुसार ओलीको दाबी शतप्रतिशत गलत थियो । राष्ट्र पति भण्डाररी पनि ओलीकै इसरामा चलेको कारण ओलीलाई प्रतिनिधिसभा विघटन गर्ने बाटो खुल्ला गरि दिइन। रातारात प्रधानमन्त्रीनको सिफारिसमा प्रतिनिधिसभा विघटन भएको घोषणा राष्ट्रघपति भण्डाीरीबाट भयो।

संसद विघटनसँगै २६ कार्तिकमा पहिलो र ३ मंशिरमा दोस्रो चरणको मध्यावदी निर्वाचन हुने मिति तोकिएको छ। देशको अवस्था हेर्दा आबधीक निर्वाचन पनि गराउन सम्भव छैन। यस्तोमा प्रधानमन्त्री ले गराउने निर्वाचन घोषणा गरेका हुन कि संवैधानिक बाध्यता पुरा गरेका हुन ? यो गम्भिर प्रश्नत नेपाली राजनीतिमा उठेको छ। पक्कै पनि अहिले निर्वाचनमा जान सक्ने अवस्था छैन। प्रतिपक्षले पुनः सम्मानित सर्वोच्च अदालतलाई गुहारेको छ। सम्मानित सर्वोच्च अदालतले विघटन सम्बन्धुमा आफ्नाे फैसला नसुनाए सम्म सत्तापक्ष की विपक्षको अडान जायज रहेको विषयमा आम नेपाली नागरिकको पनि एउटै धारणा बन्नरु सक्ने अवस्था छैन।

कोरोना संक्रमणको दोस्रो लहरलाई जित्न संघर्षमा रहेको मुलुकले अझै कतिऔ लहरको सामना गर्नु पर्ने हो कुनै ठेगान छैन। अहिले नागरिकले दोस्रो लहरबाटै कहिले सम्ममा मुक्ति पाउने कुनै ठेगान छैन। नेपाली राजनीतिक दलका नेताहरु भारतको इसरामा चल्ने गरेको आरोप लाग्नेम गरेको छातर हाम्रा प्रधानमन्त्री ले मोदीको गल्तीबाट केही सिक्न नसकेको विश्वाकस गर्न सकिदैन। मोदीले कोरोनामाथि जित हासिल गरेको भ्रममा परेर गराएको चुनाव र आयोजना गरेको धार्मिक कार्यक्रमले भारतलाई अहिलेको अवस्थामा ल्याई पुर्या एको यथार्थबाट हामी कोही अनविज्ञ छौं, जस्तो मलाई लागेको छैन। केही हदसम्म त्यसबाट हामी पनि प्रभावित भएका नै छौं। हाम्रै देशमा भएको राजनीतिक विवादका कारन आयोजना भएका राजनीतिक र्यापलीहरु पनि अहिलेको अवस्थाका लागि त्यति नै जिम्मेवार छ। यस्तो अवस्थामा पनि गराउने निर्वाचन कसैले घोषणा गर्छ। प्रधानमन्त्री ओलीले पनि गराउने निर्वाचन घोषणा गरेकै छैनन।

प्रधानमन्त्री ओलीले आफ्नो अधिनायकवादी बाटो रोक्न सक्ने प्रतिनिधिसभाको विघटन खोजेका थिए। त्यसमा सफल पनि भएका छन्। निर्वाचनको घोषणा केवल संवैधानिक बाध्यनताले भएको हो । यो कुनै हुने निर्वाचन होईन। जननिर्वाचित संसदलाई आफु अल्पमतमा परेकै कारण विघटन गर्नेको उद्देश्यक कुनै हालतमा निर्वाचन हुन सक्दैन। त्यसमा पनि देश सकि नसकि महामरिको सामना गर्न बाध्य रहेको बेल मध्याबधी निर्वाचन घोषणा गर्ने कार्य प्रधानमन्त्रीलको मुर्खता बाहेक केहि हुन सक्दैन। तर हाम्रा प्रधानमन्त्री ओली चतुर रहेकाले उहाको उद्देश्यर निर्वाचन हुदै होईन। उहाबाट मुर्खतपुर्ण निर्णय लिने कार्यको अपेक्षा समेत गर्न सकिदैन। यसमा सबै नागरिक र राजनीतिक दलहरु प्रस्ट भए हुन्छ । प्रधानमन्त्री ओली प्रतिनिधिसभा कायम रहेको समयमा पनि अध्यादेश ल्याउदै शासन संचालन गरेका थिए। प्रधानमन्त्रीखले संसदबाट बजेट ल्याउन खोजेको भए अहिले सम्म बजेट अधिवेशन अव्हान नै नगरि बसि राख्थे। संसदलाई विश्वातस गरेको भए सरकारको निति तथा कार्यक्रम नल्याई चुप लागेर सरकार बस्थ्यो। नागरिकलाई राहत दिन सक्ने क्षमता नरहेको सरकारले निर्वाचनको लागि अर्बौ रकम काहाबाट व्यवस्थापन गर्छ। व्यवस्थापन गरे पनि अहिलेको आवश्यलकता खोप कि निर्वाचन ? यति मसिनो कुरा पनि प्रधानमन्त्री लाई थाह छैन भनेर कसले पत्याइदिने। नागरिकले खोप खोजेका छन, तर प्रधानमन्त्री बृद्ध भत्ता बढाई दिने सपना बाँडदै हिँडे जस्तै प्रधानमन्त्री ले मुलुक निर्वाचनतर्फ अगाडी बढेको भने पनि मुलुक कोरोना महामारीसँगै राजनीतिक महासंकटमा फसेको छ। प्रधानमन्त्री ओलीले अध्यादेशको भरमा कसैको रोकटोकबिनै देश चलाउन संसद विघटन गरेका हुन। प्रधानमन्त्री ओलीको प्रतिगमनको सिलसिला काहा गएर रोकिने हो र देश र नागरिकले भोग्नु पर्ने सास्ति र क्षतिको आँकलन कुनै राजनीतिक पण्डिमतले गर्न सक्ने अवस्था छैन।

lkskeshariaaryan@gmail.com


- जीवनाशक विषादीहरू निःसन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. २, धनुषा, नेपाल
सम्पर्क नं. : ०१५२२३५०
इमेल : malcprovince2@gmail.com


## संक्षिप्त समाचार

### उपेन्द्र-बाबुरामसहितका नेताहरूको पुतला दहन

काठमाडौं । मधेशका मसिहा भनिएका उपेन्द्र यादवविरुद्ध नै मधेशमा अहिले प्रदर्शन र पुतला दहनसमेत सुरु भइसकेको छ । उपेन्द्र यादवसहित जसपाका केही नेताहरु मधेशविरोधी गतिविधिमा लागेको आरोपहरु लाग्न थालेका छन् । मधेशी जनताको भावना भावनाअनुसार जसपा निर्माण भएको तर एकताविपरीत गतिविधिमा लागेको, पार्टी विभाजन गर्न खोजेको, नागरिकता विधेयकको विरुद्धमा गतिविधि गरेको लगायतका आरोपहरु उपेन्द्रप्रति तेर्सिएका छन् । यसैगरी, जनकपुरधाममा पनि मंगलबार उपेन्द्र यादव, डा.बाबुराम भट्टराई, शेरबहादुर देउवा, प्रचण्ड, माधव कुमार नेपाललगायतका नेताहरुको पुतला दहन गरिएको छ । कुनै बेला केपी ओलीलाई मधेश विरोधी भनेर भनिन्थ्यो, अहिले मधेशमा उही केपी ओलीको जय-जयकार हुन थालेको छ ।

### बाँकेमा जेठ १७ गतेसम्म निषेधाज्ञा थप

नेपालगञ्ज ॥ बाँकेमा जारी निषेधाज्ञा जेठ १७ गतेसम्म लम्बिने भएको छ । जिल्ला प्रशासन कार्यालय बाँकेले कोरोना भाइरसको जोखिम कायमै रहेकाले निषेधाज्ञा थप एकहप्ता लम्ब्याउने निर्णय गरेको हो । डीसीएमसीको बैठकले निषेधाज्ञालाई निरन्तरता दिन सिफारिस गरेको छ । कोरोना भाइरस संक्रमण तिव्र रुपमा फैलिएपछि बाँके प्रशासनले यसको रोकथाम र नियन्त्रणका लागि गएको १३ गतेदेखि बाँकेमा एकहप्ताका लागि निषेधाज्ञा जारी गरेको थियो । त्यसपछि हप्ता/हप्ता दिन थप गर्दै जेठ १० गतेसम्म पुऱ्याइएको हो । अब जारी निषेधाज्ञा थप एकसाता बढाउने तयारी छ । जिल्लामा निषेधाज्ञाको समयअवधि थपिए पनि बजारमा भने भिडभाड उस्तै छ । नागरिक स्तरबाटै निषेधाज्ञाको पालना भएको देखिँदैन ।

### मास्क कालोबजारी गर्ने फार्मेसी संचालक पक्राउ

मोरङ । मास्कको कालोबजारी गरेको अभियोगमा अधिकारी फार्मेसीका संचालक विराटनगर महानगरपालिका-९ बस्ने ३१ वर्षीय भुपेन्द्र नाथ अधिकारीलाई प्रहरीले पक्राउ गरेको छ । अधिकारीले सोही महानगरपालिका-७ कोशी अस्पताल अगाडि संचालन गरेको उक्त फार्मेसीबाट सुनसरी नगरपालिका-७ बस्ने ३७ वर्षीय श्याम चौधरीलाई ६ हजार ८ सय ८० रुपैयाँ पर्ने सिलिकन फूल फेस मास्कलाई ८ हजार ५ सय रुपैयाँमा विक्री गरेको भन्ने सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरीले १ थान सिलिकन फूल फेस मास्कसहित उनलाई शनिबार साँझ फार्मेसीबाटै पक्राउ गरेको हो । उनलाई कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ कसूर अन्तर्गत कारवाही प्रकृया अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

### कटुवा पेस्तोलसहित तीन जना पक्राउ

सिरहा । लहान नगरपालिका-१ मटियर्वा लवटोली बस्ने २५ वर्षीय करण पूर्वे लगायत ३ जनालाई १ थान कटुवा पेस्तोल र सोही पेस्तोलको १ थान गोलीसहित प्रहरीले पक्राउ गरेको छ । सोही नगरपालिका-१ कृष्णटोल बस्ने ईन्द्रदेव ठाकुरको घरबाट गत वैशाख २८ गते नगद ६ लाख रुपैयाँ, २ तोला सुन र करिब २० तोला चाँदी चोरी गरी फरार रहेको घटनामा समेत संलग्न रही फरार रहेका उनीहरुको खोजी गर्न ईलाका प्रहरी कार्यालय लहानबाट खटिएको प्रहरीले तीनै जनाको घर तलासी गर्दा पुर्वेको घरमा लुकाई राखेको उक्त हतियार सहित फेला पारी पक्राउ गरेको हो ।

### पूर्वसभापति आचार्यको निधन

जनकपुरधाम । नेपाल पत्रकार महासंघ धनुषाका पूर्वसभापति माधव आचार्यको ८० वर्षको उमेरमा निधन भएको छ । लामो समयदेखि क्यान्सर रोगबाट पीडित आचार्यको काठमाडौंस्थित निवासमा शनिबार निधन भएको हो । धनुषामा रहेर पाँच दशक लामो पत्रकारिता गरेका आचार्य जिल्लाबाट निरन्तर रुपमा प्रकाशति हुँदै आएको जनआकांक्षा साप्ताहिकका सम्पादक एवं प्रकाशक थिए । नेपालमा भएको प्रजातान्त्रिक आन्दोलनमा प्रजातन्त्रको पक्षमा कमल चलाए बापत कैयन पटक जेल भोगेका आचार्यलाई पछिल्लो पटक क्यान्सरले च्यापेपछि देश तथा विदेशमा समेत उपचार गराएका थिए। त्यसपछि चिकित्सकको परामर्शमा घरमा नै औषधि सेवन गर्दै उपचार गरिरहेका थिए । महासंघ धनुषाका पूर्वसभापति आचार्यको निधनप्रति नेपाल पत्रकार महासंघ प्रादेशिक समितिका प्रदेश २ का अध्यक्ष राजेश कर्ण तथा धनुषा जिल्ला अध्यक्ष मनिका झाले श्रद्धाञ्जली अर्पण गर्दै अभिभाव गुमाएको बताएका छन् । आचार्यका श्रीमती र तनि छोरा रहेका छन् । उनको पशुपति आर्यघाटमा अन्तिम संस्कार गरिएको छ । उनको जन्म १९९८ सालमा सिन्धुलीमा भएको थियो ।

### धारिलो हतियार हसियाँ प्रहारबाट मृत्यु

बाँके । कोहलपुर नगरपालिका-१२ चप्परगौडी बस्ने २० वर्षीय पोषण वलीको धारिलो हतियार हसियाँ प्रहारबाट बुधबार राति मृत्यु भएको छ । घरायसी बादविवादको कारण उनकै बुबा ५० वर्षीय ठाकुर प्रसाद वलीले हसियाँ प्रहार गर्दा पोषण गम्भीर घाइते भएको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय कोहलपुरबाट खटिएको प्रहरीले घाइतेलाई उपचारका लागि भेरी अस्पताल नेपालगंज पठाएकोमा उपचारको क्रममा उनको मृत्यु भएको हो । अभियुक्त ठाकुर प्रसादलाई नियन्त्रणमा लिएर यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### एक सय किलो गाँजासहित पक्राउ

सुनसरी । धरान उपमहानगरपालिका-२ स्थित सडकबाट को.१ च ५५५९ नम्बरको एम्बुलेन्समा ल्याउँदै गरेको १ सय किलो अवैध लागूऔषध गाँजा जस्तो देखिने पदार्थ सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । सोमबार साँझ पक्राउ पर्नेहरुमा उक्त एम्बुलेन्स चालक धरान उपमहानगरपालिका-१५ बस्ने ३६ वर्षीय बल बहादुर लिम्बु र सोही उपमहानगरपालिका-११ बस्ने धनकुटा सहिदभूमि गाउँपालिका-१ घर भएका २८ वर्षीय पोशन राई रहेका छन् । धनकुटा भेडेटारबाट धरानतर्फ आउँदै गरेको उक्त एम्बुलेन्सलाई प्रहरीले जाँच गर्ने क्रममा एम्बुलेन्स पछाडीको भागमा ४ वटा झोलामा रहेको उक्त परिमाणको गाँजा सहित फेला पारी पक्राउ गरेको हो । उनीहरु उपर लागूऔषध मुद्दामा थप अनुसन्धान भइरहेको ईलाका प्रहरी कार्यालय धरान सुनसरीले जनाएको छ ।

### कुटपिटबाट कामदारको मृत्यु

कपिलवस्तु । कृष्णनगर नगरपालिका-१२ सोनबर्षा बस्ने नरेन्द्र यादवको घरमा काम गर्दै आएका सोही नगरपालिका-४ सिर्सिहवा बस्ने ३२ वर्षीय ठाकुर कोरीको कुटपिटबाट मृत्यु भएको छ । करिब ७ महिना अगाडिदेखि उक्त घरमा काम गर्दै आएका उनलाई वैशाख २९ गते नरेन्द्र र उनकै छोरा मुरज यादवले कुटपिट गरी घाइते बनाएको र मंगलबार मृत्यु भएको भएको थियो । खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय कृष्णनगर र प्रहरी चौकी सिर्सिहवाबाट प्रहरी टोली खटिगएको छ । कुटपिटमा संलग्न हाल हाल फरार दुवै जनाको खोजी गर्नुका साथै यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### जगदम्बा स्टिल फ्याक्ट्रीमा पक्राउ

बारा । जितपुरसिमरा उपमहानगरपालिका-२ स्थित जगदम्बा स्टिल फ्याक्ट्रीमा ट्रान्सफर्मरमा बिद्युत सर्ट भई मंगलबार बिहान आगलागी भएको छ । सो आगलागीबाट २ हजार ५ सय किलो केभिको ट्रान्सफर्मर, २ हजार केभिको क्यापसिटर र १ हजार केभिको क्यापसिटर पूर्ण रुपमा जलेर करिब ४ करोड रुपैयाँ बराबरको धनमाल नष्ट भएको छ । प्रहरी, दमकल र स्थानीय बासिन्दाको सहयोगमा आगलागी नियन्त्रणमा लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### पट्रोलियम पदार्थ सशस्त्र प्रहरीद्वारा बरामद

बाँके । बाँके जिल्लाको नरैनापुर गाउँपालिका २ स्थित सीमा ईलाकाबाट जेठ १२ गते सशस्त्र प्रहरीले करीव २ लाख ८४ हजार रुपैयाँ बराबरको चोरीनिकासीको पेट्रोलियम पदार्थ बरामद गरेको छ । नेपालबाट अवैध रुपले भारततर्फ लैजाँदै गरेको उल्लेखित मुल्य बराबरको ३१ सय लिटर डिजेल र ५० लिटर पेट्रोल सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्ट कट्कुईयाबाट खटिएको सशस्त्र प्रहरीले बरामद गरेको हो । बरामद पेट्रोलियम पदार्थ भन्सार कार्यालय जमुनहामा बुझाईएको छ ।

### ब्राउनसुगरसहित दुई जना पक्राउ

कपिलवस्तु । मायादेबी गाउँपालिका-३ फुलीकाबाट ६ ग्राम ५ मिलिग्राम अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ सहित २ जनालाई मंगलबार राति प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा रुपन्देही कन्चन गाउँपालिका-५ बस्ने २७ वर्षीय मदन कुमार दर्लामी मगर र सोही ठाउँ बस्ने २८ वर्षीय बिनोद दर्लामी मगर रहेका छन् । बरोहियाबाट पचेहेरातर्फ जाँदै गरेको बा.८० प ९६९० नम्बरको मोटरसाइकललाई ईलाका प्रहरी कार्यालय पकडीबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार उनीहरुलाई उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

रुपन्देही । चार वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा कञ्चन गाउँपालिका-४ बुद्धनगर बस्ने ५३ वर्षीय हेमलाल गन्धर्वलाई मंगलबार साँझ प्रहरीले पक्राउ गरेको छ । गन्धर्वले ती बालिकालाई आफ्नै घरमा जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय रुद्रपुरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

### मोटरसाइकलबाट लडेर मृत्यु

कैलाली । धनगढी उपमहानगरपालिका-१८ एफ गाँउस्थित सडकमा सु.प.प्र.०१-००८ प ४०६४ नम्बरको मोटरसाइकलबाट लडेर मोटरसाइकलमा सवार सोही ठाउँ बस्ने ५० वर्षीया राम जानकी चौधरीको सोमबार दिउँसो मृत्यु भएको छ । लडेर गम्भीर घाइते भएकी उनको माया मेट्रो प्रालि अस्पताल धनगढीमा उपचारको क्रममा मृत्यु भएको हो ।

### डुबेर मृत्यु

रुपन्देही । ओमसतीया गाउँपालिका-५ पिप्रहीया बस्ने ६५ वर्षीय गोबिन्द गाहाको सोही ठाउँस्थित रोहीणी खोलामा डुबेर सोमबार दिउँसो मृत्यु भएको छ । खोलामा माछा मार्ने क्रममा डुबेर अशक्त भएका उनको मेडिकल कलेज भैरहवामा उपचारको क्रममा मृत्यु भएको हो ।

# नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०७८

प्रमाणीकरण मिति : २०७८।२।९
संवत् २०७८ सालको अध्यादेश नं. ११
नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको अध्यादेश

प्रस्तावना : नेपाल नागरिकता ऐन, २०६३ लाई तत्काल संशोधन गर्न वाञ्छनीय भएको र हाल संघीय संसदको अधिवेशन नभएकोले,

नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट यो अध्यादेश जारी भएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस अध्यादेशको नाम "नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०७८" रहेको छ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ मा संशोधन : नेपाल नागरिकता ऐन, २०६३ (यसपछि "मूल ऐन" भनिएको) को, -

(१) उपदफा (३) मा रहेका "नेपाल सरहदभित्र" भन्ने शब्दहरुको सट्टा "नेपालभित्र" भन्ने शब्द राखी सोही उपदफामा रहेका "पितृत्व मातृत्वको" भन्ने शब्दहरुको सट्टा "पितृत्व र मातृत्वको" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपदफा (३) पछि देहायका उपदफा (४), (५) र (६) थपिएका छन्, :-

"(४) संवद् २०७२ साल असोज ३ गतेभन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुवै नेपालको नागरिक रहेछन् भने निजको उमेर सोह्र वर्ष पूरा भएपछि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ ।

(५) नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिले वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ ।

(६) उपदफा (५) बमोजिम नागरिकता प्राप्त गरेको कुनै व्यक्तिको बाबु विदेशी रहेको ठहरेमा त्यस्तो व्यक्तिले वंशजको आधारमा लिएको नागरिकता कायम रहने छैन र निजले बाबुको नागरिकताको आधारमा विदेशी मुलुकको नागरिकता प्राप्त नगरेको भनी तोकिएबमोजिम स्वघोषणा गरेमा निजको नागरिकतालाई अंगीकृत नागरिकतामा परिणत गरिनेछ ।"

३. मूल ऐनको दफा ८ मा संशोधन : मूल ऐनको दफा ८ को,-

(१) उपदफा (१) को खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छ :-

"(क१) नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिको हकमा निजको बाबुको पहिचान हुन नसकेको व्यहोराको निज र निजको आमाले गरेको तोकिए बमोजिमको स्वघोषणा,

तर निवेदन दिँदाका बखत त्यस्तो व्यक्तिको आमाको मृत्यु भइसकेको वा होस् ठेगानमा नरहेको अवस्थामा सोको प्रमाणसहित निवेदकले गरेको स्वघोषणा संलग्न गर्नु पर्नेछ ।"

(२) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छ :-

"(१क) उपदफा (१) को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा (३) को उपदफा (४) बमोजिम नागरिकताको प्रमाणपत्र लिन निवेदन दिँदा बाबु र आमा दुवैको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नु पर्नेछ ।"

४. मूल ऐनको दफा २१ मा संशोधन : मूल ऐनको दफा २१ को उपदफा (३) पछि देहायका उपदफा (३क) र (३ख) थपिएका छन् :-

"(३क) कसैले दफा ३ को उपदफा (६) बमोजिम गरेको स्वघोषणा झुट्टो ठहरेमा त्यस्ता झुट्टो स्वघोषणा गर्ने व्यक्तिलाई छ महिनादेखि एक वर्षसम्म कैद वा पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ । झुट्टो स्वघोषणा गरी नागरिकता प्राप्त गरे वापत यस उपदफा बमोजिम सजाय भएमा त्यसरी प्राप्त गरेको नागरिकता स्वतः रद्द हुनेछ ।

(३ख) कसैले दफा ८ को उपदफा (१) को खण्ड (क१) बमोजिम गरेको स्वघोषणा झुट्टो ठहरेमा त्यस्तो झुट्टो स्वघोषणा गर्ने व्यक्तिलाई एक वर्षदेखि तीन वर्षसम्म कैद वा एक लाख रुपैयाँदेखि तीन लाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ । झुट्टो स्वघोषणा गरी नागरिकता प्राप्त गरे वापत यस उपदफा बमोजिम सजाय भएमा त्यसरी प्राप्त गरेको नागरिकता स्वतः रद्द हुनेछ ।"

राष्ट्रपतिको कार्यालय

राष्ट्रपति भवन
महाराजगञ्ज, काठमाडौं, नेपाल ।

विज्ञप्ति

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्को सिफारिसमा देहाय बमोजिमको अध्यादेश जारी गर्नु भएको छः

| क्र.सं. | अध्यादेशको नाम |
|---|---|
| १. | नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०७८ |

२०७८।२।१५
(केशव प्रसाद घिमिरे)
सहायक प्रवक्ता

# दूरदर्शी मधेशी जसले लागू हुनुभन्दा पहिले संविधान जलाए



कौशल गोपालवंशी

२०७२ असोज ३ गते नेपालले नयाँ "संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान २०७२" जारी भयो । दुई पल्ट संविधान सभाको चुनावपछि मात्र यो संविधान बन्यो । यो संविधान बन्दा ९३ % सभासदको सहमतिबाट राष्ट्रपतिले पारित गऱ्यो । प्रतिशतको हिसाबले यो विश्वकै उत्कृष्ट संविधान हो भन्ने गरिन्छ । तर व्यावहारिक रुपमा चाहि यो संविधान विश्वकै उत्कृष्ट संविधान हो भन्ने लाग्दैन ।

संविधान लागू हुनुभन्दा ३ महिना अगाडिदेखि मधेशी समुदायले आन्दोलन गर्दै थियो । यति विरोधका बाबजुद पनि संविधान पारित गऱ्यो । संविधानमा धेरै त्रुटि भएकोले मधेशी राजनीतिक विज्ञले संविधान पुनर्लेखन गर्नुपर्ने भने, तर पहाडी र केही निच सोचको मधेशीहरुले जबर्जस्ती मधेशी माथि संविधान लागू गऱ्यो । संविधान पारित भएको दिनदेखि ६ महिनासम्म मधेश आन्दोलन चल्यो । जम्मा कुल मिलाएर ९ महिनासम्म आन्दोलन चल्यो तर मधेशीको कुरा कसैले सुनेन । यी क्रममा १५० मधेशीको ज्यान गयो र हजारौं अपांग भएका छन् ।

यो संविधानको जन्मिने बितिकै मधेशीको रगत खान थाल्यो । रगतमाथि पौडी खेल्ने नेपालको घृणित राजनीतिले १५० ओटा मधेशीको हत्या गरी संविधानलाई स्वागत गरियो । मधेशमा काला दिन त पहाडमा दिपावली । यो संविधानको जन्मदेखि नै जनतामाथि अन्याय हुन थल्यो । यो जनताको लागि होइन शासक वर्गका लागि बनाइएको संविधान हो । यो मधेशी जनता शुरुदेखि नै बुझेका छन् । त्यहीं भएर मधेशीले सधैं यो संविधान संशोधन हुनुपर्छ भन्ने माग राखेका छन् । संविधान संशोधनको मागलाई गैरमधेशी जनताले बुझेनन्, गैरमधेशी समुदाय सधै मधेशीलाई संकुचित मानसिकता भएको मान्छन् । हुन त आफ्ना स्वविवेक कुनै कुरा बुझ्न नसकेपछि यस्तो अमानवीय सोच राख्नु स्वाभाविक नै हो । मधेशीले यो संविधान जनताको हितमा छैन भन्ने कुरा शुरुदेखि नै भन्दै गरेको देखिन्छ । तर आफूलाई उच्चस्तरीय सोच भएको ठान्नेले यो कुरा बुझेन । आज संविधान बनेको ६ वर्ष पूरा हुन लाग्यो, अहिलेसम्म पूर्ण कार्यान्वयन हुन सकेको छैन । अहिलेसम्म महत्वपूर्ण नियम कानुन पनि बनेको छैन । अति आवश्यक नीति नियमको निर्माण नभएकोले नेपालमै बस्ने सपना देखेको लाखौं युवाहरूको भविष्यसँग खेलवाड भएको छ । राष्ट्रसेवक कर्मचारीहरु निराश छन् । देशवासीहरु दिनप्रति दिन कुपोषित हुँदै गएको देखिन्छ । भ्रष्टाचार दिन प्रति दिन बढ्दैछ, स्वर्ग जस्तो देशमा जंगली जनावरहरु राज गर्दैछन् ।

सर्वश्रेष्ठ प्राणीलाई जनावर जस्तो व्यवहार गर्दैछन् । यति हुँदा पनि यी संविधान हाम्रो पक्षमा छैन भनेको कुरा नेपाली जनताले बुझेको छैन । अझै पनि जसले यस्तो संविधान ल्यायो तिनै पार्टीको झण्डा लिएर समर्थन गर्दैछन् । आखिर कहिलेसम्म यसरी बस्ने हो ? अब त यो संविधानको विरोधमा आवाज उठाउ । अब त मधेशीले उठाएको आवाजलाई समर्थन गरौं । अब अझै कति खोक्रो स्वाभिमानको घमण्ड गर्ने, अब त मधेशीलाई साथ देऊ ।

इतिहास साक्षी छ, नेपालमा लागू गरिएका जति पनि संविधान छन्, त्यो कुनै सफल भएको छैन । किनकि सबैमा मधेशीलाई दबाएर राख्न खोजेका थिए । जबसम्म मधेशीको माग पूरा हुँदैनन् तबसम्म यो देशले स्थिरता पाउनेवाला छैन । मधेश बिनाको नेपाल, पिंध बिनाको घौंटो हो । त्यहीं भएर नेपाललाई स्थिरता ल्याउन मधेशलाई स्थिर बनाउनु पर्छ ।

जबसम्म मधेशप्रति अन्याय रहन्छ तबसम्म नेपाल भ्रष्ट र गरिब रहन्छ । जसरी मधेशीले दूरदर्शितापूर्वक यो संविधान त्रुटि पुर्ण हो भन्यो त्यसरी नै गैरमधेशी समुदायले पनि आफ्नो दूरदर्शिता प्रयोग गरी यी संविधानको त्रुटि औंल्याउनु पर्ने छ । नत्र यो देशको हालत के हुन्छ भन्न सकिन्न । आज तिनै त्रुटिको कारणले देश फेरि अस्थिरतातिर गएको छ । अहिले सुरुवात छ, समस्या त दिनप्रति दिन अझै बढ्ने देखिन्छ ।

# लालबन्दीको माछा बजार दुर्गन्धित

सर्लाही । लालबन्दी नगरपालिका–७ को माछा बजार दिन प्रतिदिन दुर्गन्धित भएको छ । सामान्य पानी पर्दा पनि हिल्लामे हुने र फोहोर व्यवस्थापनसमेत उचित तरिकाबाट नहुनुका साथै लालबन्दीको बीचमा हप्तामा दुई दिन लाग्ने बजारको व्यवस्थापन नहुँदा दिन प्रतिदिन दयनीय बन्दै गएको छ । नगरपालिका–७ को भित्री बजारमा सोमबार र बिहीबार बजार लाग्ने गर्दछ ।

बजारको व्यावस्थापन समिति रहेपनि बजारको व्यवस्थापन गर्न चासो नदेखाएका कारण बजारमा किनमेल गर्न जानेहरु पनि हैरान भएका छन् । भाँडाकुँडा, खाद्यान्न तथा कपडाहरु र श्रृङ्गारका सामानहरुको स्थायी सटरहरु बनाइएका भएपनि पशुपंक्षी तथा तरकारी र माछामासुका लागि भने बाहिरै राख्नुपर्ने बाध्यता रहेको र ती सामाग्रीहरुबाट निस्केका फोहोरको व्यावस्थापन गर्न सरोकारवाला निकाय बजार व्यावस्थापन समिति र वडाध्यक्षले चासो नदेखाउँदा आफूहरु दुर्गन्धित बजारमा व्यापार गर्न बाध्य भएको व्यापारीहरुको गुनासो छ। आफूहरुले व्यापार व्यासाय गरेवापत समिति, वडा कार्यलय र विद्यालयलाई कर समेत बुझाइरहेको व्यापारीहरुले बताएका छन् । यस क्षेत्रमा लगाइने बजार जनज्योति मावि लालबन्दीको जमीन रहेको र उसले बजार बसाएर कर लिने गरेको छ । सो बजारमा करीब ८०० स्टलहरु रहेका र प्रतिसटरको प्रतिफिट नापेर विद्यालयले कर असुल्ने गरेको छ। सटर नहुने र अस्थायी रुपमा बस्नेहरुका लागि भने समितिले हप्ते कर असुल्ने गरेको छ । यसरी कर तिरेर आफूहरु बसेको भएपनि समिति र विद्यालयले कुनै व्यावस्था नगरिदिँदा वर्षामा घुँडाघुँडा पानी जम्ने गरेको व्यापारीहरुको गुनासो छ ।

# प्रेस युनियन कपिलवस्तु संक्रमित पत्रकारको घरदैलोमा स्वास्थ्य जााच र परामर्श गर्दै

कपिलवस्तु । नेपाल प्रेस यनियन कपिलवस्तुले जिल्लाका कोभिड १९ संक्रमित पत्रकारहरुलाई घरदैलोमा स्वास्थ्य जाँच तथा परामर्श सेवा सूरु गरेको छ । जिल्लामा कार्यरत पत्रकारहरु संक्रमित भएको जानकारी आउन साथ डाक्टर तथा स्वास्थ्यकर्मी सहतिको टोलि पत्रकारको घरमै गएर ज्वारो परिक्षण, अक्सिजनको मात्रा परिक्षण, मुटुको धडकन लगायतका परीक्षण गरिएको छ । परीक्षणका लागि जिल्ला आयुर्वेद कार्यालयका प्रमुख प्रवेश श्रीवास्तव, डा. आषिश चौधरी लगायतको स्वास्थ्य टोलीलाई घरदैलौमा लगिएको छ । त्यस्तै युनियनले जिल्लाका पत्रकारहरुलाई स्वास्थ्य समस्या आउन साथ कोराना फोकल पर्सन विनोद अधिकारीलाई तोकेर २४ सै घण्टा समस्या जानकारी गराउने सयन्त्र निर्माण गरि काम गरिएको युनियन कपिलवस्तु सभापति गोपाल भण्डारीले जानकारी दिए । जिल्लाका संक्रमित पत्रकार तथा उनिहरुको परिवारलाई कोरोना संक्रमित भएमा डाक्टर सहितको सेवा घरमा पुर्‍याउने साथै अक्सिजनको मात्रा कमी भएका सिलिण्डर लिएर सम्म घरदैलो सम्म जाने, औषधी व्यवस्था समेत युनियनले गरेको सभापति भण्डारीले बताए । त्यस्तै कोरोना भएको वेलामा समस्या भएका दिउसो १ देखी २ बजे सम्म परामर्शको लागि डा. अमुल्य पाठक संग सहकार्य गरी परामर्श सेवा दिइएको छ भने विहान ७ बजे देखी राती ९ बजे सम्म परामर्श तथा सल्लाहा र मनोवैज्ञानीक जानकारीको लागि स्टाफ नर्स सिर्जना ढकाल संग सम्पर्क गर्ने व्यवस्था मिलाइएको छ । डाक्टर सहित घरदैलो सेवामा जादा संक्रमितलाई मायाको चिनो र आत्मल वढाउन वास किट, हाइजेनिक किट लगायतका साम्रागि समेत प्रदान गरिरहेको युनियन सचिव मणि प्रसाद गैह्रले बताए । पत्रकार तथा परिवारलाई कुनै समस्या हुनसाथ स्वास्थ्य उपचार परामर्श, एमबुलेन्स सेवा लगायतको व्यवस्थापनमा समेत सहजिकरण गरिएको सचिव गैह्रले बताए । हालसम्म दोस्रो चरणको कोराना भाइरसको कारण संक्रमित जिल्लाका ६ जना पत्रकारलाई घरदैलो स्वास्थ्य परामर्श तथा मायाको चिनो प्रदान गरिसकेको जिल्ला सदस्य बसन्त बन्जाडेले बताए । पत्रकारहरुलाई समस्या पर्दा घरदैलोमा स्वास्थ्य जाचं तथा भेटघाट गरि आत्मवल बढाउने काम भएकोमा आफुहरु खुसी हुनुका साथै युनिसयनको सर्हानिय कार्य भएको पत्रकार महासंघ कपिलवस्तुकी उपाध्यक्ष स्वोता योगीले बताइन् ।


नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।

यसबाट बच्ने उपायहरू :

० कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
० अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
० खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
० कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
० जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
० सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
० ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
० कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

लालकिशोर साह
नगरप्रमुख
जनकपुरधाम उपमहानगरपालिका, धनुषा, प्रदेश २


नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।

यसबाट बच्ने उपायहरू :

० कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
० अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
० खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
० कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
० जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
० सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
० ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
० कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।


हरिप्रसाद मण्डल
नगरप्रमुख
मटिहानी नगरपालिका, महोत्तरी, प्रदेश २

## विश्व परिवेश

# भारत–अमेरिका सम्बन्ध महत्वपूर्ण : विदेशमन्त्री जयशंकर

भारत-अमेरिका सम्बन्धलाई विश्वको प्रमुख सम्बन्धका रूपमा वर्णन गर्दै विदेश मन्त्री एस जयशंकरले बुधबार भने कि नयाँ दिल्ली र वाशिंगटन समक्ष चुनौती भनेको उनीहरूको मौलिक, सामाजिक र भौगोलिक राजनीतिक अभिसरणलाई कार्यान्वयन गर्ने नीतिलाई कसरी अनुवाद गर्ने भन्ने हो। जयशंकरले हूवर संस्थाले प्रस्तुत गरेको 'बैटलग्राउन्ड्स' सत्रमा पूर्व अमेरिकी राष्ट्रीय सुरक्षा सल्लाहकार, जनरल एचआर म्याकमास्टरसँग भर्चुअल वार्तालापमा भने कि अमेरिका र भारत सम्बन्ध अघि बढ्नको लागि उनीसँग "ठूलो एजेन्डा" छ।

"मलाई लाग्छ हाम्रो सम्बन्धले अब लामो यात्रा तय गरिसकेको छ। यो आज संसारको प्रमुख सम्बन्धहरू मध्येको एक हो र मेरो आफ्नै व्यक्तिगत धारणा यो हो कि वाशिंगटनले आज यस सम्बन्धले के गर्न सक्दछ भन्ने सम्भावनाको वास्तविक मूल्यांकन गरेको छ। नयाँ दिल्लीको पनि सत्य यही नै रहेको छ।" मन्त्रीले भने।

"कुराकानीमा ल्याइएका धेरै मुद्दाहरू जस्तो महामारीको प्रभाव, बिभिन्न शक्तिको उदयलाई ध्यानमा राख्नु हाम्रो लागि चुनौती हो। आज हामी सबैले यो बुझेका छौं कि कुनै १ वा २ वा ३ देश सँग विश्व कस्तो हुनुपर्छ भनेर निर्णय गर्ने क्षमता अहिले छैन।"

"आजको संसार साँच्चिकै बहुध्रुवीय छ र जब यो हो भने देशहरूले एक अर्कासँग कसरी अझ बढी प्रभावकारी ढंगले काम गर्ने भनेर सिक्नु महत्त्वपूर्ण छ।" उनले यस सन्दर्भमा अमेरिकी सोचमा ठूलो परिवर्तन आएको ध्यान मा राख्दै भने।

"त्यसकारण संयुक्त राज्य अमेरिकामा आफैंलाई पुनर्निर्माण गर्ने मात्र नभएर आफ्नो अवस्थाको मूल्याङ्कन गर्ने र एक तरीकाले पुनः रणनीति बनाउन पनि ठूलो क्षमता छ।" उनले भने।

"जब यस दिनका प्रमुख मुद्दाहरूको कुरा आउँछ, हुनसक्छ किनभने हामी बहुलतावादी समाज हौं, किनभने हामी राजनीतिक लोकतन्त्र हौं, किनभने हामी बजार अर्थतन्त्र हौं, त्यसकारण हामीमा आधारभूत एकता छ।" जयशंकरले बुझाए। उनले भने कि यी अभिसरणहरू सामाजिक र भू-राजनीतिक हुन्। मलाई लाग्छ कि हाम्रो अगाडि चुनौती भनेको ती अभिसरणहरूलाई कसरी कार्यान्वयन गर्ने र नीतिमा अनुवाद गर्ने भन्ने हो। उनले भने, उनी निश्चित रूपमा यी मुद्दामा बिडेन प्रशासनसँग काम गर्न तत्पर छन्। विदेश मन्त्री जयशंकर २४-२८ मे सम्म संयुक्त राज्य अमेरिकाको भ्रमणमा छन्। उनी आइतबार न्यूयोर्क आइपुगे र संयुक्त राष्ट्रका महासचिव एन्टोनियो गुटेरेसलाई भेटे। उनी बुधवार वाशिंगटन गए जहाँ उनले अमेरिकी विदेश सचिव एन्टोनी ब्लेन्केनलाई भेट्ने आशा गरिएको छ। जयशंकरको अमेरिकी राष्ट्रिय सुरक्षा सल्लाहकार जेक सुलिवान, बिडेन प्रशासनका अन्य वरिष्ठ अधिकारीहरू, प्रभावशाली सांसदहरू, थिंक-ट्यांकहरू, कर्पोरेट क्षेत्रका नेताहरू र भारतीय अमेरिकी समुदायका सदस्यहरूसँग पनि भेट गर्ने कार्यक्रम छ।

जनवरीमा राष्ट्रपति जो बिडेनले पदभार ग्रहण गरेपछि एक वरिष्ठ भारतीय मन्त्रीको संयुक्त राज्य अमेरिकाको यो पहिलो भ्रमण हो।

# भारतमा कोरोनाविरुद्धको सामग्री निर्यात गर्दा युएईले कर नलिने

युएई । कोरोना भाइरसको पहिलो लहरलाई सफलतापूर्वक नियन्त्रणमा लिँदै खोप उत्पादन गरेको भारतले विश्वका विभिन्न मुलुकहरूलाई खोप उपलब्ध गराइरहेको छ । तर, अहिले भारतको स्वास्थ्य प्रणालीलाई नै चुनौती दिने गरी आएको दोस्रो लहरका क्रममा भारतलाई सहयोग गर्ने मुलुकहरूले विभिन्न स्वास्थ्य सामग्री, ओषधि, अक्सिजनलगायतको सहयोग गरिरहेका छन् ।

यससँगै भारतमा कोरोनाविरुद्धको सामग्री निर्यातमा लाग्ने राजस्वमा छुट दिनेसमेत विभिन्न मुलुकका सरकारहरूले निर्णय गरेका छन् । जसमा युएईको वित्त मन्त्रालयले मे ३ मा एक विशेष निर्देशिका जारी गर्दै भारतमा कोरोनाविरुद्धको सामग्री पठाउँदा कुनै पनि प्रकारको राजस्व नलाग्ने जनाएको हो । यो निर्देशिका जुन ३० सम्म मात्रै लागु हुने बताइएको छ ।

सरकारले विभिन्न सहयोग गर्न चाहने सङ्घसंस्थाहरू, कर्पोरेटहरू तथा विभिन्न सहयोगी दाताहरूले कोरोनाविरुद्धको सामग्री पठाउन चाहिरहेको भए पनि चर्को कर हटाउन माग गरिएपछि यस्तो निर्णय गरेको बताइएको छ । उनीहरूले भारतलाई निःशुल्क लाखौंको स्वास्थ्य सामग्री उपलब्ध गराइरहेका छन् । यससँगै यसअघि नै भन्सारमा रोकिएका कोरोनाविरुद्धका स्वास्थ्य सामग्रीहरूलाई पनि छोड्न सरकारले भन्सार कार्यालयहरूलाई आग्रहसमेत गरेको छ ।

# मानव तस्करीको जालो तोड्न बेलायत र भारतले विशेष पहल गर्ने

लन्डन । भारत र बेलायतले मानव तस्करीको जालोलाई तोड्नका लागि विशेष पहल गर्ने भएका छन् । बेलायती अधिकारीहरूले भारतीय प्रहरीसँगको सहकार्यमा मानव तस्करहरूको समूहलाई निस्तेज पार्नका लागि विशेष अप्रेसन सञ्चालन गर्ने भएको हो ।

यससँगै अवैध आप्रवासनको समस्यालाई पनि समाधान गर्न दुवै मुलुक सहमत भएका छन् । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र बेलायती समकक्षी बोरिस् जोनसनबिच भएको भर्चुअल संवादका क्रममा मानव तस्करी अहिलेको मूल समस्या भएको र यसको जाललाई तोड्नका लागि पहल गर्ने सहमति भएको हो ।

दुवै मुलुकबिच २०३० रोडम्यापमा सहमति भएपछि अपराध, व्यापार, स्वास्थ्य, जलवायु परिवर्तन, आप्रवासन, शिक्षा, विज्ञान र रक्षा क्षेत्रमा काम गर्ने समझदारी भएको हो । सन् २०३० सम्म दुवै मुलुकले आपसी हित र विश्वव्यापी प्रभावका विषयमा पनि छलफल गरेका छन् ।

युरोपियन युनियनबाट अलग भएको बेलायतले एसिया क्षेत्रमा आफ्नो व्यापारलाई बढाउन चाहिरहेको छ । यस्तो अवस्थामा बेलायतका लागि भारत नै उपयुक्त मुलुक भएका कारण बेलायतले यस्तो सहमति गरेको हो । यससँगै दुवै मुलुकहरूले विश्वभर बढ्दै गरेको चिनियाँ प्रभावलाई रोक्नका लागि पनि पहल गर्ने सहमति भएको छ ।

दुवै प्रधानमन्त्रीले द्विपक्षीय सम्बन्धलाई बृहत् रणनीतिक साझेदारीको आधारमा अघि बढाउने विषयमा पनि जोड दिएका छन् । यस रोडम्यापले आगामी १० वर्षमा नागरिक नागरिकबिचको सम्बन्ध र विभिन्न आर्थिक, सामाजिक तथा सांस्कृतिक क्षेत्रमा गहिरो र बलियो सम्बन्ध कायम हुनेसमेत जनाइएको छ ।

## खोपको विकसमा बेलायत-भारत सहकार्य

लन्डन । बेलायती प्रधानमन्त्री बोरिस् जोन्सनले कोरोना भाइरसविरुद्धको खोपको चमत्कारिक केन्द्रमा बेलायत र भारतबीच सहकार्य भएको बताएका छन् । उनले दुवै मुलुकबीचको पछिल्लो सहकार्यले भारतीय व्यापारीहरूलाई बेलायतमा र बेलायतका व्यापारीहरूलाई भारतमा नयाँ अवसरका ढोका खुला गरिदिएको समेत बताएका छन् । भारत र बेलायतबीच १.४ बिलियन अमेरिकी डलरको व्यापार तथा लगानी सम्झौता भएको छ । उक्त सम्झौतापछि दुवै मुलुकबीचको पछिल्लो सहकार्यले अवसरका ढोकाहरूलाई थप फराकिलो बनाएको उनले बताएका हुन् ।

उनले कोरोना भाइरसको महामारी वर्तमान मानव जीवनको सबैभन्दा ठुलो विश्वव्यापी चुनौती भएकोसमेत बताए । यस महामारीलाई परास्त गर्नका लागि मुलुकहरूले एकापसमा खुला हृदयका साथ सहकार्य गरेर अघि बढ्नुपर्नेमा जोड दिएका छन् । हाल भारतलाई सङ्कट परेको बेला सहयोग गर्न पाउँदा निकै गर्व महसुस भएकोसमेत प्रधानमन्त्री जोनसनले बताएका छन् । यसअघि प्रधानमन्त्री जोनसनले एक हजार भेन्टिलेटर भारतलाई सहयोग गर्ने घोषणसमेत गरेका थिए । यससँगै बेलायतले थप २०० भेन्टिलेटरहरू, ४९५ अक्सिजन कन्सनट्रेर्टस र तीन अक्सिजन जेनेरेसन युनिट सहयोग गरेको थियो ।

## कोरोनाविरुद्ध लड्न भारतलाई अहिलेसम्म ४० देशको सहयोग

नयाँदिल्ली । कोरोनाभाइरसको महामारी विरुद्ध लड्न भारतलाई अहिलेसम्म ४० देशले विभिन्न प्रकारका सहयोग गरेका छन् । महामारीबाट अति नराम्रोसँग प्रभावित भएको भारतलाई ती देशहरुले कोरोनाभाइरसको महामारीविरुद्ध जुध्न आवश्यक पर्ने सामग्रीहरु, उपकरण तथा औषधी पठाएका हुन् । ती सहयोग सामग्रीहरु भारतीय रेडक्रस सोसाइटीमार्फत् भारत सरकारलाई उपलब्ध गराइएको भारतको विदेश मन्त्रालयले जनाएको छ । भारतमा अहिले फैलिएको दोस्रो चरणको महामारीका कारण दैनिक हजारौंको मृत्यु हुने गरेको छ भने लाखौं सङ्क्रमित हुने गरेका छन् । भारतमा मात्रै दुई लाख ७६ हजार ११० जना कोरोनाभाइरसबाट सङ्क्रमित भएका छन् । योसँगै भारतमा कुल सङ्क्रमितको सङ्ख्या दुई करोड ५७ लाख ७२ हजार ४४० पुगेको केन्द्रीय स्वास्थ्य मन्त्रालयले जनाएको छ । सहयोग गर्ने देशहरुमा अमेरिका, रुस, बेलायत, फ्रान्स, जर्मनी, जापानलगायत रहेको पनि विदेश मन्त्रालयका अधिकारीहरुले जानकारी दिएका छन् ।

पत्रकार आचारसंहिता र बालमैत्री सञ्चार निर्देशिकाको पालना गरौं ।

महिला, बालबालिकाका समाचार प्रकाशन र प्रसारण गर्दा सावधानी अपनाऔं ।।

लैंगिक हिंसा सम्बन्धी यौनजन्य व्यवहार, बलात्कार, जबरजस्ती करणीको प्रयास जस्ता अपराधिक घटनाहरु सामाजिक सञ्जाल, सञ्चार माध्यमहरुबाट सार्वजनिक गर्दा गोपनीयता, गाम्भीर्यता र संवेदनशीलताको ख्याल गरी महिला तथा किशोरीहरुको सम्मानित जीवन बाँच्न पाउने अधिकार हनन् हुने किसिमबाट सामग्रीको सम्प्रेषण तथा प्रचार प्रसार नगरौं ।

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना तथा प्रसारण विभाग

## खोप उपलब्ध गराइदिन राष्ट्रपतिद्वारा भारतीय समकक्षीलाई आग्रह

काठमाडौं । राष्ट्रपति विद्यादेवी भण्डारीले कोरोनाविरुद्धको कोभिसिल्ड खोप उपलब्ध गराइदिन भारतीय राष्ट्रपति रामनाथ कोविन्दलाई विशेष आग्रह गरेकी छन् । पहिलो डोज कोभिडसिल्ड खोप लगाएर बसेका नेपाली नागरिकलाई दोस्रो डोजको लागि आवश्यक मात्रा उपलब्ध गराउने कार्यका लागि पहल गरिदिन भारतीय समकक्षीलाई राष्ट्रपति भण्डारीले पत्राचार गरेका हुन ।

नेपालमा २१ लाख १३ हजार जनाले पहिलो डोज कोभिसिल्ड खोप लगाएर दोस्रो डोजको प्रतिक्षामा छन् । भारतले यसअघि २० लाख डोज कोभिसिल्ड खोप नेपाललाई उपलब्ध गराइसकेको छ । बाँकी १० लाख डोज खोप आउन बाँकी छ । विश्वकै ठूलो औषधि उत्पादन कम्पनी सेरम इष्टिच्युटले भारतमै खोपको माग अत्यधिक रहेको जनाउँदै वर्ष २०२१ को अन्त्यबाट मात्र विदेशमा खोप निर्यात गर्ने भनेपछि नेपालले खोप पाउनमा ढिलाई भइरहेको छ । खोपमा ढिलाई भएपछि राष्ट्रपति भण्डारीले आफ्ना समकक्षीमार्फत विशेष पहल गरेकी हुन् । भारतीय समकक्षीलाई पठाइएको पत्रमा राष्ट्रपति भण्डारीले भारतमा कोरोना महामारीबाट भएको मानवीय क्षतिप्रति दुःख व्यक्त गर्दै कोरोनाविरुद्ध आपसी सहकार्य गर्दै मिलेर लड्न आग्रह समेत गरेकी छन् ।

## जिल्ला समाचार

### नाकाका कोरोना परीक्षण रोकियो

वीरगञ्ज । भारतबाट नेपाल प्रवेश गर्ने नेपालीको कोरोना परीक्षण रोकिएको छ । लामो समयदेखि एन्टिजेन किटको अभाव भएपछि वीरगञ्ज महानगरपालिकाले शङ्कराचार्य गेट नजिक स्थापना गरेको हेल्थ डेस्कमा हुँदै आएको परीक्षण प्रभावित भएको छ । दैनिक भारतबाट सो नाका भएर २५ जनाभन्दा बढी नेपाली वीरगञ्ज प्रवेश गर्ने गरेको भए पनि किटको अभावमा कोरोना परीक्षण हुन नसकेको हेल्थ डेस्कका इन्चार्ज सैमुला अन्सारीले जानकारी दिए । उनले यदि कोरोनाको लक्षण देखिएमा जुन जिल्लाको बासिन्दा हुन्छ त्यही जिल्लामा उपचारको लागि पठाउने गरेको बताए । महानगरपालिकाले भन्सार क्षेत्रमा स्थापना गरेको हेल्थ डेस्कमा एन्टिजेन किटको अभाव रहेको जनाएको छ । महानगरपालिकाका मेयर विजय सरावगीले जिल्ला जनस्वास्थ्य कार्यालयले हालसम्म सो किट उपलब्ध नगराउँदा समस्या देखिएको बताए । पिसिआर परीक्षणसमेत हुन नसकेको बताइएको छ । सो हेल्थ डेस्कमा स्वाब सङ्कलनसमेत बन्द छ । त्यस्तै भारतबाट दैनिक १० देखि १५ वटा पिकअप गाडीमा तरकारी आए पनि परीक्षण हुनसकेको छैन ।

### रौतहट र महोत्तरीमा गरी थप १० को मृत्यु

रौतहट । कारोना संक्रमणबाट महोत्तरी र रौतहटमा थप १० जनाको मृत्यु भएको छ । महोत्तरी संक्रमणबाट पाँच र रौतहटमा पनि पाँच जनाको मृत्यु भएको छ । जिल्ला स्वास्थ्य कार्यालय महोत्तरीका अनुसार गौशाला नगरपालिका-५ का ६० वर्षीय पुरुष र वडा नम्बर ४ का ६८ वर्षीय पुरुषकाो मृत्यु भएको छ । यस्तै, बर्दिबास नगरपालिका-१ का ५१ वर्षीय पुरुष, औरही नगरपालिका-४ का ६८ वर्षीय पुरुष र जलेश्वर नगरपालिका-१ की ५० वर्षीया महिलाको कोरोना संक्रमणबाट मृत्यु भएको हो । यस्तै अस्थायी कोभिड अस्पताल गौरमा राजपुर-२ का ७० वर्षीय वृद्धको उपचारको क्रममा मृत्यु भएको छ भने चन्द्रपुरमा वृन्दावन-७ की ४५ वर्षीया महिलाको मृत्यु भएको छ । जिल्ला बाहिर वीरगञ्जमा देवाही गोनाही-१ का ४३ वर्षीय र राजपुर-१ का ४५ वर्षीय पुरुषको मृत्यु भएको छ । यसैगरी परोहा-२ का २४ वर्षीय युवकको भरतपुरमा मृत्यु भएको जिल्ला प्रशासन कार्यालय रौतहटले जनाएको छ । कोरोना संक्रमणका कारण अहिलेसम्म रौतहटका ७१ जनाको मृत्यु भइसकेको छ । यसगरी पछिल्लो २४ घण्टामा रौतहटमा १२ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । गौर अस्पतालको पीसीआर ल्याबमा २०५ जनाको स्वाब परीक्षण गर्दा १२ जनामा संक्रमण पुष्टि भएको हो । योसँगै रौतहटमा संक्रमितको कुल ७५८ पुगेको छ ।

### महंगोमा सामान बिक्री गर्ने व्यापारी पक्राउ

वीरगन्ज । कोरोना महामारी र निषेधाज्ञाका बेला पसल खोलेर बढी मुल्यमा सामान बेचेको आरोपमा प्रहरीले वीरगन्जबाट एकजना व्यापारीलाई पक्राउ गरेको छ । वीरगन्ज १० आदर्शनगरस्थित नगरसभागृह छेउको न्यू पप्पु किराना पसलका सञ्चालक ५० वर्षीय लक्ष्मण पोद्दारलाई प्रहरीले शुक्रबार पक्राउ गरेको हो । पाउरोटी बनाउन प्रयोग गरिने बेकिङ पाउण्डर ५०० ग्रामको बजार मुल्य १०५ रुपैयाँ पर्छ । तर पोद्दारले उक्त सामान ३ सय ८० रुपैयाँमा बिक्री गरेकाले प्रहरीले उनलाई शुक्रबार पसलबाटै प्रहरीले नियन्त्रणमा लिएको हो । कोरोना नियन्त्रणका कारण निषेधाज्ञा लगाइएको बेला बजार बन्द रहेको र त्यहि मौका छोपेर पोद्दारले बढी मुल्यामा सामान बिक्री गरी कालोबजारी गरेको गुनासो प्रहरी कार्यायमा पुगेको थियो । शुक्रबार खटिएको प्रहरी टोलीले न्यु पप्पु किराना पसलमा पुगेर अनुगमन गरेको थियो । त्यस क्रममा ५०० ग्रामको बेकिङ पाउडरको बट्टामा उत्पादकले १०५ रुपैयाँ अंकित गरेकोमा त्यसमा पोद्दारले कालो पोतेर ३ सय ८० लेखेको भेटिएपछि उनलाई पक्राउ गरिएको प्रहरी नायव उपरीक्षक ओमप्रकाश खनालले बताए । पसलबाट १२ पिस बेकिङ पाउडरको डब्बाका साथै पोद्दारलाई नियन्त्रणमा लिएर जिल्ला प्रहरी कार्यालय पर्साको हिरासतमा राखिएको उनले जानकारी दिए ।

### ६ जना लागुऔषध कारोबारी पक्राउ

जनकपुरधाम । महोत्तरीको छुट्टाछुट्टै स्थानबाट नाबालकसहित ६ जना लागुऔषध कारोबारी पक्राउ परेका छन् । पक्राउ पर्नेमा जिल्लाको गौशाला नगरपालिका- ४ का २२ वर्षीय रबिन साह, १५ वर्षीय नाबालक, बर्दिवास नगरपालिका-१२ का ३४ वर्षीय रञ्जन आले, वडा नं. १४ का २८ वर्षीय इन्द्रजित साह सोनार, सिन्धुलीको कमलामाई नगरपालिका-६ का २४ वर्षीय रोशन थापा र सिन्धुलीकै गोलन्जोर गाउँपालिका-५ का रोहित थापा रहेको प्रहरी प्रवक्ता प्रकाश विष्टले जानकारी दिए । चेकजाँचका क्रममा महोत्तरी औरही नगरपालिका-४ कठुधारस्थित सम्सीबाट माईस्थानतर्फ जाँदै गरेको मोटरसाइकललाई चेकजाँच गर्दा रबिन साह र १५ वर्षीय नावालकलाई नियन्त्रणमा लिइएको छ । दुबैजनालाई एक्सिप्लोन १०० एमएलका ६९ बोतल, नाइट्रोभेटको ४५ वटा ट्याब्लेट, एस्पास्मोप्रोक्सिवन प्लस २४ वटा ट्याब्लेटसहित पक्राउ गरिएको हो । अनुसन्धानका क्रममा लागुऔषध बर्दिवासका रञ्जन आलेले मगाएकाले उनलाई समेत नियन्त्रणमा लिएको प्रवक्ता विष्टले जानकारी दिए । त्यस्तै, बर्दिवास नगरपालिका-३ पाटुस्थित लागुऔषध खरिद बिक्री भइरहेको सूचनाको आधारमा इलाका प्रहरी कार्यालय बर्दिवासबाट खटेको प्रहरी टोलीले इन्द्रजित साह सोनार, रोशन थापा र रोहित थापालाई एस्पास्मो प्रोक्सिवन प्लस ४० पिस, कोडेन फोसफेट एन्ड क्लोरफेनिरामाइन माइलेट सिरप १०० एमएलको २५ बोतलसहित नियन्त्रणमा लिएको छ ।

### रौतहटमा प्रहरी र स्थानीयबीच झडप

रौतहट । रौतहटको दुर्गा भगवती गाउँपालिकामा प्रहरी र स्थानीयबासीबीच झडप भएको छ । दुर्गा भगवती गाउँपालिका ३ सदरमुकाम गौर जाने बाटोमा सामान्य विषयलाई लिएर दुई पक्षबीच झडप भएको हो । दुर्गा भगवती ३ का युवक रघुनन्दन झा गौरतिर जान लागेको अवस्थामा इलाका प्रहरी कार्यालय गंगा पिपराका प्रहरी नायब निरीक्षक खड्गबहादुर खड्का र चालक सुनिल पटेलबीच सामान्य विवाद भएको थियो । सामान्य विवादमा प्रहरीले लौरो प्रहार गर्न थालेपछि घटनाले ठूलो रुप लिएको थियो । मोटरसाइकलमा बसेका युवक झालाई सई खडका र चालक यादवले जथाभावी लौरो प्रहार गरेपछि मोटरसाइकल छोडेर भाग्न लाग्दा समातेर लघारीलघारी कुट्न थालेपछि स्थानीयले आक्रोशित भएर प्रहरीमाथि आक्रमण गर्दा दोहोरो झडप भएको हो । झडपमा प्रहरीको संचार सेट फुटनुका साथै वर्दी पनि च्यातिएको थियो । प्रहरी र स्थानीयबीच भएको तनावलाई नियन्त्रण गर्न जिल्ला प्रहरी कार्यालय रौतहटबाट थप प्रहरी आएपछि साम्य भएको थियो । प्रहरी र स्थानीयबीच करिब दुई घन्टा झडप भएको थियो । प्रहरीको कुटाइबाट घाइते भएका युवक झालाई स्थानीय स्वास्थ्य केन्द्रमा भर्ना गरिएको थियो । स्वास्थ्य केन्द्रले युवक झालाई रेफर गरेपछि प्रहरीले स्वास्थ्य केन्द्रका स्वास्थ्यकर्मी संजीव साहलाई नियन्त्रणमा लिएर जिल्ला प्रहरी कार्यालय गौर पुर्‍याएको थियो । गाउँपालिकाको आइसोलेसन प्रमुख डा. साहलाई प्रहरीले अपहरण शैलीमा ज्यादतीपूर्ण तरिकाले लगेपछि पालिकाका स्वास्थ्यकर्मीहरु पनि आन्दोलित भएका थिए । डा. साहको निःशर्त रिहाइका साथै नेपाल प्रहरीले माफी माग्नुपर्ने माग राख्दै विज्ञप्ति निकालेर स्वास्थ्यकर्मीहरुले कामकाज ठप्प पारेका थिए । गाउँपालिका प्रमुख अरुण साहको पहलमा डा. साहलाई प्रहरीको नियन्त्रणमुक्त गरिएको छ । जिल्ला प्रहरी कार्यालय रौतहट प्रमुख एसपि सिद्धिविक्रम शाहले गम्भीर घाइते भनिएका झालाई चोटपटक लागेको तर अवस्था गम्भीर नरहेको बताउँदै सामान्य विषयलाई अतिरंजित बनाएर प्रस्तुत गरिएको बताएका छन् । घटनामा संलग्न चालक सुनिल पटेललाई जिल्लामा तानिसकेको एसपि शाहले बताएका छन् ।

### नेपाल-भारत सीमा नाकामा कडाइ

महोत्तरी । दोस्रो चरणको कोभिड–१९ संक्रमण बढ्दै गएपछि सशस्त्र प्रहरी बल नेपाल छिनमस्ता गण बाहिनी मुख्यालय प्रदेश २ महोत्तरीले नेपाल भारत सीमा क्षेत्रमा कडाइ गरी उच्च सतर्कता अपनाएको छ । भारतीयलाई सीमा क्षेत्रबाट नेपाल भित्रिन नदिन प्रदेश २ का आठ वटै जिल्लाको दक्षिणी भागमा रहेको सीमानाकामा उच्च सतर्कता अपनाई आवतजावतमा कडाइ गरिएको प्रदेश २ का सशस्त्र प्रहरी नायब महानिरीक्षक चन्द्रप्रकाश गौतमले बताए । प्रदेश २ को पूर्वी नाका सप्तरीदेखि पश्चिम पर्साको नाकासम्म ४६४ किलोमिटर सीमा क्षेत्र छ । सो सीमानाकामा ७२ बिओपी र ३९ एफओपिका पोष्ट छन् । ती पोष्टमा तैनाथ सशस्त्र प्रहरीलाई भारतबाट आउने र भारततर्फ जानेलाई कडाइका साथ रोक लगाउन निर्देशन दिइएको डिआजी गौतमले बताए । यस सम्बन्धमा सहयोग गर्न भारतीय समकक्षीसँग नियमित समन्वय गर्ने गरिएको, जथाभावी नेपाल प्रवेश गर्नेलाई फिर्ता पठाउन लगाइएको जनाइएको छ । त्यस्तै जबर्जस्ती प्रवेश गर्नेलाई कारवाही गरिने, सीमा क्षेत्रको आफैं स्वयं नियमित निरीक्षण गर्ने, आपराधिक गतिविधि नियन्त्रण गर्ने, भारतबाट कुनै सामान आउन नदिने जस्ता कार्यगरी सीमा क्षेत्रमा कडाइ गरिएको बताइएको छ ।

### मोटरसाइकल चोरी गर्ने दुई जना पक्राउ

कैलाली । सुदूरपश्चिम प्रदेश सामाजिक विकास मन्त्रालयको सु.प.प्र.०१-००१ ब १७२८ नम्बरको मोटरसाइकल चोरी गरेको अभियोगमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा दाङ तुल्सीपुर उपमहानगरपालिका-९ बस्ने २६ वर्षीय विश्व रोकामगर र कैलाली धनगढी उपमहानगरपालिका-१ डेरा गरी बस्ने दाङ तुल्सीपुर उपमहानगरपालिका-५ घर भएका १६ वर्षीय किशोर रहेका छन् । सोही मन्त्रालयको आवास गृहमा पार्किङ गरी राखेको अवस्थामा उक्त मोटरसाइकल चोरी भएको भन्ने खबर प्राप्त हुनासाथ खटिएको प्रहरीले मगरलाई चोरी भएको उक्त मोटरसाइकल सहित बर्दियाबाट पक्राउ गरी थप अनुसन्धानको क्रममा किशोरको समेत संलग्नता रहेको खुलेपश्चात ती किशोरलाई उनकै डेराबाट पक्राउ गरेको हो । साथै उनीहरुले जेठ ४ गते राति घर अगाडि पार्किङ गरी राखेको दाङ लमही नगरपालिका-५ बस्ने बिजय केसीको भे.१ त १५२६ नम्बरको बलेरो समेत चोरी गरी धनगढी उपमहानगरपालिका-८ स्थित सडकमा पार्किङ गरी राखेको खुलेपश्चात सोमबार प्रहरीले उक्त बलेरो समेत बरामद गरेको छ । थप अनुसन्धानको क्रममा अभियुक्तमध्येका १६ वर्षीय किशोरले २०७६ वैशाख २ गते काठमाडौं महानगरपालिका-४ चप्पलकारखाना बस्ने रमन रेग्मीको बा.७१ प ७६३८ नम्बरको मोटरसाइकल, २०७६ साउन ४ गते दाङ तुल्सीपुर उपमहानगरपालिका-५ बसपार्कस्थित जिबेश नाथ योगीको रा.३ प ९३४९ नम्बरको मोटरसाइकल र २०७६ भदौ १० गते दाङ घोराही उपमहानगरपालिका नारायणपुर बस्ने राम बहादुर खत्रीको लु.१ च २६०३ नम्बरको कार चोरी घटनामा पक्राउ परी अनुसन्धान पूरा भएको थियो । साथै २०७७ जेठ ३ गते कैलाली धनगढी उपमहानगरपालिका-४ उत्तरबेहडीस्थित राजेन्द्र बहादुर मल्लको बा.८ च २१०० नम्बरको कार र २०७७ जेठ ७ गते धनगढी उपमहानगरपालिका-४ उत्तरबेहडीस्थित डा.रविन्द्र भट्टको बा.१४ च ४७८१ नम्बरको कार चोरी घटनामा समेत ती किशोर पक्राउ परी दुवै मुद्दामा जिल्ला अदालत कैलालीबाट १ महिना १५ दिन कैद र ५ हजार रुपैयाँ जरिवाना भई बाल सुधार गृह डोटीमा सजाय भुक्तान गरी छुटेको खुल्न आएको छ ।

कला/साहित्य

कमल मण्डल



# मैथिली संगीत क्षेत्रको महारथी शैलेन्द्र विश्वकर्मा



मिथिला मैथिली र गीत संगीतको कुरा गर्ने हो भने सिनियर कलाकारमध्ये एउटा नाम सबैको मुखमा झुन्डिएको हुन्छ। शैलेन्द्र विश्वकर्मा जसले सुरुको दिनमा ठूलो-ठूलो स्तरीय कार्यक्रम हरुमा हारमोनीयम बादकको रुपमा परिचित थिए। अब मात्र हारमोनियमम नभई संगीत संयोजनदेखि संगीतकारसम्मको सम्पूर्ण काम गर्दे आएका छन्। मैथिली गीत संगीत र सिनेमालाई अगाडि बढाउन उनको योगदान निकै रहेको छ। अहिलेसम्म २२ सय भन्दा बेसी गीतमा आफ्नो संगीतको जादु देखाइसकेका छन्। मिथिलाको नामी गामी गायक गायीका सबैलाई आफ्नो संगीतको गीतमा गाउन अवसर दिएका छन्। दर्जनौं नवआगन्तु गायक गायिका उत्पादन गर्नमा उनको ठूलो योगदान रहेको छ। २०२५ साल बैसाख १५ गते हालको सुरुंगा नगरपालिका वडा नम्वर–७ बसानपटिमा जन्मेका सप्तरीको सान शैलेन्द्र विश्वकर्मा संगीत क्षेत्रमा आफ्नो लगन मेहनत र निरन्तरताको कारण दोहा, कतार, मुम्बई लगायतको ठाउँमा पुगेर आफ्नो कलामा अझ निखार ल्याएका छन्।

पहिलो रेकर्डः छिन्नमस्ता एफ.एम को जिंगल र भजन पहिलो चोटी रेकर्ड गराएका थिए।

एल्बमहरुः प्रेमक डोर, तोहर यादमे, प्रेम भ गेल, मैथिली फिल्मः औकात, नेपालीः पहिलो प्रेम)

अहिले सम्ममाः बाईस सय जति गीतमा सागीत दिएकामध्ये नथिया टुटल सैया खटियापे, घास काट चलु आहा, मुस्की जे मारलौ आहा प्रेमक अंदाजमे लगायतका गीतहरु सुपरडुपर हिट भएका छन्।

किबोर्ड क्यासियो बादकको रुपमे चर्चित रहेका उनी स्टेज कार्यक्रममा हारमोनियम बादकको रुपमा चर्चित रहेर हजारौं स्टेज कार्यक्रमहरुमा आफ्नो प्रस्तुति देखाइसकेका छन्। एउटा कलाकारको पीडा कस्तो हुन्छ विश्वकर्मासँग सिक्नु जरुरी छ अहिलेका नव यूवा कलाकारलाई। टेक्नोलोजीको कारण नवयूवा कलाकारहरु धेरै चिजको अनुभव गरेका हुँदैन। तर शैलेन्द्रजी पुरानो जमानादेखि नव–नव टेक्नोलोजीमा अहिले पनि मन चित लगाएर काम गर्दै आएका छन्। सप्तरीको प.बि.मा.वि.राजविराजमा कार्यरत रहेर पनि आफ्नो समय निकालेर नव–नव गीत र संगीतको श्रृजनामा लागिरहेका हुन्छन्। धेरै जनाले धुरन्धर हारमोनियम बादकको रुपमा पनि विश्वकर्मालाई चिनिन्छन्।

# दुबईमा गठन भयो ‘मधेशी एकता समाज’



काठमाडौं। विभिन्न परियोजनका लागि दुबई (युएई) मा बस्दै आएका मधेशीहरुले "मधेशी एकता समाज" नामक सामाजिक संस्था गठन गरेका छन्। दुबईमा बस्दै आएका मधेशीहरुको सम्पन्न एक भेलाले मुकेश झाको अध्यक्षतामा केन्द्रीय कार्यसमिति गठन गरिएको हो। विदेशमा भएपनि मधेश र मधेशी समुदायका लागि आवाज उठाउने, विभिन्न सुखदुखमा साथ दिने उद्देश्यका साथ यो संस्थाको स्थापना गरिएको अध्यक्ष झाले मधेशवाणीलाई बताएका छन्।

मधेशी हकअधिकारका साथै मधेशको कला, साहित्य, तथा संस्कृति प्रति समर्पित संगठनको पहिलो सभा दुबईमा सम्पन्न भएको हो। साथै मधेशी एकता समाज विश्वव्यापीरुपमा विस्तार गर्दै शाखा कार्यालयहरुसमेत खोलिने उनले जनाए।

समाजको उपाध्यक्षमा लाल बाबु सिंह, कृष्णा ठाकुर, धर्मेन्द्र गोहियार, राम पुकार राउत, आयाज अन्सारी, महासाचिवमा मो शहनबाज हुसैन, कोषाध्यक्षमा अनिलकुमार साह, सचिवमा अमित साह, रोशन देव, मुकेश यादव, राधे यादव, राम साह, दिपेन्द्र पाजियार, मनोज यादव विशेष सचिवमा आई.टी. संयोजक ललित राय, सामाजिक संजाल संयोजक हरिदेब शर्मा, सांस्कृतिक संयोजकमा पप्पु यदाव, युवा संयोजकमा मुकेश जयसवाल रहेका छन्। प्रवक्तामा सन्तोष कुमार ठाकुर चयन भएका छन्। यसैगरी सदस्यहरु प्रमोद ठाकुर, देवेन्द्र मुखिया, दिपु यादव, राम पुकार पासवान, संजिव महर, राम किशोर मण्डल, पन्कज ठाकुर, सागिर साफहि, प्रबिन साह, लगायात छन्। यो संस्था नेपालमा पनि दर्ता गरिने जनाइएको छ।

समाजले मधेशमा बोलिने सबै भाषा, धर्म र जातिलाई समान स्थान दिने, सबै राजनीति विचारधारासँग समदूरी कायम गरेर सहकार्य गर्ने, मूलभूत रुपमा यो संस्था कुनै पनि पार्टी विशेषको विचारधारालाई समर्थन गर्ने वा विरोध नगर्ने अध्यक्ष झाले प्रष्ट पारेका छन्। समाजको मुख्य उदेश्यहरु मधेशमा समाज उत्थानका लागि अग्रगामी जागरण तथा जनचेतना बढाउने कार्यक्रम, मधेशको हकअधिकार सुनिश्चित गर्ने कार्यक्रम, प्राकृतिक अपादामा सहयोग, शिक्षाको प्रवर्धन, सिप विकाश, कृषिमा आधुनिकीकरणमा सहयोग आदि कार्यक्रम गर्ने भनि सङ्गठनका बरिष्ठ सल्लाहकार डा. राबिन्द्र कुमार यादवले जानकारी गराएका छन्।

## ‘भारत र चीनबाट अक्सिजन लगायतका स्वास्थ्य सामग्री आउन थालेका छन्’

काठमाडौं। उपप्रधानमन्त्री तथा कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (सिसिएमसी) का संयोजक ईश्वर पोखरेलले छिमेकी मुलुक भारत र चीनबाट नेपालमा अक्सिजन प्राप्त हुन थालेको बताएका छन्। काठमाडौं महानगरपालिकाको सहयोगमा राधास्वामी सत्संग व्यास, नेपाली सेना, अमेरिका-नेपाल मेडिकल फाउन्डेसनको सहकार्यमा सामाखुसीमा स्थापना भएको थेरापीसहितको अक्सिजन केन्द्रको शुभारम्भ गर्दै उपप्रधानमन्त्री पोखरेलले छिमेकी मुलुकहरू भारत र चीन लगायतका देशबाट अक्सिजन लगायतका स्वास्थ्य सामग्री प्राप्त हुन थालेको बताए।

उनले अक्सिजन र भ्याक्सिनका लागि जतिसुकै बजेट लागे पनि, जुनकुनै प्रक्रियाबाट भए पनि ल्याउने र जनताको जीवन रक्षा गर्न सरकार प्रतिबद्ध रहेको बताए।

उनले भने, ‘अक्सिजन र भ्याक्सिनका लागि जि टू जिबाट लिए पनि, बि टू बि बाट लिए पनि जुनसुकै तरिकाबाट लिए पनि जनताको स्वास्थ्य रक्षा गर्ने पहिलो कुरा हो। त्यसमा जतिसुकै बजेट लागोस्। जहाँसुकै भन्नु परोस्। सरकारको प्राथमिकता हो। अक्सिजन छिमेकी मुलुक भारत सरकारबाट, भारत सरकारका प्रधानमन्त्रीसँग कुराकानी गरेर अहिले प्राप्त हुन थालेको छ। चीनबाट पनि अक्सिजन भरिएका सिलिण्डरहरू हामीले प्राप्त गर्न थालेका छौं। निजी क्षेत्रलाई पनि ल्याउनका लागि जसरी सहजता हुन्छ त्यो सहज गराउन कोसिस गरिन्छ।’

## भारतले बनाएको कोरोनाविरुद्धको औषधि ‘२डीजी’ प्रभावकारी

काठमाडौं। भारतको रक्षा अनुसन्धान विभागले विकास गरेको कोरोना भाइरसविरुद्धको औषधि २डिअक्सी डी ग्लुकोज (२डीजी) औषधि प्रभावकारी हुने देखिएको छ। यो औषधि चाँडै नै बजारमा आउने ठानिएको छ। यो औषधिको खोज पछाडिका हिरो वैज्ञानिक डा. अनिल कुमार मिश्र हुन्। डा. मिश्रले खासगरी मोलिकुलर बायोलोजि र अर्गानिक स्यान्थेसिसमा अनुसन्धान गर्छन्। फ्रान्स, क्यालिफोर्निया, म्याकस प्लेंक, जमर्नीलगायतका देशमा भिजिटिङ प्रोफेसरका रुपमा समेत डा. मिश्रले काम गरिसकेका छन्।

भारतको रक्षा विभागमा वरिष्ठ वैज्ञानिकका रुपमा सन् १९९७ मा डा. मिश्र जोडिएका थिए। २डीजी ग्लुकोज कम्पाउण्ड हो। यसमा भएका दुई हाइड्रोक्जाइल ग्रुप हाइड्रोजन एटमबाट रिप्लेस गरिएको हुन्छ। यसकारण २ डिअक्सी डी ग्लुकोजको अर्थ भनेको दोस्रो स्थानको कार्बनबाट अक्सिजन हटाउनु हो। ग्लुकोज जस्तै डी ग्लुकोज सजिलै शरिरको कोषहरुमा प्रवेश गर्न सक्छ। जहाँ कोरोना भाइरस रहेको हुन्छ। त्यहाँ डी ग्लुकोज पनि पुग्छ। यो औषधि कोरोना भाइरसलाई पनि मार्न सफल भएमा यो औषधि कोरोना विरुद्ध रामवाण सावित हुने विश्वास गरिएको छ। चाँडै नै यो औषधिको उत्पादन बढाइने भएको छ। त्यस्तै भारतको औषधि अनुसन्धान विभागले कोरोना भाइरसको संक्रमण केही मिनटमै थाहा पाउन सकिने कोभिसेल्फ किटलाई पनि अनुमति दिएको छ।

## उत्तर प्रदेश सरकारले अक्सिजन बोक्ने दुई वटा टयांकर दिने

काठमाडौं। भारतको उत्तर प्रदेश सरकारले तरल अक्सिजन ल्याउन नेपाललाई दुई टयांकर दिने भएको छ। भारतबाट तरल अक्सिजनको सहज आपूर्तिको लागि क्रायोजेनिक एवं अन्य अक्सिजन ट्यांकरहरु उपलब्ध गराउन नेपालले भारतलाई आग्रह गरेको थियो। प्रधानमन्त्री एवं मन्त्रीपरिषद् कार्यालयका अनुसार उत्तर प्रदेश सरकारले डी एण्ड टी ट्रेडर्सबाट दुई ट्यांकर आउने टुंगो लागेको छ। भारतले नेपाललाई आवश्यक पर्ने तर अक्सिजन उपलब्ध गराउन थालेको छ। भारतमा कोरोना संक्रमितको संख्या बढेसँगै भारतले आपूर्ती रोकेको थियो र नेपालले सुचारु गर्न पटक पटक आग्रह गरेको थियो।

## आर्थिक समाचार

### नेपाल लाइफको मर्मस्पर्सी सचेतनामूलक भिडियो सार्वजनिक

काठमाडौं। नेपाल लाइफ इन्स्योरेन्स कम्पनीले अहिलेको महामारीलाई मध्यनजर गर्दै मर्मस्पर्सी सचेतनामूलक भिडियो सार्वजनिक गरेको छ। कम्पनीले ‘सचेत बनौ ! करोना विरुद्धको यो लडाई घरमै बसेर लडौं’ भन्ने सन्देश सहितको सांगीतिक भिडियो तयार पारेको हो। यस कोरोना महामारीमा सबैजनाले आ-आफ्नो क्षेत्रबाट योगदान गर्न आग्रह गरेको छ। यो महामारीमा सबैको पीडा उस्त-उस्तै छ र महामारीसँग जुध्न देश साथमा रहेको सन्देश शब्द तथा भिडियोमा उल्लेख गरिएको छ। आफू बाच्ने र अरुलाई पनि बचाउन हामी आफैले सावधानी अपनाउन आग्रह गरिएको छ। भोलीका दिनमा महामारीबाट मुक्त भइ सामान्य अवस्थामा जनजीवन आएपछि फेरी पनि हामी रमाउला भन्ने सन्देश उक्त भिडियोमा देखाइएको छ। भिडियोको अन्त्यमा सचेत बनौ, कोरोना विरुद्धको यो लडाई घरमै बसेर लडौ भनेर कम्पनीले सबैमा अनुरोध गरेको छ। सुनिल कोइरालाको शब्दलाई नेपाल लाइफकै कम्युनिकेसन एण्ड ब्राण्डिङ प्रमुख मेघेन्द्रप्रकाश गिरीको परिकल्पना तथा निर्देशनले उत्कृष्ठ भिडियो बनेको छ। हालको विषम परिस्थितिलाई यथार्थपरक रुपमा प्रस्तुत गरी शब्दलाई भिडियोमा न्याय दिन सफल भएको छ। पुष्कर महतौंको स्वर, सङ्गीत र एरेञ्ज रहेको भिडियोलाई कुमार कटुवाल, प्रकाश गोपाली र रविन घिमिरेले छायांकन गर्नुभएको छ। साथै सन्तोष दवाडीले सम्पादन गर्नुभएको भिडियो अल थ्री मिडिया घर, बागबजारको पोष्ट प्रोडक्सन रहेको छ। उक्त भिडियो पोष्ट प्रोडक्सन प्रमुख पदम तिमल्सिना रहनु भएको छ।

### दुई अस्पतालाई प्राइम बैंकद्वारा अक्सिजन सिलिण्डर सहयोग

धनगढी। हाल विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ महामारीको दोस्रो लहरबाट विगत केही समयबाट मुलुक आकान्त बनेको अवस्थामा प्राइम बैंक लिमिटेडले सुदूरपश्चिमका दुई बैंकलाई अक्सिजन सिलिण्डर सहयोग गरेको छ। विभिन्न अस्पतालहरुमा विरामी शैथ्या, अक्सिजन लगाएत अन्य अति आवश्यक स्वास्थ सामाग्रीहरुको चरम अभाव भई संक्रमित विरामीहरुको उपचार गर्न कठिन भएको परिस्थितिलाई ध्यानमा राख्दै प्राइम बैंकले सहयोग प्रदान गरेको हो। सुदूरपश्चिम क्षेत्रको सेती प्रादेशिक अस्पताल र माहाकाली अस्पताललाई क्रमशः ६० थान तथा ४० थान अक्सिजन सिलिण्डर वितरण गरेको जनाइएको छ। कोभिड-१९ विरुद्धको लडाईमा यस संस्थाको सहयोगलाई निरन्तरता दिने क्रममा हाल कोभिड-१९ का विरामीहरुलाई प्रभावकारी ढंगले उपचार गर्दै आएको वीर अस्पताललाई करिव रु. ३० लाख बराबरको पि.पि.इ सेट, पोर्टेवल अक्सिजन सिलिण्डर, फेस मास्क, सानिटाइजर, अक्सिजन ट्रलि लगाएत विभिन्न स्वास्थ सामग्रीहरु बैंकका संचालक मनोज पौडेलले कोभिड युनीफाइड केन्द्रिय अस्पताल (वीर अस्पताल) का प्रमुख प्रशासकिय अधिकृत डा. जागेश्वर गौतमलाई एक समारोहका बीच हस्तान्तरण गरेका छन्। यस बैंकले कोभिड-१९ विरुद्धको लडाईमा गर्दै आएको सहयोगलाई भविष्यमा समेत जारी राख्ने छ।

## विकसित राजनीति घटनाक्रम नेपालको आन्तरिक मामिला : भारत

काठमाडौं। प्रतिनिधि सभा विघटन र नयाँ निर्वाचन घोषणा लगायत विकसित पछिल्ला राजनीतिक घटनाक्रमलाई भारतले नेपालको आन्तरिक मामिला भएको प्रतिक्रिया दिएको छ। बुधवार नयाँ दिल्लीमा आयोजित नियमित पत्रकार सम्मेलनमा भारतीय विदेश मन्त्रालयका प्रवक्ता अरिन्दम बागचीले नेपालमा विकसित राजनीतिक घटनाक्रमलाई भारतले नजिकबाट नियालिरहेको र ती नेपालको आन्तरिक मामिला भएको बताए। प्रवक्ता बागचीले भने,‘नेपाल आफ्नै लोकतान्त्रिक प्रक्रियाभित्रबाट समस्या समाधान गर्न सक्षम छ भन्ने भारतको विश्वास छ।’ छिमेकी मित्रराष्ट्र भएको नाताले भारतले नेपालको शान्ति, समृद्धि र स्थायित्वको यात्रामा साथ दिने पनि जनाएको छ। प्रतिनिधि सभा विघटन र निर्वाचन मिति घोषणालाई लिएर नेपालमा भारतप्रति आरोप लागिरहेका बेला भारतीय विदेश मन्त्रालयले त्यसको जवाफ दिएको हो।

## कोरोनाबाट निधन भएका कर्मचारीका परिवारजनलाई नियमित तलब दिने

नयाँदिल्ली। टाटा स्टील कम्पनीले भारतमा कोभिड-१९ का कारण निधन भएका आफ्ना कर्मचारीको मासिक तलब परिवारजनलाई निरन्तर प्रदान गर्ने घोषणा गरेको छ। टाटा स्टील कम्पनीमा कार्यरत तथा विश्वव्यापी महामारीका कारण निधन भएका कर्मचारीको उमेर ६० वर्ष नहुँदासम्म उनको आश्रित परिवारका सदस्यलाई नियमित रुपमा तलब, घर तथा स्वास्थ्य सुविधा प्रदान गर्नेछ, टाटा कम्पनीको बजार व्यवस्था शाखाले जनाएको छ। त्यसैगरी कोभिड-१९ का कारण निधन भएका कर्मचारीका सन्तानको स्नातकसम्मको अध्ययन खर्च पनि बेहोर्ने कम्पनीले जनाएको छ। टाटा कम्पनीले उक्त घोषणा सामाजिक सञ्जाल ट्वीटरमार्फत् पनि जानकारी गराएको छ। कम्पनीको उक्त घोषणाको सामाजिक सञ्जालमा धेरैले प्रशंसा गरेका छन्।

## भीम रावलको पुत्ला दहन

वीरगन्ज। भ्रमपूर्ण प्रचार गरी साम्प्रदायिकता भड्काउन खोजेको आरोपमा वीरगन्जमा नेकपा एमालेका नेता भीम रावलको पुतला दहन गरिएको छ। युवा नेता अमिताभ बचन दासको नेतृत्वमा रावलको पुत्ला दहन गरिएको हो। दासले रावलमाथि भ्रमपूर्ण प्रचार गरी साम्प्रदायिकता भड्काउन खोजेको आरोप लगाएका छन्। दासले भने, ‘नेपालको संविधानको भाग २ को धारा १० (१) मा ‘कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित गरिने छैन।’ भन्ने स्पष्ट संवैधानिक व्यवस्थाको बाबजुद पनि नागरिकता प्राप्त गर्न योग्य आफ्नै देशका लाखौं-लाख युवा युवतीहरूलाई विभिन्न बहाना र जालझेलको आडमा अनागरिक बनाइ राख्ने षडयन्त्र विफल पार्न आएको नागरिकता अध्यादेशको विरोध गर्नेहरू मधेस विरोधी हुन्।’ वीरगन्जका सचेत, जागरूक एवं क्रान्तिकारी युवाहरूले कोरोनाको कहरलाई मध्यनजर गर्दै साङ्केतिक रूपमा अध्यादेशको विरोध गर्ने, मदेसलाई बदनाम गराउने सन्की, अराजक, नस्लवादी मानसिकतामा लिप्त भीम रावलको पुतला दहन गरी विरोध जनाएको दासले बताए।

## नेपालमा संवैधानिक शासनका पक्षमा भारत उभिनुपर्छ : पूर्वराजदूत रे

काठमाडौं। नेपालका लागि भारतका पूर्वराजदूत रञ्जित रेले नेपालमा विकसित पछिल्लो राजनीतिक घटनाक्रममा भारत संविधानका पक्षमा उभिउनु पर्ने बताएका छन्। हिन्दुस्तान टाइम्समा प्रकाशित ‘इन काठमान्डु, अ थ्रेट अफ डेमोक्रेसी’ शीर्षकको रेको लेखमा उनले पछिल्लो समय भारतले प्रधानमन्त्री केपी शर्मा ओलीको तानाशाही र अलोकप्रिय सरकारको समर्थन गरिरहेको भन्ने धेरैलाई लागेको उल्लेख गरेका छन्। जनता समाजवादी पार्टीको महन्थ ठाकुर र राजेन्द्र महतो समूहले ओलीलाई गरेको समर्थनले पनि ओलीलाई नयाँदिल्लीको समर्थन रहेको देखिएको रेले उल्लेख गरेका छन्। ‘भारतले सधैं नेपालमा बहुदलीय प्रजातन्त्र र प्रगतिशील परिवर्तनलाई सहयोग गर्दै आएको छ तर यसपालि भारतले तानाशाही र अलोकप्रिय शासनलाई सघाइरहेको धारणा बनेको छ,’ रेले लेखेका छन्। प्रधानमन्त्री ओलीले घोषणा गरेको चुनाव हुन कोरोना महामारीका कारणले कठिन रहेकाले चुनाव नभएपछि नेपाल गहिरो संवैधानिक संकट फसने रेको विचार छ। ‘भारतले सार्वजनिक रूपमा संवैधानिक शासनका पक्षमा उभिएको कुरा राख्नुपर्छ। कुनै एक पक्षीय नभई ओलीदेखि विपक्षी राजनीतिक शक्तिसँग पनि राजनीतिक सम्पर्क जारी राख्नुपर्छ,’ रेले लेखेका छन्।

## दिल्लीमा नेपाली किशोरीको उद्धार

नयाँदिल्ली। कञ्चनपुरबाट गत दुई महिनादेखि हराइएरहेकी एक नेपाली किशोरीलाई भारतको राजधानी नयाँदिल्ली छेउको बदरपुर बोर्डरबाट उद्धार गरिएको छ। दिल्ली क्राइम ब्रान्च, हरियाणा पुलिसले दिल्लीस्थित नेपाली दूतावास र केआई नेपालसँगको समन्वयमा आइतबार साँझ ती १६ वर्षीया किशोरीलाई उद्धार गरेको हो। प्रहरीले उनलाई दुई महिनादेखि ‘बन्धक’ बनाएर राख्ने एक जना भारतीयलाई पनि पक्राउ गरेको छ। प्रहरीले ‘बन्धक’ बनाएर राख्ने ती भारतीयलाई पनि पक्राउ गरेको छ। साथै उनलाई दिल्ली पुर्‍याउनेहरुको समेत प्रहरीले खोजी सुरु गरिसकेको जोशीले जानकारी दिए। जोशीका अनुसार दिल्लीस्थित नेपाली दूतावासको समन्वयमा किशोरीलाई केही दिनमै घर फकाईने छ।

## जसपामा...

सुरेन्द्र यादव, रेणु यादव, रुही नाज, इस्तियाक राई र कलुदेवी विश्वकर्माले पार्टी फोड्ने तयारी गरेका थिए।

अहिले रेणु यादव र डा. सुरेन्द्र यादवमात्रै उपेन्द्रतिर छन्। तर, पूर्वराजपाका महेन्द्र राय यादव, शरतसिंह भण्डारी, निर्जला राउत पनि उपेन्द्रलाई मिलाएर लैजानु पर्ने पक्षमा छन्। ३४ सांसद रहेको जसपमामा रेशम चौधरी र हरिनारायण रौनियार निलम्बनमा छन्। चौधरी पूर्वराजपा र रौनियार पूर्व समाजवादीका सांसद हुन्।

**मूल मुद्दाबाट डाइभर्ट**

पार्टीको विवाद उत्कर्षमा पुगेर स्पष्टीकरणको दोहोरी चलिरहँदा पछिल्लो समय दुवै अध्यक्षबीच केपी ओली नेतृत्वको सरकारलाई किन सघाएको र किन नसघाएको विषय मूल ‘मुद्दा’ बनेको छ । दुवै नेताले मधेश आन्दोलनको मूल ‘मुद्दा’ छोप्नेगरी मधेशले सरोकार नै नराखेको मुद्दामा अल्झिएका छन्।

उपेन्द्र यादव मधेश विद्रोहका नायकको रुपमा चिनिन्छन्। २०६३ सालमा भएको पहिलो माघे मधेश विद्रोहको नेतृत्व यादवले गरेका थिए। उनको नेतृत्वमा त्यसपछि पनि दुई वटा आन्दोलनहरु २०६४ र २०७२ सालमा भए। तीन वटा आन्दोलनको नेतृत्वकर्ता यादव र दुई वटा मधेश आन्दोलनमा सहभागी ठाकुर नेतृत्वको पार्टी एकीकरण भई जनता समाजवादी पार्टी गठन भएको हो। एउटै मुद्दाका लागि दुई वटा अलग पार्टी भएर संघर्ष गर्दा शक्ति क्षय हुने भन्दै एक भएको वर्ष दिन पूरा नहुँदै नेताहरुबीच मन मुटाव सुरु भएको छ।

जसपा भित्र विकसित भएको घटनाक्रमलाई नियाल्दा तत्कालिन नेकपा (माओवादी केन्द्र- नेकपा एमाले) फुट्नुअघिको दृश्य प्रष्ट देखिन्छ। राजनीतिक विश्लेषकहरुका अनुसार अहिले देखिएको दृश्य अझै प्रष्ट हुन अझै केहि समय प्रतिक्षा गर्नुपर्ने हुन्छ। ठाकुरसहितका नेताहरु ओली नेतृत्वको सरकारमा मन्त्रीको सपथ खाएपछि जसपामा चलिरहेको आरोपको दोहोरी अन्त हुनेछ।





# मिथिला दर्शन

टीभी कार्यक्रम हेर्न नभुल्नु होला।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुनः प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ।

**विशेष जानकारीका लागि सम्पर्क**

**मोबाइल : ९८४३१४६४८८**

**कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि**

Email : bsmedia65@gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **रामर** ... कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : mad ... gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं